नेपालको संविधानले प्रत्याभूत गरेको क्षतिपूर्ति सहितको न्यायको अवधारणा र संहिता कानूनहरूले अपराध पीडितको लागि क्षतिपूर्ति भराउने सम्बन्धमा गरेका व्यवस्थाहरूको कार्यान्वयनको लागि क्षतिपूर्ति निर्धारणका वस्तुगत मानकहरूको विकास गर्नुपर्ने देखिन्छ। कसूरको प्रकृतिका आधारमा के कति क्षतिपूर्ति निर्धारण गर्ने, फैसलाको क्रममा भराई पाउने ठहरेको क्षतिपूर्ति कहिले र कसरी भराउने, क्षतिपूर्ति भराउदा अदालत वा सम्बद्ध निकायको कसको जिम्मेवारी हुने भन्ने जस्ता पक्षहरूमा व्यवहारिक मापदण्डहरूको विकास गर्न

आवश्यक देखिएको छ। न्यायमा सबैको समान पहुँच कायम गर्न क्षतिपूर्ति निर्धारण र क्षतिपूर्ति भराईदिने सम्बन्धमा हाल भएको अभ्यास समेतका आधारमा सो विधि र प्रक्रिया निर्धारण गर्न आवश्यक रहेकोले सो को अध्ययन प्रयोजनका लागि प्रस्तुत विषय छनौट गरिएको छ।

## १.२ अध्ययन समूहको गठन

यस प्रतिष्ठानको अनुसन्धानसम्बन्धी कार्यसञ्चालन नीति, २०७२ को नीति (४) बमोजिम गठित अनुसन्धान समितिको मिति २०७९।०८।१५ गतेको निर्णय बमोजिम **"फौजदारी मुद्दामा क्षतिपूर्ति निर्धारणसम्बन्धी कानून, अभ्याससम्बन्धी विश्लेषण र चुनौती र सुधारका सिफारिसहरू"** विषयमा निम्न सदस्यहरू रहेको अध्ययन समूह गठन गरिएको छ।

- माननीय न्यायाधीश श्री टेक नारायण कुँवर, न्यायाधीश/फ्याकल्टी — संयोजक
- श्री भद्रकाली पोखरेल, सहरजिष्ट्रार, सर्वोच्च अदालत — सदस्य
- श्री कविता सिलवाल, प्रशिक्षण व्यवस्थापन अधिकृत — सदस्य

## १.३ समस्याको कथन

- फौजदारी मुद्दामा अपराध पीडितको क्षतिपूर्ति निर्धारण हकका सम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेको, सोको कार्यान्वयनको अवस्था कस्तो रहेको र सो सम्बन्धमा देखिएका समस्या तथा चुनौतिहरू के छन् ?

## १.४ अनुसन्धानको उद्देश्य

प्रस्तुत अनुसन्धानको उद्देश्य देहाय बमोजिम रहेका छन्।

- नेपालको फौजदारी न्याय प्रणालीमा अपराध पीडितलाई प्रदान गरिएको क्षतिपूर्तिसम्बन्धी हकको संवैधानिक तथा कानूनी व्यवस्था विश्लेषण गर्नु।
- फौजदारी मुद्दामा क्षतिपूर्ति निर्धारण तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा भएका न्यायिक दृष्टिकोणको अध्ययन र विश्लेषण गर्नु।
- क्षतिपूर्ति निर्धारण गर्दा देखिएका समस्याहरूको पहिचान गरी थप प्रभावकारी बनाउने उपायहरूको सिफारिस गर्नु।

## १.५ समस्याको पहिचान

संविधान, संहिता लगायत विभिन्न कानूनले पीडितको क्षतिपूर्तिसम्बन्धी हकलाई सुनिश्चित गरेको छ। पीडितलाई समाजमा पुनःस्थापना गर्न सहज हुने उद्देश्यका साथ क्षतिपूर्तिको व्यवस्था गरिएको हो। अभियुक्तले गरेको कार्यबाट पीडितलाई पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन गरी निजलाई नै उत्तरदायी बनाउने हेतुले

पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कानूनी व्यवस्था गरिएको हो। यसको लागि अनुसन्धान तथा अभियोजनको क्रममा अभियुक्तको सम्पत्ति विवरण खुलाउने, पीडित प्रभाव प्रतिवेदन पेश गर्नु पर्ने, अन्तरिम क्षतिपूर्ति माग गर्नु पर्ने लगायतका पीडितमैत्री कानूनी व्यवस्थाहरू निर्धारण गरिएका छन्। यद्यपि क्षतिपूर्ति भराउने गरी फैसला भएकोमा पनि पीडितले क्षतिपूर्ति प्राप्त गर्न नसकी ताकेता गरिराख्नुपरेको अवस्था, क्षतिपूर्ति बापत प्राप्त गर्ने रकम पनि न्यून रहेको स्थिति तथा क्षतिपूर्ति भराउन अदालतको सक्रियताभन्दा पीडित नै अघि सर्नुपर्ने कानूनी व्यवस्था र क्षतिपूर्ति प्राप्त गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने संयन्त्र विकास नभएको, पीडितले पीडित राहत कोषमा जम्मा भएको रकमबाट समेत क्षतिपूर्ति प्राप्त गर्ने हुँदा उक्त कोषको व्यवस्थापन तथा बजेटमा समस्याहरू देखिएका छन्। त्यसैले क्षतिपूर्ति निर्धारण तथा उपलब्धतामा देखिएका समस्याहरू पहिचान गरी सुझाव दिनु उपयुक्त देखिएकोले सोसम्बन्धी अध्ययन गर्न प्रस्तुत अनुसन्धान गर्न लागिएको छ।

## १.६ अनुसन्धानको क्षेत्र र सीमा

(क) यस अध्ययनमा अपराध पीडितलाई दिइने क्षतिपूर्तिसम्बन्धी हकका सम्बन्धमा भएका कानूनी व्यवस्थाहरूको अध्ययन गरी हाल देखिएका समस्याहरूको विश्लेषण गरिनेछ। यो अनुसन्धान मुलुकी फौजदारी संहिता, २०७४ को अनुसूची १ अन्तर्गतका सरकारवादी फौजदारी कसूरहरुः जबरजस्ती करणी, ज्यानसम्बन्धी कसूर तथा मानव बेचबिखनसम्बन्धी कसूरका मुद्दाहरूमा सीमित रही अध्ययन केन्द्रित गरिएको छ।

(ख) माथि उल्लेखित फौजदारी कसूरहरूमा क्षतिपूर्ति निर्धारण र भराउने प्रवृत्तिको अध्ययन गर्न वाञ्छनीय भएकोले सात प्रदेशबाट मुद्दाको कार्य बोझ बढी भएका एक एक जिल्ला अदालत र सम्बन्धित जिल्लाको पुनरावेदन लाग्ने उच्च अदलातबाट भएका फैसलामा अध्ययनमा  सीमित रहेको छ। साथै, उल्लिखित मुद्दाहरूमा जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म पुगी अन्तिम किनारा लागेका फैसलाको समेत अध्ययन सीमीत रहेको छ।

(ग) उल्लिखित फैसलाहरू मुलुकी संहिताहरू लागू भएपछि अर्थात् २०७५ साल भाद्र १ गतेदेखि २०७९ साल असार मसान्तसम्मको अवधीमा छनौट गरिएका मुद्दामा भएका फैसलाहरूमा केन्द्रीत रही अध्ययन गरिएको छ।

## १.७ अनुसन्धान विधि

यस अध्ययनमा सरकारवादी फौजदारी मुद्दामा क्षतिपूर्ति निर्धारण सम्बन्धमा विद्यमान संवैधानिक एवम् कानूनी व्यवस्था र सोको अभ्याससँग सम्बन्धित प्राथमिक तथा गौण तथ्याङ्कको प्रयोग गरिनेछ। प्राथमिक तथ्याङ्कको लागि प्राथमिक आधिकारी स्रोत (Primary Authoritative Source) रूपमा संविधान, ऐन, कानून, फैसलाहरू लगायतलाई प्रयोग गरिनेछ र गौण तथ्याङ्कको लागि गौण स्रोत (Secondary Source) को रूपमा अनुसन्धानको

विषयवस्तुसँग सम्बन्धित पुस्तक, लेख, विभिन्न कार्यालयबाट प्रकाशित प्रकाशन, प्रतिवेदनहरूबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गरिएको छ। साथै, निर्धारित विषयवस्तुमा आधारित रही विश्लेषणात्मक अध्ययन ढाँचामा अनुसन्धान गरिएको छ।

अनुसन्धानको लागि देहायका कसूरसम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको अध्ययन गरिएको छ।

(क) जबरजस्ती करणीसम्बन्धी कसूर,

(ख) कर्तव्य ज्यानसम्बन्धी कसूर र

(ग) मानव बेचबिखनसम्बन्धी कसूर

मानव बेचविखनसम्बन्धी कसूरको अध्ययन गर्दा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गत चलाइएका मुद्दालाई लिई अध्ययन गरिएको छ। उल्लिखित विषयका मुद्दाको फैसला संकलनको लागि प्रत्येक प्रदेशबाट देहाय बमोजिमको एक जिल्ला तथा सम्बन्धित उच्च अदालत छनौट गरिएको छ।

**तालिका नं. १**

**छनौट गरिएका अदालत**

| क्र. सं. | प्रदेश | अदालत |
|---|---|---|
| १. | कोशी प्रदेश | उच्च अदालत विराटनगर |
| | | मोरङ जिल्ला अदालत |
| २. | मधेश प्रदेश | उच्च अदालत जनकपुर |
| | | धनुषा जिल्ला अदालत |
| ३. | बागमती प्रदेश | उच्च अदालत पाटन |
| | | काठमाडौं जिल्ला अदालत |
| ४. | गण्डकी प्रदेश | उच्च अदालत पोखरा |
| | | कास्की जिल्ला अदालत |
| ५. | लुम्बिनी प्रदेश | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| | | रूपन्देही जिल्ला अदालत |
| ६. | कर्णाली | उच्च अदालत सुर्खेत |
| | | सुर्खेत जिल्ला अदालत |

| | | |
|---|---|---|
| ७. | सुदूरपश्चिम प्रदेश | उच्च अदालत दिपायल |
| | | कैलाली जिल्ला अदालत |

यस अध्ययनमा उल्लिखित तीन वटै मुद्दामा क्षतिपूर्ति निर्धारण तथा पीडितलाई क्षतिपूर्ति भराएको सम्बन्धमा छनौट गरिएका जिल्ला अदालत तथा उच्च अदालतबाट भएका फैसलाहरूको अध्ययन र प्रवृतिको विश्लेषण गरिएको छ। साथै, उल्लिखित तीन वटै मुद्दामा जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्मको फैसलामा अध्ययन गरी सो मुद्दामा क्षतिपूर्ति निर्धारण तथा पीडितलाई क्षतिपूर्ति भराएको सम्बन्धमा अदालती प्रवृतिको समेत विश्लेष्ण गरिएको छ।

प्रस्तुत अध्ययन गर्दा Random sampling मार्फत मुद्दा छनौट गरिएको छ। यस सन्दर्भमा छनौट गरिएका सबै अदालतबाट प्राप्त मुद्दा नं. को सूचीलाई आधार लिई सर्वोच्च अदालतको बेभसाइटबाट (https://supremecourt.gov.np/cp/) फैसलाहरू डाउनलोड गरी अध्ययन गरिएको थियो। यस सन्दर्भमा उल्लिखित मुद्दाका पहिले छनौट गरिएको सूचीका आधारमा फैसला डाउनलोड गरी अध्ययनको लागि फैसला छनौट गर्दा केही मुद्दामा वारदात निर्धारित समावधि अगाडि भएको र उल्लिखित मुद्दामा सफाई दिइएको फैसलाहरू छनौट गरिएको छैन। साथै, केही फैसला अपलोड नभएको, केहीमा मुद्दा नं. एकै भएपनि अर्को मुद्दाको फैसला अपलोड गरिएको र केहीमा पूर्ण फैसला अपलोड नभएको अवस्थाका कारण सबै अदालतबाट फैसला छनौट गर्दा करिव पाँच सय मुद्दाहरू हेरिएको थियो। यसरी हेरिएको मध्ये देहाय बमोजिमको अदालतबाट देहाय बमोजिमको संख्यामा फैसला छनौट गरी अध्ययन गरिएको छ।

**तालिका नं. २**

**छनौट भएका मुद्दा संख्या**

| क्र. सं. | अदालत | मुद्दा संख्या |
|---|---|---|
| **क.** | **छनौट भएका जबरजस्ती करणीसम्बन्धी मुद्दा** | |
| १. | सात जिल्ला अदालत | ७० |
| २. | सात उच्च अदालत | ४१ |
| ३. | सर्वोच्च अदालत | १७ |
| | **जम्मा** | **१२८** |
| **ख.** | **छनौट भएका कर्तव्यसम्बन्धी मुद्दा** | |
| १. | सात जिल्ला अदालत | ६७ |
| २. | सात उच्च अदालत | ३७ |
| ३. | सर्वोच्च अदालत | ७ |
| | **जम्मा** | **१११** |

| ग. | छिनौट भएका मानव बेचबिखनसम्बन्धी मुद्दा | |
|---|---|---|
| १. | सात जिल्ला अदालत | ३५ |
| २. | सात उच्च अदालत | २२ |
| | जम्मा | ५७ |
| | कुल जम्मा | २९६ |

### १.८ अनुसन्धानको संरचना

अपराध पीडितलाई क्षतिपूर्ति दिने सन्दर्भमा भएका कानूनी व्यवस्था, न्यायिक अभ्यास तथा देखिएका समस्याहरूको बारेमा अध्ययन गरी अनुसन्धान प्रतिवेदन तयार गरिनेछ। प्रस्तुत अनुसन्धानलाई निम्न परिच्छेदमा विभाजन गरिनेछ।

**पहिलो परिच्छेद**मा विषयवस्तुको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको क्षेत्र र सीमा, अनुसन्धान विधि र अनुसन्धानको संरचना राखिएको छ।

**दोश्रो परिच्छेद**मा अनुसन्धानसम्बन्धी पूर्ववत् सामग्रीहरूको पुनरावलोकन गरिने छ। यस अन्तर्गत लेख रचना, पुस्तक र अनुसन्धान प्रतिवेदनको अध्ययन गरिएको छ।

**तेस्रो परिच्छेद**मा क्षतिपूर्तिसम्बन्धी विकासक्रम, आधारभूत सिद्धान्त र प्रयोग अन्तर्गत क्षतिपूर्तिसम्बन्धी विकासक्रम, पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्त, केही मुलुकको अभ्यास लगायतका विषयहरू समावेश गरिएको छ।

**चौथो परिच्छेद**मा क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था अन्तर्गत क्षतिपूर्तिसम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाहरू समेटिएको छ।

**पाँचौं परिच्छेद**मा संकलित फैसलाहरूको अध्ययन तथा प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ।

**छैटौं परिच्छेद**मा अध्ययनको निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद २

# अनुसन्धानसम्बन्धी पुर्ववत् सामग्रीहरूको पुनरावलोकन

## २.१ यौन हिंसा पीडितसँग गरिने सोधपुछ प्रक्रिया र संवेदनशीलता[५]

यस लेखमा पीडितको बयान कागज कसरी गराउने र हाम्रो अभ्यास कस्तो रहेको छ भन्ने विषयमा विश्लेषण गरिएको छ। पीडितको बयान लगायतका कागज लिँदा अपनाउनुपर्ने संवेदनशीलतालाई चित्रण गरिएको छ। यौनिक हिंसामा परेका पीडितहरूले उपयुक्त पीडितमैत्री वातावरणमा आफ्ना भनाई राख्ने अवस्था सिर्जना गरिएमा मात्र खुलस्त र नढाँटिकन अनुसन्धान अधिकृतलाई आफू पीडित भएको घट्नबारे बताउन सक्ने बताउदै पीडितको हक हित र संरक्षणमा केही दृष्टिकोण राखेको पाइन्छ।

साक्षी संरक्षणकको सन्दर्भमा सर्वोच्च अदालतले गरेको आदेश कार्यान्वयनको प्रयाससम्बन्धी यस लेखमा पीडित तथा साक्षी संरक्षणको अदालती अभ्यास तथा कार्यान्वयनमा देखिएका समस्या लगायतका बारेमा बोलेको पाइन्छ।[६] हालको कानूनी व्यवस्थाको बारेमा यस पुस्तकमा केही समावेश भएको नदेखिदा यसलाई तत्समयको अवस्था चित्रण गर्न सहयोग लिन सक्ने नै देखिन्छ।

## २.२ मानव मर्यादा र संरक्षणसम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण[७]

यस पुस्तकमा रहेका लेख रचनाहरूले मानव बेचबिखन तथा ओसारपसार, जबरजस्ती करणी, जातीय तथा अन्य छुवाछुत तथा भेदभावसम्बन्धी कसूरका सम्बन्धमा भएका कानूनी व्यवस्थाहरूको विश्लेषण गर्नुका साथै यसको स्थितिको चित्रण गरेको छ। यस लेखले प्रस्तुत विषयहरूमा सर्वोच्च अदालतबाट भएका नजीरहरूको अध्ययन पनि गरेको छ। यस पुस्तकलाई सन्दर्भ सामग्रीको रूपमा लिई अध्ययन प्रतिवेदनको स्रोतमा लिन सकिन्छ। यद्यपि क्षतिपूर्ति निर्धारणका सन्दर्भमा लेख आफै केन्द्रित भएको नरहेकोले अध्ययन प्रतिवेदनले यसलाई समेटनेछ।

## (ग) अपराध पीडित तथा साक्षीको सहायता र संरक्षणको वर्तमान अवस्था र सुधार क्षेत्रहरू[८]

यस लेखमा फौजदारी न्याय प्रणालीमा पीडित संरक्षणमा भएका कानूनी व्यवस्थाहरू अन्तराष्ट्रिय अभ्यास लगायत सान्दर्भिक नजीरहरू राखी अध्ययन गरिएको छ। प्रस्तुत लेख रचनाले अपराध पीडित तथा साक्षीको सहायता र संरक्षणको सम्बन्धमा समेटेका विषय वस्तुलाई अध्ययनको क्रममा समिक्षा गरिनेछ

---

५ पूर्वपाद २, पृष्ठ १३ ।

६ पूर्वपाद १, पृ ७७।

७ महान्यायिधवक्ताको कार्यालय, २०७७।

८ नेपालको अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, महान्यायिधवक्ताको कार्यालय, २०७३, पृ. ६३।

# परिच्छेद ३

# क्षतिपूर्तिसम्बन्धी विकासक्रम, आधारभूत सिद्धान्त र प्रयोग

## ३.१ अपराध पीडितको क्षतिपूर्तिसम्बन्धी विकासक्रम

पीडितको क्षतिपूर्तिसम्बन्धी व्यवस्था ऐतिहासिक दस्तावेजहरूमा पनि रहेको पाउन सकिन्छ। प्राचिन बेबिलोनीया(Babylonia) हम्मुराबी कोड (Code of Hammurabi) ले "If a man has committed robbery and is caught, that man shall be put to death. If the robber is not caught, the man who has been robbed shall formally declare what he has lost . . . and the city . . . shall replace whatever he has lost for him. If it is the life of the owner that is lost, the city or the mayor shall pay one maneh of silver to his kinsfolk." (Sections 22-24)" भनी लेखिएको पाइन्छ जसअनुसार यदि कसैको घरमा चोरी भएको छ र यदि चोर पक्राउ परेको छैन भने राज्यले उसलाई क्षतिपूर्ति दिने व्यवस्था गरेको पाइन्छ।

मध्य बेलायतको पहिलेको कमन ल अनुसार यदि कोही व्यक्तिको हत्या भएको भए उसको परिवारलाई ४ पाउन्ड Wergild (हानीको क्षतिपूर्ति तथा ब्लड फ्युड रोक्नको निमित्त दिइने रकम) दिने चलन रहेको र बिस्तारै सो क्षतिपूर्ति पीडितको केही विचार नै नगरी राज्य ले उठाउने जरिवाना मा परिणत गर्ने चलन सुरू भएको विभिन्न लेखकहरूको भनाई रहेको पाइन्छ।

As Marvin Wolfgang noted in 1965: "The victim of a crime has historically and almost universally enjoyed the right to reparations. This right was confiscated by the state in the form of fines without due consideration for the victim"

बेलायतका जेरेमी बेन्थामको पनि अपराध पीडितको क्षतिपूर्तिको विकासमा विशेष योगदान रहेको मानिन्छ। उनको एक तर्क यसप्रकार रहेको छ ""Has a crime been committed? Those who have suffered by it, either in their person or their fortune, are abandoned to their evil condition. The society which they have contributed to maintain, and which ought to protect them, owes them, however, an indemnity when its protection has not been effectual." (6) The thinking was that a person's natural right to avenge wrongs done to him or her should be subordinated to society's larger interest in serving as the individual's protector from harm, or, failing that, as the instrument of consistent and fair-minded justice. Still, society may not justly "steal" one's natural right of self-protection or vengeance, but rather it must either perform as a protector or pay as avenger."

जसअनुसार उनले के अपराध भएको छ? जसले यसको पीडा भोगेका छन् तिनीहरूलाई त्यही खराब स्थितिमा छाडिन्छ। जुन समाजलाई उनीहरूले कायम रहन योगदान दिएका छन्, र जसले तिनीहरूलाई संरक्षण गर्नुपर्छ, उसले त्यससम्बन्धी केही गर्न सकेको छैन। समाज तथा राज्यले व्यक्तिहरूबाट उनीहरूको आत्मरक्षा तथा बदलाको प्राकृतिक अधिकार खोस्न हुन्न र ती अधिकारको संरक्षकको रूपमा वा क्षतिपूर्ति प्रदान गर्ने कार्य गर्नु पर्दछ भनी आफ्नो राय व्यक्त गरेका छन्।

उनको यस तर्कलाई पूर्ण रूपमा अंगिकार नगरेपनि अपराध पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धमा उनको यो विचार एउटा आधारको रूपमा विकसित भएको देखिन्छ जसबाट पीडितले न्यायको अनुभुति गर्न पाएका छन्।

अपराध पीडितलाई क्षतिपूर्ति दिनुपर्छ भन्ने धारणा को पछाडी स्वयं पीडित कै सर्वोत्तम हितलाई केन्द्रित गरेको पाइएको छ जसका कारण उनीहरू आर्थिक रूपमा सबल रहुन सक्छन्। आर्थिक पक्षमा मद्दत हुनासाथ धेरै हदसम्म उनीहरूको क्षति को पुर्ति भएको अनुभव पीडितले गर्ने भन्ने पनि एक प्रकारको धारणा रहेको पाइन्छ।

अपराध पीडितको क्षतिपूर्तिसम्बन्धी एक अर्को धारणा पनि रहेको पाइन्छ जसअनुसार यदि राज्यले पीडितलाई क्षतिपूर्ति दिन सक्यो भने उनीहरू स्वयं न्याय प्रणालीमा सहभागी भई अपराधको सूचना दिने, अनुसन्धानमा सहयोग पुर्याउने जस्ता प्रक्रियामा समावेश हुन्छन् जसले गर्दा सिंगो न्याय प्रणालीलाई नै फाइदा पुग्न जान्छ। तर यस धारणामा अपेक्षित परिणाम आउन नसकेको देखिन्छ, किनकी सुरूवाती चरणमा पीडितहरू प्रहरी मा जाहेरी दिई प्रक्रियामा सहभागी भएपनि पछिसम्म त्यो सहभागिता कायम नरहेको भन्ने आलोचना पनि हुने गरेको देखिन्छ।

यसरी अपराध पीडितको क्षतिपूर्तिको विकासक्रम हेर्दा यसका दुई उद्देश्य भएजस्तो देखिन्छः

- पीडितको पीडाको लागि प्रतीकात्मक सामाजिक मान्यताको स्रोतको रूपमा रहनु।
- पीडितहरूलाई न्यायपूर्ण, द्रुत र न्यायसंगत कानूनी उपचार उपलब्ध गराउनु।

## ३.२ पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्त

पीडितलाई क्षतिपूर्ति भर्ने भराउने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय सातौं कंग्रेसबाट सन १९८५ मा शक्तिको दुरूपयोग र अपराधबाट पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्र जारी भएको पाइन्छ। यस आधारभूत सिद्धान्तको कार्यान्वयनको लागि निर्देशिका समेत तयार पारिएको छ। यस आधारभूत सिद्धान्तमा अपराध पीडित तथा शक्तिको दुरूपयोगको परिभाषा गरिनुका साथै पीडितका मुख्य चार प्रकारका अधिकारहरू संरक्षित हुनुपर्ने मान्यता अघि सारिएको छ, जो निम्न प्रकार छन्ः

(क) न्यायमा सहज पहुँच एवम स्वच्छ न्यायको अधिकार,

(ख) अपहरित एवम नोक्सान भएको सम्पत्तिको पुनप्राप्ती, पुनरुस्थापना वा पीडकबाट क्षतिपूर्ति भराई पाउनेसम्बन्धी अधिकार,

(ग) पीडकबाट पुनरुस्थापना वा क्षतिपूर्ति दिलाउन नसकिएको अवस्थामा राज्यबाट क्षतिपूर्ति पाउने अधिकार,

(घ) मौलिक, स्वास्थ्य उपचार, मनोवैज्ञानिक एवम सामाजिक सहयोगसम्बन्धी अधिकार।

अपराध पीडितका उपर्युक्त अधिकारहरू मध्ये क्षतिपूर्ति भराइ पाउने अधिकार अझै बढी महत्वपूर्ण छ। संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तमा उल्लिखित यो अधिकार विना कुनै भेदभाव पीडितहरूलाई प्रत्याभूति गरिनु आवश्यक छ। यसैगरी अन्तरदेशीय संगठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि २०००[९] को दफा २५ र मानव बेचविखन विशेष गरी महिला र बालबालिकाको बेचविखन रोक्ने, नियन्त्रण गर्ने र सजाय गर्नेसम्बन्धी आलेख २०००[१०] को दफा ६ मा बेचविखनमा परेका पीडितहरूको सहयोग र संरक्षणसम्बन्धी प्रावधानहरू उल्लेख भएको पाइन्छ। त्यसैगरी यसै विषयसंग सम्बन्धित युरोपेली महासन्धि, १९८३ ले पीडितलाई पुग्न गएको भौतिक क्षतिको क्षतिपूर्ति दिलाउने सम्बन्धमा महत्वपूर्ण व्यवस्था गरेको पाइन्छ।[११] यसका अतिरिक्त UN Convention on the Elimination of All forms of Discrimination against Women, 1979 अनुसार स्थापित **CEDAW** को General Recommendation No. 35 on Gender-based Violence Against Women, 2017 को प्रकरण ४६ मा "Reparation should include different measures, such as monetary compensation and the provision of legal, social and health services including sexual, reproductive and mental health for a complete recovery, and satisfaction and guarantees of non-repetition…Such reparations should be adequate, promptly attributed, holistic andproportionate to the gravity of the harm suffered" भनी उल्लेख गरिएको छ।

त्यसैगरी सोही समितिको General Recommendation No. 33 on Women's Access to Justice, 2015 को प्रकरण १९ मा "On provision of remedies, the Committee recommends that State parties: (a) Provide and enforce appropriate, timely remedies for discrimination against women and ensure that women have access to all available judicial and non-judicial remedies; (b) Ensure that remedies are adequate, effective, promptly attributed, holistic andproportional to the gravity of the harm suffered. Remedies should include, as appropriate, restitution (reinstatement); compensation (whether provided in the form of money, goods or services); and rehabilitation (medical and psychological care and other social services)" भन्ने प्रावधान राखिएको पाइन्छ।

UN Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power1985 को प्रकरण १२ मा "When compensation is not fully available from the offender or other sources, States should endeavor to provide financial compensation to: (a) Victims who have sustained significant bodily injury or impairment of physical or mental health as a result of serious crimes; (b) The family, in particular dependents of persons who have died or become physically or mentally incapacitated as a result of such victimization." भनी उल्लेख गरिएको छ।

---

९ Transnational Organized Crime, 2000.

१० Protocal to Prevent, Supress and Punish Trafficking in Person, Especially Women and Children, Suplimenting the United Nations Convention Against Transnational Organized Crime, 2000.

११ हिंसात्मक अपराध पीडितहरूका लागि क्षतिपूर्ति गर्नेसम्बन्धी यूरोपेली महासन्धि १९८३ को व्याख्यात्मक प्रतिवेदन, पृष्ठ १।

त्यसैगरी उक्त लिखतको प्रकरण १३ मा "The establishment, strengthening and expansion of national funds for compensation to victims should be encouraged. Where appropriate, other funds may also be established for this purpose, including in those cases where the State of which the victim is a national is not in a position to compensate the victim for the harm." भन्ने उल्लेख भएको पाइन्छ।

यसका अतिरिक्त Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT) 1984 को धारा १४ मा पनि "Each State Party shall ensure in its legal system that the victim of an act of torture obtains redress and has an enforceable right to fair and adequate compensation, including the means for as full rehabilitation as possible" भनिएको छ।

साथै UNCAT को General Comment No. 3 को Para 3 मा "The right to prompt, fair and adequate compensation for torture or ill-treatment und er article 14 is multi-layered and compensation awarded to a victim should be sufficient to compensate for any economically assessable damage resulting from torture or ill-treatment, whether pecuniary or non-pecuniary" भनी पीडितलाई पुग्न गएको आर्थिक एवं गैर आर्थिक क्षतिको समेत आँकलन गरी सबै प्रकारका क्षति वापत क्षतिपूर्ति प्रदान गर्नु पर्दछ भनी थप जोड प्रदान गरिएको छ।

त्यस्तै फौजदारी कानून र कार्यविधि अन्तर्गत पीडितको स्थानसम्बन्धी सुझाव नं. (R 84० मा पीडितहरूको संरक्षणको आवश्यकताको क्षेत्र विस्तार गर्दै शारीरिक, मनोवैज्ञानिक भौतिक एवम सामाजिक रूपमा क्षति भएको पीडितहरूको आवश्यकतालाई फौजदारी न्यायिक कारवाहीको हरेक चरणमा उच्च प्राथमिकताका साथ विचार गरिनुपर्दछ भन्ने सुझाव प्रस्तुत गरिएको छ।[१२] जसमा भनिएको छः "फौजदारी न्याय प्रणालीबाट पीडितको समस्या कम गर्ने भन्दा पनि समस्या बढाउने काम भएको छ। त्यसैले पीडितको आवश्यकताको परिपूर्ति तथा उनीहरूको हितको संरक्षण गर्नु तथा फौजदारी न्याय प्रणाली प्रति पीडितको विश्वास जगाउनु र खासगरी साक्षीको रूपमा अदालतमा उपस्थित भई सहयोग गर्न प्रोत्साहित गर्नु पनि उत्तिकै महत्वपूर्ण छ।" पीडितको क्षतिपूर्ति समेतका अधिकारका सम्बन्धमा डा.शंकरकुमार श्रेष्ठले आफ्नो पुस्तक पीडित विधिशास्त्रमा विस्तृत व्याख्या गर्दै क्षतिपूर्ति सोधभर्ना बारे निम्न बमोजिम उल्लेख गरेको पाइन्छ[१३]: "क्षतिपूर्ति वा सोधभर्ना भनेको कसुरदारबाट मात्र आर्थिक रूपमा असुल गर्नुपर्छ भन्ने तथाकथित पुरातन मान्यताबाट मुक्त हुनुपर्ने हुन्छ। निःसन्देह कसुरदार क्षतिपूर्तिको दायित्वबाट कदापी मुक्त हुन सक्दैन। तर यदि क्षतिपूर्ति वा सोधभर्ना गर्न कसुरदार आर्थिक रूपमा सक्षम छैन भने के पीडितहरू क्षतिपूर्ति पाउनुपर्ने हकबाट बञ्चित हुनुपर्ने हो तर कसुरदार क्षतिपूर्ति भरताल गर्न आर्थिक रूपमा सदैव सक्षम हुने गर्दछ भन्ने भ्रम हामीले पालेर राख्न हुँदैन। पीडितहरू भनेको अपराधीका नभएर राज्यका नागरिक हुन् भन्ने न्यूनतम मान्यताबाट हामी विचलित हुनु

---

[१२] प्रस्तावनाको दोश्रो, तेश्रो, पाँचौं र सातौं परिच्छेद।

[१३] डा.शंकरकुमार श्रेष्ठ, पीडित विधीशास्त्र, पैरवी प्रकाशन, काठमाडौं, प्रथम संस्करण (२०६२) पृ.८७, ८९।

हुँदैन। क्षतिपूर्ति सम्बन्धमा अन्य सशक्त कानूनी उपचारको व्यवस्था लागू गर्न नसकिए सम्म हाललाई क्षतिपूर्तिको वैकल्पिक तर सहि उपचार भनेको अदालती फैसलाबाट घोषित दण्ड जरिवानालाई क्षतिपूर्तिमा रूपान्तरण गर्नु हो। दण्ड जरिवानालाई राज्यको श्रोत मान्ने कानूनी संस्कारलाइ नियमितता प्रदान गरिनु हुन्न।"

अपराधका पीडित पक्षलाई जुनसुकै माध्यमबाट क्षतिपूर्ति दिलाउने प्रकृयालाई हानीपुरण (Restitution) भनिन्छ। समाजशास्त्रीहरूको अभिमत अनुसार "Restitution is a positive measure and particularly appropriate for use in respect of Juvenile offenders. The rational for the restitution programme is that the offender is make to recognize his responsibility to victim, it maintains the dignity of the offender unlike in presionment, it saves the society and the offender from the deterious effect of incarceration and aboveall, it contributes to a sense of justice."[१४] भनी यसको महत्वमाथि प्रकाश पारिएको छ। पीडितलाई उपलव्ध गराउनुपर्ने क्षतिपूर्ति पिडकले तिर्न नसक्ने अवस्था भएमा सो दायित्व राज्यप्रति रहन जान्छ। राज्यको पीडित पक्ष प्रतिको यस्तो दायित्व निम्न लिखित आधारमा पुष्टि गर्न सकिन्छ।

- राज्य एक संगठित संस्था हो। यसले आन्तरिक सुरक्षाको निम्ति प्रहरी र वाह्य सुरक्षाको निमित्त सेना तैनाथ गरेको हुन्छ। राज्य नागरिकहरूकै शक्ति र सहयोगले चलेको हुन्छ। सामाजिक सम्झौताको सिद्धान्तको हिमायतिहरू राज्यलाई नागरिकहरूले आफ्नो मौलिक हकको केही अंश सुम्पेर यो संस्था संगठित हुन पुगेको बताउँछन्। प्रत्येक नागरिकले सुम्पेको शक्ति नै संगठनात्मक रूपमा संप्रभु हो। अतः राज्यको प्रमुख कर्तव्य नागरिकलाई शान्ति सुव्यवस्था प्रदान गर्नु हो। अपराध हुन गएका अवस्थामा राज्यको सुरक्षा प्रवन्ध नै दोषी ठहरिने भएकोले राज्यले पीडित पक्षलाई राहत दिनु उसको नैतिक जिम्मेवारी भित्र पर्दछ।
- आधुनिक राज्यलाई लोक कल्याणकारी संस्था पनि मानिन्छ। अर्थात् राज्यले गरिव, अनाथ अपांग, पिछडिएका व्यक्तिको उत्थान गर्ने लक्ष्य राखेको हुन्छ। सामाजिक उन्नतिको निमित्त हुनेबाट लिएर नहुनेमाथि वितरण गर्नु उसको अर्को प्रमुख कार्यपद्धति हुन आउँछ। अपराधमा कसुरदारले कानून पालना गरी बसेका निर्दोष नागरिकमाथि अत्याचार गर्न पुगेको हुन्छ। यस्तो स्थितिमा कसुरदारलाई दण्डका अतिरिक्त क्षतिपूर्ति गर्न बाध्य गराउनु र कसुरदारले क्षतिपूर्ति दिन नसकेमा आफ्नो तर्फबाट क्षतिपूर्ति दिलाउनु राज्यको जिम्मेवारी भित्रै पर्न जाने कुरा हुन्।
- नागरिकले राज्यलाई कर तिरेको हुन्छ। राज्यको खर्च त्यही करका माध्यमबाट चलेको हुन्छ। राज्यबाट शान्ति सुरक्षा कै अपेक्षामा नागरिकले राज्यलाई आफ्नो मिहिनेतको केही अंश करको रूपमा तिर्ने प्रक्रियामा विमा कम्पनीलाई आफ्नो जीउ ज्यानको सुरक्षाको निमित्त तिरिने प्रिमियम भन्दा कुनै

---

[१४] V.N.Rajan, Victimology in India : An Introductory Study, p.79 .

रूपमा फरक छैन। अतः अपराध भएपछि राज्यबाट पीडित पक्षले क्षतिपूर्ति या राहतको अपेक्षा गर्नु स्वाभाविक देखिन्छ।

माथि उल्लिखित राष्ट्रसंघीय सिद्धान्तको परिच्छेद १२ मा पिडक वा अन्य श्रोतबाट पर्याप्त क्षतिपूर्ति पीडितले प्राप्त गर्न नसकेमा राज्यले निम्न अवस्थाका पीडितहरूका लागि क्षतिपूर्ति उपलव्ध गराउनुपर्छ भनी उल्लेख गरेको छ। युरोपेली सन्धि १९८३ ले अन्य श्रोतबाट पीडितले क्षतिपूर्ति प्राप्त गर्न नसकेमा राज्यबाटै त्यस्ता पीडितको क्षतिपूर्ति गर्नुपर्ने भनी राज्यकै दायित्व तोकिएको पाइन्छ। सो सन्धि अन्तर्गत निम्न दुई प्रकारका पीडितहरूले क्षतिपूर्ति प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ।[१५]

(क) प्रत्यक्ष रूपमा मनसाययुक्त हिँसात्मक अपराधको कारणबाट गम्भीर शारीरिक चोट वा स्वास्थ्यमा क्षति पुगेका व्यक्तिहरू,

(ख) मनसाययुक्त हिँसात्मक अपराधको कारणबाट मृत्यु भएका व्यक्तिका आश्रित व्यक्तिहरू।

यस सम्बन्धमा बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३ (२) मा States Parties undertake to ensure the child such protection and care as is necessary for his or her well-being, taking into account the rights and duties of his or her parents, legal guardians, or other individuals legally responsible for him or her, and, to this end, shall take all appropriate legislative and administrative measures भन्ने उल्लेख भएको पाइन्छ। सोही महासन्धिको धारा १९ मा States Parties shall take all appropriate legislative, administrative, social and educational measures to protect the child from all forms of physical or mental violence, injury or abuse, neglect or negligent treatment, maltreatment or exploitation, including sexual abuse, while in the care of parent(s), legal guardian(s) or any other person who has the care of the child भन्ने उल्लेख गरी पक्ष राष्ट्रहरूलाई बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नुपर्ने दायित्व तोकिएको छ।

बाबुआमा, कानूनी संरक्षक वा अन्य व्याक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकामाथि हुने सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, शोषण, यौन दुर्व्यवहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनु पर्ने गरी दायित्व तोकेको पाइन्छ। नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो दायित्वबाट विमुख हुन मिल्ने देखिँदैन।

त्यसैगरी European Forum for Victim Services ले जघन्य अपराधबाट पीडितउपर भएको शारीरिक तथा आर्थिक क्षतिको तत्काल पुर्तालको लागि अपराधी पत्ता नलागे पनि सार्वजनिक कोषबाट पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गर्नको लागि आफ्ना सदस्य राष्ट्रहरूलाई अनुरोध गरेको देखिन्छ। Council of European

[१५] हिँसात्मक अपराध पीडितहरूका लागि क्षतिपूर्ति गर्नेसम्बन्धी यूरोपेली महासन्धि १९८३ को धारा २।

Convention on the Compensation of Victims of Violent Crimes, 1988 को निर्माण गरेको छ, जसले अपराध पीडितहरूको राहत तथा क्षतिपूर्तिको लागि विभिन्न किसिमका मापदण्डहरूको निर्माण गरेको छ।

## ३.३ केही मुलुकको अभ्यास

अपराध पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने क्रममा विभिन्न देशमा आआफ्नै परिवेस अनुसारको कानूनी विधि अपनाएको पाइन्छ। उदाहरणको रूपमा केही मुलुकको अभ्यास तल प्रस्तुत गरिन्छः

क्यानाडामा Crime Victim Compensation सम्बन्धमा विभिन्न व्यवस्था रहेको पाइन्छ। The Ontario Compensation for Victims of Crime Act, 1990 ले Criminal Injuries Compensation Board को स्थापना गरेको छ। पीडितलाई उक्त बोर्डले तोकेबमोजिमको क्षतिपूर्ति दिने गरिन्छ। संयुक्त राज्य अमेरिका र अस्ट्रेलियामा मिल्दोजुल्दो व्यवस्था रहेको छ। अमेरिकाका धेरैजसो संघीय राज्यहरूमा अपराधीहरूलाई लगाइएको जरिवाना तथा शुल्क एउटा अपराध पीडित कोष (Crime VictimsÚ Fund) मा जम्मा हुने र उक्त कोषको रकम अपराध पीडितहरूलाई दिइने क्षतिपूर्तिको लागि प्रयोग गर्ने गरिएको पाइन्छ।

बेलायतको अभ्यास हेर्दा अपराधबाट पीडितको क्षतिपूर्तिको सम्बन्धमा Criminal Injuries Compensation Authority जिम्मेवार रहेको देखिन्छ। सन् १९९६ देखि अपराध पीडितलाई तोकिएको रकम क्षतिपूर्ति स्वरूप राज्यको तर्फबाट दिन थालियो। अपराधको कारणले पीडितलाई AIDS हुन गएमा बढी क्षतिपूर्ति दिने गरेको पाइन्छ। बेलायतले सन् १९९० मा European Convention on Victims of Violent Crimes को अनुमोदन गरिसकेको छ। यस मुलुकमा विशेष सार्वजनिक क्षतिपूर्ति कोषको रूपमा Foundation for Assisting Victims of Crime स्थापना गरेको पाइन्छ। त्यहाँ जघन्य अपराधबाट पीडितलाई अदालतबाट त्यस सम्बन्धमा अन्तिम निर्णय भइनसकेको अवस्थामा पनि आपतकालिन आर्थिक सहयोग प्रदान गरिने व्यवस्था रहेको पाइन्छ।

भारतमा अपराध पीडितको क्षतिपूर्तिलाई भारतीय संविधानको धारा २१ अन्तर्गत बाँच्न पाउने हक र स्वतन्त्रताको हकको अभिन्न अंशको रूपमा मान्यता दिइएको छ। भारतमा जबर्जस्ती करणीसमेतका अपराधहरूमा राज्यले समेत क्षतिपूर्ति दिने गरेको देखिन्छ। अपराधबाट पीडितको क्षतिपूर्तिसम्बन्धी जापानको कानूनी व्यवस्था र अभ्यास उल्लेखनीय रहेको छ। सोसम्बन्धी व्यवस्था Crime Victim Assistance Act ले गरेको छ। जापानमा पीडितले प्रतिवादीबाट एवम सरकारबाट क्षतिपूर्ति पाउने व्यवस्था छ। पीडितलाई सरकारले प्रदान गरेको क्षतिपूर्तिको रकम सरकारले प्रतिवादीबाट असुल उपर गर्ने व्यवस्था रहेको छ। Western Australia मा The Criminal Injuries Compensation Act, 2003 को आधारमा पीडितले क्षतिपूर्तिको दावी गर्न पाउने देखिन्छ।

उल्लिखित विभिन्न मुलुकहरूको व्यवस्था, अभ्यास एवम विवेचना समेतको आधारमा पीडितलाई दिइने क्षतिपूर्तिको रकम के कसरी जुटाउने भन्ने सन्दर्भमा अन्तराष्ट्रिय स्तरमा निम्न दुईवटा विधिहरू अवलम्बन गरिएको देखिन्छः

(क) अपराधीबाट भराइने शुल्क तथा जरिवानाबाट पीडितलाई क्षतिपूर्ति भराइने।

(ख) सरकारी बजेटबाट स्थापना गरिएको कोषको रकमबाट पीडितलाई क्षतिपूर्ति भराइने।

## ३.४ पीडितलाई क्षतिपूर्ति किन आवश्यक छ?

हिँसात्मक अपराधबाट पीडितहरूको निम्ति क्षतिपूर्ति दिलाउने सम्बन्धमा भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रिय कानूनी व्यवस्थाहरू राष्ट्रको निम्ति बाध्यात्मक नभएतापनि ती व्यवस्था राज्यहरूको लागि मार्गदर्शकको रूपमा रहनेमा कुनै दुविधा छैन। यिनै सैद्धान्तिक आधारमा अपराध पीडितले भोग्नुपरेका समस्याहरूको सम्बन्धमा पीडितमुखी न्यायलाई उचित किसिमबाट प्रतिनिधित्व गर्ने गरेको पाइन्छ। न्यायकर्ता लगायतका कानून कार्यान्वयन तहमा रहेका अधिकारीहरूले पीडितहरूको संरक्षणसम्बन्धी यस्ता अन्तर्राष्ट्रिय कानूनी अभ्यासहरूलाई सकारात्मक रूपमा व्यहारमा उतार्नु वाञ्छनीय हुन आउँछ। खासगरी न्यायकर्मीहरूले अपराध पीडितहरूमा पर्न सक्ने असर केवल शारीरिक चोट र सम्पत्तिको क्षतिमा मात्र सिमित नभई आर्थिक उपचार प्राप्त गर्न र गुमेका आफ्ना चिजवस्तु प्राप्त गर्न लाग्ने समयको समेत आंकलन गर्नुपर्दछ।

यसका अतिरिक्त मनोवैज्ञानिक रूपमा पीडितमा अविश्वासको भावना, आघात, डर र रिस एवम् हिनताबोधको भावना समेत रहेको हुन्छ। समुदायका सदस्यहरूले यस्तो अपराधलाई आफ्नै अनुभूतिको आधारमा प्रतिक्रिया जनाउने र पीडितले आफु समाजको कलंक भन्ठान्ने मनोभावनात्मक हिनताबोध गर्ने स्थिति आउने हुँदा राज्यको तर्फबाट अझै जिम्मेवार भएर पीडितको अविस्मरणीय घाउमा सान्त्वना प्रदान गर्न पनि क्षतिपूर्तिसम्बन्धी प्रावधानलाई प्रभावकारी रूपमा लागू गरिनुपर्दछ।

यसरी अपराध पीडितहरूको संरक्षण गर्नु राज्यको दायित्व हो भने त्यसरी संरक्षण प्राप्त गर्नु पीडितको अधिकारको कुरा हो। मुद्दाको अनुसन्धान, तहकिकात, अभियोजन र सम्पूर्ण कारवाहीको क्रममा देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, प्रतिज्ञापत्र एवम् घोषणापत्रले प्रदान गरेका पीडितको हक अधिकारहरूको प्रचलन गर्दा हरसम्भव संरक्षण हुने प्रवन्ध गरिनु आवश्यक छ। तसर्थ अपराध पीडितहरूलाई फौजदारी न्याय प्रणालीबाट विमुख हुन नदिन फौजदारी न्याय प्रणालीसंग सम्बद्ध निकाय र पदाधिकारीहरूले पीडित प्रति सम्मान व्यक्त गर्दै उनीहरूको सरोकार, आवश्यकता र हितप्रति संवेदनशील रहनुपर्दछ।

आज आधुनिक फौजदारी न्याय प्रणालीमा आपराधिक कार्यबाट प्रत्यक्ष पिडा पुगेको व्यक्ति वा उसमाथि आश्रित परिवारको हक अधिकारलाई संरक्षित गर्नेतर्फ भन्दा स्वच्छ सुनुवाईको नाउँमा अभियोग लागेका व्यक्तिको हक अधिकारको संरक्षण गर्नेतर्फ बढी उन्मुख रहेको भन्ने पनि पीडित केन्द्रित न्यायका

पक्षपातिहरूको व्यापक जन गुनासो रहेको छ। तर अभियुक्तको स्वच्छ सुनुवाईको अधिकार पनि त्यत्तिकै महत्वपूर्ण छ। त्यसलाई नजरअन्दाज गर्न कदापि हुँदैन। यसैको पृष्ठभूमिमा पछिल्लो समयमा केही पीडितशास्त्रीहरूले सजाय निर्धारणमा पीडितको भूमिका समेत खोज्न थालेको पाइन्छ।

सजाय निर्धारण प्रकृयामा पीडितको कस्तो भूमिका हुनुपर्दछ? भन्ने सम्बन्धमा अमेरिकामा The Crime Victims Rights Act, 2004 ले पीडितको क्षतिपूर्तिसम्बन्धी अधिकार लगायतका विभिन्न अधिकारहरूको घोषणा गरेको पाइन्छ। कतिपय मुलुकमा त अपराधबाट पीडितमाथि पर्ने प्रभावसम्बन्धी विवरण (Victim impact statement) समेत प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था गरेको पाइन्छ।

यस पद्धतिमा पीडितलाई अपराधी व्यक्तिले गरेको अपराधबाट निज पीडितमाथि शारीरिक, मानसिक, भावनात्मक र आर्थिक रूपमा पर्ने तात्कालीन र दुरगामी प्रभावहरू बारे समिक्षा गरिन्छ। तर त्यस्तो प्रभावसम्बन्धी समिक्षा गर्दा प्रकृयागत स्वच्छता (Procedural fairness) को सम्मान गर्नुपर्दछ भन्ने सिद्धान्त रहेको छ। अमेरिकी अभ्यासमा सवै संघीय राज्यमा सजाय निर्धारणको समयमा पीडित व्यक्तिमाथि पर्ने प्रभावसम्बन्धी विवरण पेश गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। अझ त्यहाँ त पीडितमाथि पर्ने प्रभावसम्बन्धी लिखित विवरण उपलव्ध छैन भने त्यस्तो अवस्थामा अदालतले पीडितलाई सजाय निर्धारणसम्बन्धी सुनुवाईमा उपस्थित भई आफ्नो तर्क राख्न आमन्त्रित गर्ने प्रचलन रहेको छ। यो एउटा बहुतै महत्वपूर्ण कार्यविधि हो। यदि पीडित अदालतमा उपस्थित हुन नसकेमा Victim impact video समेत प्रस्तुत गर्ने प्रचलन रहेको छ।

# परिच्छेद ४
# क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था

## ४.१ परिचय

कुनै पनि कसूरमा पीडकको कसूरजन्य कार्यबाट पीडितलाई पुग्न गएको भौतिक, शारीरिक वा मानसिक क्षति वा नोक्सानी बापत सो क्षति वा नोक्सानीको पूर्तिको रूपमा दिइने हर्जाना, मुआब्जा, सोधभर्नालाई क्षतिपूर्तिको रूपमा बुझिन्छ। पीडितको हक, अधिकार, सुरक्षाका अलावा यिनीहरूलाई क्षतिपूर्ति दिलाउनुपर्ने कुरालाई विश्वव्यापी रूपमा स्वीकारिदै आएको छ। खास गरी संवेदनशील प्रकृतिका मुद्दाका पीडितहरू जस्तैः मानव बेचबिखन तथा ओसारपसार, जबरजस्ती करणी, घरेलु हिंसा लगायतका मुद्दामा अदालतले क्षतिपूर्ति भराउने गरेको छ। पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस् वा नहोस्, अपराधको अभियोजन होस् वा नहोस्, अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनःस्थापना (Rehabilitation) तत्काल हुनुपर्ने एवम् त्यस्तो क्षतिपूर्ति र पुनस्थापन राज्यले नै गर्नुपर्ने[१६] हुन्छ।

## ४.२ अन्तराष्ट्रिय कानूनी व्यवस्था

### (क) अख्तियारको दुरूपयोग र अपराध पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५

संयुक्त राष्ट्र संघले १९८५ मा जारी गरेको यो घोषणापत्र नै पीडित संरक्षणको पहिलो अन्तर्राष्ट्रिय दस्तावेज हो। यसभन्दा अगाडि पीडित संरक्षणको विषयमा अन्तर्राष्ट्रिय जगतमा कुनै ध्यान पुग्न सकेको थिएन। यस घोषणापत्रले मूलभूत रूपमा पीडितका अधिकारको बारेमा निम्नलिखित सिद्धान्तहरू प्रतिपादन गर्दै तिनलाई पीडितको अधिकारको रूपमा संरक्षण हुनु पर्ने मान्यता राखेको छ। विशेषतः यस घोषणाको धारा ८, ९, १०, ११, १२, १३ र धारा १४ ले पीडितलाई पुनस्थापना, क्षतिपूर्ति तथा सहायताको व्यवस्था गरेको छ। पीडितको न्यायसम्बन्धी अधिकारहरू निम्न बमोजिम छन्

- न्यायमा सहज पहुँज र स्वच्छ व्यवहारको अधिकार।
- पीडकबाट क्षतिपूर्ति वा सोधभर्ना नपाएको भए राज्यबाट पाउने अधिकार।
- भौतिक, स्वास्थ्योपचार र सामाजिक सहयोगको अधिकार।

### (ख) अभियोक्ताको भूमिकासम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शन, १९९०

यस मार्गदर्शनले मानव अधिकारको विश्वव्यापी घोषणापत्रले अँगालेका कानूनको अगाडि समानता, स्वच्छ तथा स्वतन्त्र एवं सक्षम न्यायाधिकरणद्धारा न्याय पाउने सिद्धान्तलाई न्याय प्रशासनसँग सम्बन्धित सङ्गठनले वास्तविकतामा परिणत गर्नका लागि आवश्यक कार्य गर्ने जिम्मेवारी हुने उल्लेख गरेको छ। यसमा

[१६] लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार, नेकाप २०७२, ज्येष्ठ, नि.नं. ९३४६।

अभियोक्ताको भूमिका पनि महत्वपूर्ण रहने उल्लेख छ। जसअनुसार अभियोक्ताले फौजदारी न्याय प्रणालीमा प्रभावकारी भूमिका खेल्नुपर्ने, अपराधको अनुसन्धानमा कानूनसँग सापेक्ष हुने गरी सुपरिवेक्षण गर्नुपर्ने, मानव मर्यादाको सम्मान र संरक्षण गर्नुपर्ने, पीडितका व्यक्तिगत हितमाथि असर परेको अवस्थामा तिनका विचार र सरोकार उपर मध्यनजर गर्ने र पीडितका अधिकारका विषयमा अपराधका पीडित तथा शक्तिको दुरूपयोगका पीडितसम्बन्धी घोषणापत्र बमोजिम उनीहरूका अधिकारका बारेमा सुसूचित गर्नुपर्ने, अभियुक्तका अलावा पीडितका अधिकारको सम्मान गर्नुपर्ने जस्ता विषय रहेका छन्।

### (ग) अन्तरदेशीय सङ्गठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००

यस महासन्धिको धारा २४ र २५ ले अपराधबाट पीडित तथा साक्षीको संरक्षण र सहयोग सम्बन्धमा पक्ष राष्ट्रले उचित उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ। जसअनुसार पक्ष राष्ट्रले उक्त महासन्धिले समावेश गरेका अपराधसँग सम्बन्धित मुद्दाको न्यायिक कारवाहीका सिलसिलामा बकपत्र गर्ने साक्षीको प्रभावकारी संरक्षणका उपाय अवलम्बन गर्नुपर्ने हुन्छ।

### (घ) महिला विरूद्धको सबै प्रकारको सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, १९७९

यस महासन्धीको धारा २४ ले महिलाको अधिकार प्राप्तिको लागि राज्यले नै राष्ट्रियस्तरमा आवश्यक उपायहरू अवलम्बन गर्न सकिने व्यवस्था गरेको हुँदा क्षतिपूर्ति निर्धारण गर्ने व्यवस्था पनि यसभित्र समावेश हुने नै देखिन्छ। प्रस्तुत महासन्धिद्वारा मान्यता दिईएका अधिकारहरूको पूर्ण प्राप्तितर्फ लक्षित सबै आवश्यक उपायहरू राष्ट्रिय स्तरमा अवलम्वन गर्न पक्ष राष्ट्रहरू कबुल गर्दछन्।

### (ङ) बाल अधिकारसम्बन्धी महासन्धी, १९७९

समाजको मूलभूत समूहको रूपमा रहेका बालबालिकाको विकास तथा कल्याणका लागि तिनीको संरक्षण गर्ने, बालबालिकालाई कानूनी संरक्षण लगायत विशेष संरक्षण गर्न र बालबालिकाको जीवनस्तर सुधार गर्ने उद्देश्यका साथ यो महासन्धि जारी गरिएको हो। यस महासन्धिको धारा ३९ ले स्पष्ट रूपमा क्षतिपूर्तिको व्यवस्था नगरेता पनि क्षतिपूर्ति सम्बन्धमा समेत लागू हुने किसमले समुचित उपाय अवलम्बन गर्न सक्ने व्यवस्था गरेको छ। पक्ष राष्ट्रहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण वा दुर्व्यबहार, यातना वा अन्य कुनै पनि प्रकारको क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय वा सशस्त्र संघर्षबाट पीडित कुनै पनि बालबालिकाको शारीरिक, मनौवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापना प्रवर्धन गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। यस्तो पुनर्लाभ र पुनस्थार्पना त्यस्ता बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र प्रतिष्ठा प्रवर्धन गर्ने वातावरणमा हुनेछ।

## ४.३ राष्ट्रिय कानूनी व्यवस्था

नेपालको संवैधानिक विकास क्रम हेर्दा न्यायसम्बन्धी हक यस अघिका संविधानले पनि अंगिकार गरेको भएता पनि पीडितलाई न्याय प्रणालीको केन्द्रमा राखी अपराध पीडितको हक सुनिश्चित गरेको यो पहिलो पटक हो। आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाहीसम्बन्धी जानकारी पाउने हक प्रत्याभूत गर्दै पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने[१७] र राज्यले कानून बनाएर कार्यान्वयनमा ल्याउने व्यवस्था गरेको देखिन्छ।

विगतमा नेपालको कानूनमा क्षतिपूर्तिसम्बन्धी व्यवस्था विभिन्न ऐन महलमा छरिएर रहेको थिए।[१८] हाल क्षतिपूर्तिसम्बन्धी व्यवस्था अधिकांश कसूरजन्य कार्यमा समेटिएको पाइन्छ। अपराधबाट पीडिलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति बापत पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था गरी पीडितको हक हितको संरक्षण गर्न तथा संविधानले व्यवस्था गरेको अपराध पीडित हक कानून बमोजिम कार्यान्वयन गर्न हाल नेपालमा मुलुकी अपराध संहिता,२०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले केही व्यवस्था गर्नुका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ जारी भएको छ।

मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ एवम अपराध पीडित संरक्षण ऐन, २०७५ लागू हुनुभन्दा पहिला नेपालमा सबै अपराधका अपराध पीडितहरूको क्षतिपूर्ति, उद्धार र पुनर्स्थापनाजस्ता हक संरक्षणको विषयलाई प्रभावकारी ढंगले कानूनी रूपमा सम्बोधन गरिएको अवस्था थिएन। त्यतिबेला केही ऐनहरूमा मात्र त्यससम्बन्धी प्रबन्ध गरिएको पाइन्छ, जुन यस प्रकार छन्ः

### ४.३.१ क्षतिपूर्ति सम्बन्धमा विगतको कानूनी व्यवस्था

मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ एवम अपराध पीडित संरक्षण ऐन, २०७५ लागू हुनुभन्दा पहिला नेपालमा अपराध पीडितहरूको क्षतिपूर्ति, उद्धार र पुनरुस्थापना जस्ता पीडितहरूको संरक्षणको विषयलाई छुट्टै

---

[१७] नेपालको संविधानको धारा २१।

[१८] मुलुकी ऐन, किर्ते कागजको ७नं., लुटपिटको ३नं.; ठगीको महलको ७नं.; चोरीको महलको २१७नं.; आगो लगाउनेको महलको १०७नं.; अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२७नं.; कुटपिटको महलको ३, ६ ,१४ (क), २५, २५(क)नं.; जीउ मास्ने बेच्ने महलको दफा ३ नं.; आशय करणी; जबरजस्ती करणीको महलको ८ नं., बालयौन दुराचार (पेडोफियल ९क)., लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेको विषयमा परेको उजुरीको प्रारम्भिक छानविनबाट स्वास्नीलाई तत्काल वा मुद्दा किनारा नहुँदासम्म संरक्षण दिन अदालतले लोग्नेको नाममा आदेश जारी गर्न सक्नेछ। (जबर्जस्ती करणीको महलको ९ख.नं.), क्षतिपूर्ति जबर्जस्ती करणीको महलको १० नं.; पीडितमैत्री वातावरण (जबर्जस्ती करणीको १०नं.); केही सार्वजनिक )अपराध र सजाय (ऐन, २०२७ को दफा ६; घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६; मानव बेचविखन तथा ओसारपसार नियन्त्रण (ऐन, २०६४)।

कानूनी रूपमा सम्बोधन गरिएको अवस्था थिएन। केही ऐनहरूमा मात्र त्यससम्बन्धी प्रबन्ध गरिएको पाइन्छ, जुन यस प्रकार छन्ः

- **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

केही मात्रामा भएपनि क्षतिपूर्ति बारे सम्बोधन गर्ने ऐनको रूपमा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई लिन सकिन्छ। यस ऐनमा पीडितहरूको पुनस्र्थापना गर्न एउटा कोषको व्यवस्था गरेपनि यस ऐनमा भएको अन्तिम संशोधन अघिसम्म पीडितलाई क्षतिपूर्ति सो कोषबाट प्रदान गर्न सकिने अवस्था भने थिएन। पुनस्र्थापना कोषलाई क्षतिपूर्तिमा पनि प्रयोग गर्न सकिन[१९] गरी भएको संशोधनले मात्र मानव बेचविखन तथा ओसारपसारका मुद्धामा क्षतिपूर्ति भराउन बाटो खुलेको हो। तर सो ऐनमा पिडकलाई भएको जरिवानाको ५० प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था छ।[२०] तापनि पिडकले यदि जरिवाना रकम नै पनि तिर्न नसक्ने रहेछ भने पीडितले कसरी क्षतिपूर्ति पाउने भन्ने प्रश्न उठ्न सक्छ। त्यतिखेर अर्थात संशोधनपूर्व हामीकहाँ अन्य युरोपेली देशहरूमा भएको व्यवस्था जस्तै पीडक असक्षम भएको अवस्थामा राज्यको तर्फबाट पीडितले क्षतिपूर्ति भरी पाउने व्यवस्था रहेको पनि देखिँदैन। त्यस्तै उल्लिखित ऐनको दफा १७ को व्यवस्था बमोजिम क्षतिपूर्ति रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नावालक छोराछोरीलाई र त्यस्तो छोराछोरी नभए निजका आश्रित बाबुआमालाई दिइने कानूनी व्यवस्थासम्म रहेको पाइन्छ। तर कानूनका यी व्यवस्थाहरू कागजमै सिमित रहेको देखिन्छ।

त्यसैगरी पीडितलाई क्षतिपूर्ति कसरी उपलब्ध गराउने भन्ने सम्बन्धमा पीडितको उद्धार, पुनस्र्थापना र पुनर्मिलन जस्ता राहतको कानूनी व्यवस्थालाई संगसंगै हेरिनु आवश्यक छ। त्यसैले उक्त ऐनले गरेको अर्को महत्वपूर्ण व्यवस्था भनेको पीडितको उद्धार, पुनस्र्थापना र पुनर्मिलनसम्बन्धी व्यवस्था पनि हो। यस अन्तर्गत दफा १२ देखि १४ सम्म विभिन्न सकारात्मक व्यवस्था गरिएका छन् जो अन्य ऐनहरूमा गरिएको पाईदैन। ऐनको दफा १३ मा पुर्नस्थापना केन्द्रसम्बन्धी व्यवस्था गरिएको छ। जसले पीडितहरूलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुर्नस्थापना गर्न र पारिवारिक पुर्नमिलन गराउनका लागि पुर्नस्थापना केन्द्र स्थापना गर्ने र सो केन्द्रले पीडितहरूलाई सामाजिक रूपमा पुनर्स्थापना र पुनर्मिलन गराउने व्यवस्था छ। त्यसैगरी उल्लिखित उद्देश्यहरू पूर्ति गर्नको लागि ऐनको दफा १४ मा पुनर्स्थापना कोषको व्यवस्था गराएको छ, जुन व्यवस्था पीडित मैत्री र नेपालको सन्दर्भमा नौलो पनि छ। संशोधनबाट यो कोष क्षतिपूर्तिमा समेत

[१९] मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १४।

[२०] मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १७।

प्रयोग गर्न मिल्ने बनाईएको छ तर यसको प्रभावकारी कार्यान्वयनको स्थिति भने हालसम्म स्पष्ट हुन सकेको छैन।

- **मुलुकी ऐन, २०२०**

मुलुकी ऐन जबरजस्ती करणीको महलमा जबरजस्ती करणीबाट पीडित भएकी महिलालाई क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था गरेको पाइन्छ।[२१] त्यस्तै कसैले कुनै नाबालकसँग अप्राकृतिक मैथुन गराएकोमा नाबालकको उमेर र उसलाई पुग्न गएको मर्का समेतलाई विचार गरी अदालतले मनासिफ माफिकको क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था गरेको थियो।[२२] पछि भएको संशोधनले पीडकको न्यून सम्पत्ति भई निजबाट भराउन नसकिने स्थिति भएमा महिला तथा बालबालिका कार्यालयबाट भराइदिने व्यवस्था राखिएको थियो। यसैगरी अपहरणबाट पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिपूर्ति विचार गरी पीडित व्यक्तिलाई कसूर भएको दिनदेखि प्रत्येक दिनको ५००।— को दरले क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था समेत गरेको पाइन्छ।[२३] त्यसैगरी कुटपिटको महल [२४] बेरीतसँग थुन्दाको महल [२५] ले पीडितहरूलाई पीडकबाट असूल उपर भएको जरिवानाको आधासम्म भराइदिने व्यवस्था गरेको छ।

- **यातना र क्षतिपूर्तिसम्बन्धी ऐन, २०५३**

यस ऐनमा यातनाबाट पीडित व्यक्तिलाई रू. १ लाखसम्म क्षतिपूर्ति भराई दिनुपर्ने[२६] कानूनी व्यवस्था रहेको छ।

- **बालबालिकासम्बन्धी ऐन, २०४८**

त्यस्तै कसैले कुनै बालबालिकालाई अनैतिक पेशामा लगाएको कारण निजको चरित्रमा कुनै आघात पुग्न भएको रहेछ वा निजको स्वास्थ्यमा प्रतिकूल प्रभाव वा शारीरिक अंगभंग भएको रहेछ भने त्यसरी भएको क्षतिपूर्तिको मुनासिफ माफिकको क्षतिपूर्ति रकम मुद्दा हेर्ने अड्डाले भराइदिनु पर्ने व्यवस्था गरेको पाइन्छ।[२७]

---

२१ मुलुकी ऐन, २०२०, जबरजस्ती करणीको महलको १० नं.।

२२ मुलुकी ऐन, २०२०, जबरजस्ती करणको महलको ९(क) नं.।

२३ मुलुकी ऐन, २०२०, अपहरण तथा शरीर बन्धक लिनेको महलको नं. १२।

२४ मुलुकी ऐन, २०२०, कुटपीटको मललको ३, ६ र २५।

२५ मुलुकी ऐन, २०२०, बेरीतसँग थुन्दाको महलको ३, ४, ६।

२६ यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ दफा ६।

२७ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५३(६)।

- **सार्वजनिक सुरक्षा ऐन, २०४६**

यी बाहेक सार्वजनिक सुरक्षा ऐनले दिएको अधिकार विपरीत वा बदनियतपूर्वक नजरबन्दमा राखेको प्रमाणित भएमा निजको उमेर, सामाजिक प्रतिष्ठा, नजरबन्दमा रहेबाट निजलाई परेको आर्थिक हानी इत्यादिको विचार गरी मनासिव क्षतिपूर्ति भराइदिने व्यवस्था गरेको पाइन्छ।[२८]

- **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९**

यस ऐनले सवारी दुर्घटनाबाट पीडित भएको व्यक्ति वा निजको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरेको पाइन्छ।[२९]

### ४.३.२ वर्तमान कानूनी व्यवस्था

- **नेपालको संविधान**

नेपालको संविधान (२०७२) ले प्रथम पटक मौलिक हकको रूपमा धारा २१ मा अपराध पीडितको हक प्रत्याभूत गरेको छ। जसमा अपराध पीडितलाई आफु पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्वन्धी जानकारी पाउने  हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ।[३०] त्यस्तै अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ[३१] भनी मौलिक हकको प्रवन्ध गरिएको छ। यसै गरी महिला विरूद्धका हिंसात्मक अपराधमा पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।[३२] नेपालको संविधानको धारा २१ मा पीडितको निम्ति प्रत्याभुत गरिएका यी दुई प्रमुख हकहरूको साथै धारा ३८(३) मा प्रत्याभुत महिलाको हकको प्रचलन सरकारवादी फौजदारी मुद्दामा पीडितको न्यायका लागि अनिवार्य रूपमा गरिनु पर्दछ। त्यसको प्रचलनका लागि मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्याविधि संहिता २०७४, फौजदारी कसूर (सजाय निर्धारण) ऐन, २०७४ र अपराध पीडित संरक्षण ऐन, २०७५ समेतका विभिन्न ऐनहरूमा भएका प्रचलित कानूनी प्रावधानहरूको आधारमा गरिनु पर्दछ। मुख्य रूपमा क्षतिपूर्ति सहितको न्याय पाउने पीडितको मौलिक हक नै भएकोले कुनै अपराधमा कसैलाई कसूर ठहर भैसकेपछि कानून बमोजिम मनासिब क्षतिपूर्ति निर्धारण गरिनु पर्दछ। तर मनासिब क्षतिपूर्ति भनेको कति हो र सो मनासिब क्षतिपूर्तिको अंक कसरी निर्धाण गर्ने हो भन्ने सवाल बहुत महत्वपुर्ण छ। पीडितले चाहेमा आफु पीडित भएको मुद्दामा के कस्तो कारवाही भईरहेको छ र क्षतिपूर्ति निर्धारण कुन

---

[२८] सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा १२(क) (२)।

[२९] सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५(१) र १५१(२)।

[३०] नेपालको संविधान, धारा २१(१)।

[३१] नेपालको संविधान, धारा २१(२)।

[३२] नेपालको संविधान, धारा ३८(३)।

रूपमा भएको छ भन्ने जानकारी पाउने संवैधानिक हक समेत पीडितलाई उपलब्ध छ। पीडितलाई प्राप्त यस मौलिक हकको आधारबाट पनि मनासिब क्षतिका सम्बन्धमा गम्भीरतासाथ विचार गरिनु पर्दछ।

- **मुलुकी अपराध संहिता, २०७४**

यस संहितामा फौजदारी कसूरलाई संहिताको भाग ३ अन्तर्गत परिच्छेद १ देखि २७ सम्म विभिन्न कसूरको नामकरण सहित उल्लेख गरिएको पाइन्छ। त्यस्तै भाग ३ मा परिच्छेद १ र २ अन्तर्गत वैयक्तिक गोपनियता तथा प्रतिष्ठा विरूद्धको कसूर र सोही भाग अन्तर्गत परिच्छेद २ मा गाली बेईज्जतीसम्बन्धी कसूरको व्यवस्था गरिएको छ। यसरी संहितामा जम्मा जम्मी २७ प्रकृतिको कसूर र २ प्रकृतिका व्यक्तिवादी हुने फौजदारी कसूरको व्यवस्था गरिएको छ। यी प्रत्येक कसूरबाट यदि कसैलाई हानी, नोक्सानी वा कसैको सम्पत्तिमा क्षति भएमा कसूरबाट त्यस्तो हानी नोक्सानी हुने व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ[३३] भनी प्रष्ट रूपमा उल्लेख भएको पाइन्छ।

यसप्रकार नेपालको संविधानको धारा २१ ले पीडितलाई क्षतिपूर्ति सहितको न्याय पाउने हक प्रदान गरेको र मुलुकी अपराध संहिताको दफा १२७ ले कसूरदारबाट क्षतिपूर्ति भराई दिने कानूनी व्यवस्था भएकोले जुनसुकै अपराधबाट पीडित व्यक्तिले पनि हानी, नोक्सानी भएको क्षतिको आधारमा क्षितपुर्ति पाउने अधिकारहुने हुँदा पीडितलाई क्षति भराई दिनु पर्नेछ। त्यसैगरी कतिपय स्थितिमा मुद्दाको अन्तिम किनारा भएपछि मात्र पीडितले पुर्ण क्षतिपूर्ति पाउने अवस्था रहन्छ। तर घटित अपराधको कारणबाट पीडितलाई पर्न गएको तत्कालिन क्षति तुरून्त भराउने प्रबन्ध नगर्ने हो भने पीडित झन् झन् पिडामा बस्नु पर्ने अवस्था आउँदछ। यस तथ्यलाई हृदयंगम गरी मुलुकी अपराध संहिताको दफा ४८ मा निम्न बमोजिम अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने कानूनी व्यवस्था गरिएको पाईन्छः

दफा ४८. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्नेः (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम दिई अदालतले त्यस्तो कसूरको अभियोग लागेको व्यक्तिलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अभियोग लागेको व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा रकम पीडित वा निजको आश्रित व्यक्तिलाई तुरून्त उपलब्ध गराउनु पर्नेछ।

---

[३३] मुलुकी अपराध संहिता २०७४, दफा १२७।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम क्षतिपूर्ति वा रकम उपदफा (२) बमोजिम उपलब्ध गराउन नसकेमा पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसूर सजाय निर्धारण र कार्यान्वयनसम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिनेछ र त्यसरी उपलब्ध गराएको रकम त्यस्तो अभियोग लागेको व्यक्तिबाट असुल उपर गरी त्यस्तो कोषमा सोध भर्ना गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति वा राहत रकम तिरेको व्यक्तिले अदालतबाट फैसला हुँदा अभियोगबाट सफाई पाएमा त्यस्तो क्षतिपूर्ति वा राहत रकम पाउने व्यक्तिले त्यस्तो रकम त्यसरी सफाई पाएको पैतिस दिन भित्र निजलाई वा उपदफा (३) बमोजिमको पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो रकम फिर्ता नगरेमा अदालतले त्यसरी सफाई पाएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट त्यस्तो रकम भराई दिनु पर्नेछ।

(२) अन्य प्रचलित विशेष कानूनहरुः मुलुकी अपराध संहितामा एकीकृत रूपमा राखिएका फौजदारी अपराध बाहेक अन्य बिशेष ऐनहरूबाट व्यवस्थित फौजदारी अपराधहरूको अनुसन्धान र अभियोजन पनि भईरहेको हुन्छ। जस्तो कि मानव वेचविखन लगायतका अपराधको सम्बन्धमा बिषय बिषयमा बनेका छुट्टै ऐनहरू प्रचलनमा छन्। हिजोको दिनमा अर्थात मुलुकी अपराध संहिता लागू हुनुपुर्व मुलुकी ऐन र अरू विशेष ऐनहरूमा तत् तत् ऐनले नै क्षतिपूर्ति भराउनु पर्ने भनिएकोमा कसूर ठहर भएमा सो तोकिएको कानून अन्तगत पर्ने कसूरमा मात्र क्षतिपूर्ति भराईने गरिन्थ्यो। अब मुलुकी अपराध संहिता, २०७४ लागू भई सकेपछि प्रायः सबैजसो फौजदारी अपराधमा पीडकको तर्फबाट क्षतिपूर्ति भराई दिनु पर्ने कानूनी व्यवस्था भएको छ। यस प्रकारको कानूनी व्यवस्था भएबाट पीडितको न्याय केवल अपराधीलाई जेल पठाउनु वा राज्यलाई अपराधीले जरिवाना बुझाउँदैमा मात्र पुर्ण नहुँदो रहेछ भन्ने मान्यता स्थापित भएको छ। जसलाई जे कुराको क्षति भएको छ सो क्षति जस्ताको त्यस्तै पुर्ताल गर्न सम्भव नभएपनि त्यस्तो क्षति पुर्याए वापत जेल बस्नु पर्ने र पीडितलाई पुगेको क्षतिको समुचित मूल्याङ्कन गरी पीडिकबाट पीडितलाई भराई दिनु नै वास्तवमा पीडित केन्द्रित न्यायको उद्धेश्य हो।

- **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

यस संहिताले मुलुकी अपराध संहिताले गरेको क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्थालाई कुनै पनि फौजदारी कसूरमा अदालतले क्षतिपूर्ति समेत भराउनु पर्ने गरी घोषणा गरिसकेपछि कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको छ। क्षतिपूर्ति भराउँदा यदि कसूरदारसँग कुनै पर्याप्त सम्पत्ति छ भने निजबाटै र कसूरदारसँग कुनै सम्पत्ति नै नभए वा न्यून सम्पत्ति भई भरी भराउ गर्न अपुर्ण हुने देखिएमा नेपाल सरकारले खडा गरेको क्षतिपूर्ति कोषबाट भराउने गरी फैसला हुन सक्ने अवस्था रहन्छ। यस्तो

अवस्थामा पहिलो प्राथमिकता कसूरदारबाटै भराईदिनु हो। त्यस्तो अवस्थामा मुद्दाको अनुसन्धान गर्दाका बखत नै अभियुक्तको सम्पत्ति रोक्का राख्नु पर्ने कानूनी व्यवस्था रहेको छ।

त्यसरी सम्पत्ति रोक्का राखेकोमा कसूरदार ठहर भएपछि पीडितलाई भराई दिने भनी ठहर भएको क्षतिपूर्तिको रकम भराउने सम्बन्धमा यस संहिताको दफा १६८ मा त्यसको विधि र प्रकृया उल्लेख छ। जसअनुसार फैसला बमोजिम क्षतिपूर्ति भराई दिनु पर्ने सम्बन्धमा तारेख तोक्दा कुन प्रयोजनको लागि कहिलेको तारेख तोकिएको हो त्यसको कारण खुलाई तोक्नुपर्ने कार्यविधि उल्लेख छ। तोकिएको तारेखमा क्षतिपूर्ति भराई पाउने व्यक्ति उपस्थित हुनुपर्ने, उपस्थित नभएमा स्वतः स्थगित हुने, उपस्थित हुन नसकेकोमा एक पटकका लागि १५ दिन भित्र पुनः निवेदन दिई भराइ माग्न सक्ने, तर त्यसरी १५ दिन भित्र पनि निवेदन नदिई गुजारी बसेमा १ बर्ष सम्मका लागि तामेलीमा राख्ने र उक्त १ बर्ष भित्रको अवधिभित्र सम्बन्धित व्यक्ति उपस्थित भएमा क्षतिपूर्ति भराईदिनु पर्ने भन्ने प्रकृया उक्त दफा १६८ मा उल्लेख छ। तर १ बर्ष भित्रमा पनि भराई पाउने व्यक्ति उपस्थित भएन भने त्यसपछि कुनै कारवाही गरिने छैन भन्ने समेत कानूनी व्यवस्था छ। वास्तवमा यो कानूनी व्यवस्था आफैमा त्यति व्यवहारिक र न्याय उन्मुख छैन। किनभने सबैजस्तो अपराध पीडितहरू मुद्धा दायर भैसकेपछि बढीमा एकपटक मात्र साक्षी बकपत्रको लागि अदालतमा उपस्थित हुन सक्ने र त्यसपछि न्यायिक प्रकृयाबाट टाढा रहने हुँदा उनीहरूलाई अदालतले फैसला गर्दा के कस्तो न्याय प्रदान गरेको छ भन्ने कुराको सुचना नै पुगेको हुँदैन। यस्तोमा १ बर्ष भित्रमा पनि भराई पाउने व्यक्ति उपस्थित भएन भने त्यसपछि कुनै कारवाही गरिने छैन भन्ने कानूनी व्यवस्था लागू गर्दा पीडित अन्यायमा पर्न जाने हुन्छ। त्यसकारण क्षतिपूर्ति भराउने दायित्व पुरै अदालतलाई नै तोकिनु वान्छनीय हुन्छ।

### भरिभराउको प्रभावकारी प्रकृया

यस कार्यविधि संहितामा क्षतिपूर्ति भरिभराउको प्रकृया उल्लेख भएको भएतापनि पीडित केन्द्रित न्यायको दृष्टिकोणबाट उक्त दफा १६८ मा उल्लिखित प्रकृया त्यति प्रभावकारी हुन सक्ने देखिदैन। वास्तवमा पीडितलाई कति क्षतिपूर्ति दिइनु पर्दछ भन्ने सारवान कानूनी प्रश्न एकातिर छ भने कसले क्षतिपूर्ति भराई दिनु पर्छ र कसरी भराई दिनु उपयुक्त हुन्छ भन्ने अर्को कार्यविधिगत महत्वपुर्ण सवाल पनि रहेको छ। खासगरीकन यौन हिंसामा परेका, बेचबिखनको शिकार भएका महिला तथा नाबालकहरूलाई क्षतिपूर्ति भराउँदा अपनाउने कार्याविधिको सन्दर्भमा बहुतै संवेदनशीलता हुनु पर्दछ। यसै पनि यौन उत्पीडिन र मानव बेचविखन जस्तो गम्भिर प्रकृतिको शारीरिक हिंसात्मक अपराधका पीडितले आफै निवेदन लिएर अदालतमा उपस्थित भई भराउन याचना गर्न सहज छैन। न त उनीहरूको ज्ञान र क्षमता छ न त न्यायिक पहुँच सरल र सुलभ छ। त्यस्तै कानूनी ज्ञानको पनि अभाव छ। फैसलाको जानकारी समेत उनीहरूलाई यथासमयमा दिन सकिएको हुँदैन। त्यसकारण फैसला गर्ने अदालतबाट ठहर अनुसार फैसलाको तपसिल खण्डमा नै क्षतिपूर्ति

के कति र के कसरी भराई दिने हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गर्नु बान्छनीय हुन्छ। जुन निम्नप्रकारले उल्लेख गर्न सकिन्छः

(१) ठहर खण्डमा पीडितले भरी पाउने ठहरको क्षतिपूर्ति रकम र प्रतिवादीलाई ठहर भएको सजायको सम्बन्धमा पीडितलाई फैसला तयार तयार भई प्रमाणिकरण भएको ७ दिनभित्र सो फैसलाको प्रतिलिपि सहितको जानकारी घरैमा गई गराउने।

(२) ठहर भएको क्षतिपूर्ति यदि प्रतिवादीले धरौट राखेको वा निजबाट कुनै नगद वा मुल्य पर्ने माल बस्तु बरामद भएको छ भने फैसला प्रमाणिकरण भएको १ महिनाभित्र सोही नगद र जिन्सीको समेत मुल्याङ्कन गरी पीडितलाई अड्डाकै तर्फबाट पीडित रहे बसेको स्थानमा पुगेर भराई सो को भरपाई गरी लिने।

(३) यदि प्रतिवादीको कुनै सम्पत्ति रोक्का रहेको छ भने अदालतकै पहलमा सो लिलाम गरी नगदमा परिणत गरि फैसला प्रमाणिकरण भएको १ महिनाभित्र पीडितलाई घरैमा पुगी क्षतिपूर्ति भराई दिने।

(४) पीडित आफैले क्षतिपूर्ति भराई पाउँ भनी निवेदन गरेको अवस्थामा बाहेक कुनै म्याद सुचना जारी गरी क्षतिपूर्ति लिन आउनु भनी बाध्य नपारी अड्डाकै तर्फबाट कर्मचारी खटाई क्षतिपूर्ति बुझाई भरपाई लिने।

(५)यदि पीडकको न्यून सम्पत्ति भई क्षतिपूर्ति भरी दिन सक्ने आर्थिक हैसियत नभई फैसलामा क्षतिपूर्ति राज्य कोषबाट भराई दिने ठहर भएको छ भने फैसला प्रमाणिकरण भएको मितिले १५ दिनभित्र सो रकम पीडितलाई उपलब्ध गराईदिनु भनी सम्बन्धित कोष व्यवस्थापन गर्ने निकायलाई लेखी सो निकायले ७ दिनभित्र पीडितको बासस्थानमा पुगी रकम बुझाई सोको भरपाई प्रतिलिपि अदालतमा पठाउन लगाउने।

(५) मुद्धाको अन्तिम किनारा भएपछि मात्र पुरै क्षतिपूर्ति पाउने अवस्था रहने हुदा संहिताको दफा ४८ बमोजिम तत्काल राज्य कोषबाट मनासिब अन्तरिम राहत उपलब्ध गराउने र अन्तिम भएपछि हिसाब मिलान गर्ने।

### ४.३.३ क्षतिपूर्ति निर्धारणसम्बन्धी विशेष कानूनी व्यवस्था

कानूनतः कुनै पनि फौजदारी अपराधका पीडितलाई अनिवार्य रूपमा क्षतिपूर्ति भराइदिनु पर्दछ। नेपालमा यस सम्बन्धमा हालै मात्र विशेष कानूनी व्यवस्था लागू भएको छ। पीडितको क्षतिपूर्तिका सम्बन्धमा प्रचलित कानूनहरूका अतिरिक्त मूलतः दुईवटा छुट्टै विशेष कानून पारित भै लागू गरिएको छ:

(१) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

(२) अपराध पीडित संरक्षण ऐन, २०७५

यसको साथै फौजदारी कसूर पीडित राहत कोष नियमावली, २०७७ पनि कार्यन्वयनमा रहेको छ। यी ऐन तथा नियमावलीका व्यवस्थाहरू देहायका अनुच्छेदमा चर्चा गरिएको छ।

- **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन**, २०७४

यस ऐनको परिच्छेद ६ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था छ। यस कानूनले क्षतिपूर्तिलाई पनि सजायकै अभिन्न स्वरूप मानेको छ। किनभने यदि कसुरदारले क्षतिपूर्ति तिरेनभने उसले थप कैद बढीमा ४ वर्षसम्म कैद बस्नुपर्ने अवस्था आइ पर्दछ। प्रस्तुत परिच्छेद ६ मा क्षतिपूर्तिको सजाय कार्यान्वयनका सम्बन्धमा विस्तृत कानूनी व्यवस्था गरिएको पाइन्छ। पीडितले क्षतिपूर्ति पाउनु पर्ने कुरा अन्तर्राष्ट्रिय मान्यताका हिसाबले धेरै पहिले देखि स्वीकार गरिएको अवधारणा भए पनि नेपालमा यससम्बन्धी बिषयले पुरा मान्यता पाएको अवस्था थिएन। यद्यपि पछिल्लो समयमा बनेका केही बिषयगत ऐनहरूमा र मुलुकी ऐनका केही महलहरूमा क्षतिपूर्तिको सिमित व्यवस्थाहरू रहेको पाइन्छ। तर आम रूपमा सबै फौजदारी अपराधको सम्बन्धमा लागू हुने गरी क्षतिपूर्तिको व्यवस्था गर्न खोजिएको यो पहिलो पल्ट नै हो। क्षतिपूर्ति पाउनु पीडितको प्राथमिक र मौलिक अधिकार नै हो।[३४] यसलाई अधिकारको रूपमा संयुक्त राष्ट्रसंघले मानव अधिकारसम्बन्धी दस्तावेजहरूमा समेत मान्यता प्रदान गरि सकेको अवस्था छ। मुलुकी अपराध संहिताले पहिलो पटक क्षतिपूर्तिलाई पनि सजायको एउटा प्रकारको रूपमा उल्लेख गरेको छ। यस सन्दर्भमा प्रस्तुत ऐनको यस परिच्छेद ६ मा पीडितलाई क्षतिपूर्ति भराउने कार्यविधि, क्षतिपूर्ति निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू, क्षतिपूर्ति भराउनु पर्ने अवधि र क्षतिपूर्ति नतिरेमा सोको परिणाम जस्ता बिषयहरूमा स्पष्ट व्यवस्था गरेको पाइन्छ। जुन देहाय अनुसार प्रस्तुत गरिएको छः

दफा ४१. क्षतिपूर्ति भराई दिनु पर्नेः (१) कुनै कसूरको परिणाम स्वरूप पीडितको जिउ, ज्यान, सम्पत्ति वा ईज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति वापत आदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ। तर कानूनमा कुनै कसूर वापत छुट्टै क्षतिपूर्तिको व्यास्था भएकोमा सोही बमोजिम हुनेछ।

(२) उपदफा १ बमोजिमको क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरूलाई बिचार गर्नु पर्दछः

(क) पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति,

(ख) पीडितको मृत्यु भईसकेको भए निजको हकवालालाई पर्न गएको क्षति,

(ग) कसूरदारको आर्थिक श्रोत र अवस्था,

(घ) पीडित तथा निजमा आश्रित व्यक्तिको,

(ङ) अदालतले उपयुक्त ठहराएको अन्य कुरा।

---

[३४] नेपालको संविधान धारा २१ ।

(३) उपदफा १ बमोजिम क्षतिपूर्ति भराउँदा कसुरको परिणाम स्वरूप पीडितलाई चोटपटक लागेको वा अंगभंग भएको भए उपचार खर्च तथा पीडितको मृत्यु भएको भएमा सदगद खर्च एवं कृया खर्च समेत भराईदिनु पर्नेछ।

(४) कसूरदारले पीडितको सम्पति क्षति गरेकोमा सो वापत क्षतिपूर्ति भराउँदा त्यस्तो बस्तु यथास्थितिमा नै फिर्ता गराई दिनु पर्नेछ।

(५) उपदफा ४ बमोजिम यथास्थितिमा वस्तु फिर्ता गर्न नसक्ने अवस्था भएमा त्यस्तो बस्तुको मुल्य खुल्नेमा त्यस्तो मुल्य, मुल्य नखल्नेमा क्षति नहुदा वा सजाय तोक्दाका बखत त्यस्तो बस्तुको कायम हुन् सक्ने मुल्यका आधारमा क्षतिपूर्ति भराईदिनु पर्नेछ।

(६) क्षतिपूर्ति भराउँदा नगद वा जिन्सी वा दुबै भराउन सकिनेछ।

(७) कसूरबाट पीडित व्यक्तिको उपदफा १ नं. बमोजिम क्षतिपुति भराउनुअघि नै मृत्यु भईसकेको रहेछ भने उपदफा १ बमोजिमको क्षतिपूर्ति निजको आश्रित हकवालालाई भराई दिनु पर्नेछ।

प्रस्तुत फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा पहिलो पटक सजाय केवल सजायका निमित्त मात्र हुने नभई खास उद्धेश्यका लागि हुनुपर्ने मान्यतालाई आत्मसात गरिएको छ। ऐनको दफा १३ मा अदालतले सजाय निर्धारण गर्दा सोही दफामा उल्लेख भएका कुनै वा सबै उद्धेश्यहरू विचार गर्नुपर्ने व्यवस्था छ। उक्त दफामा सजायका विभिन्न उद्धेश्यहरू मध्ये पीडितको क्षतिपूर्ति सहित न्याय प्राप्त गर्ने बिषयलाई महत्व प्रदान गरिएको छ जुन संविधानले दएिको मौलिक हक पनि हो। यस ऐनको दफा १९ मा जरिवाना गर्दा कसूरदारले कसूरबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति समेत तिर्नुपर्ने व्यवस्था छ। यस दफामा जरिवाना गरिने भए निजले त्यस्तो क्षतिपुुर्ति तिर्न नसक्ने गरी जरिवाना गर्न हँुदैन भन्ने समेत व्यवस्था भएको पाइन्छ।

कानूनका यी व्यवस्थाहरूबाट क्षतिपुतिर्को बिषयलाई सजायको एउटा महत्वपुर्ण उद्धेश्यको रूपमा लिएको पाइन्छ। त्यसैगरी जरिवाना असुल गर्ने र क्षतिपूर्ति तिर्न सक्ने कसूरदारको बिच असन्तुलन भएमा एउटा मात्र तिर्न सक्ने स्थितिमा क्षतिपूर्ति तिर्न पर्ने कुरालाई नै पहिलो प्राथमिकता राखेको छ। ऐनको परिच्छेद ६ मा क्षतिपूर्ति निर्धारण गर्ने आधार, क्षतिपूर्ति भराउने कार्याविधि, क्षतिपूर्ति तिर्न नसकेको स्थितिमा व्यहोर्नुपर्ने दायित्व आदिका सम्बन्धमा समेत विस्तृत व्यवस्था भएको पाइन्छ। यस परिच्छेद अन्तर्गत दफा ४१ मा क्षतिपूर्ति निर्धारण गर्ने र भराउने कार्याविधि सम्बन्धमा कानूनी व्यवस्था भएको पाइन्छ। सो दफा ४१ मा भएका व्यवस्थाहरू देहाय अनुसार प्रस्तुत गरिएको छः

### क्षतिपूर्ति निर्धारणको प्रकृया

यस ऐनको दफा ४१ को उपदफा (१) मा कुनै कसूरको परिणाम स्वरूप पीडितहरूलाई क्षति पुग्न गएमा त्यस्तो क्षति वापत अदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। यो उपदफाले मुख्यतः दुईवटा कुरालाई व्यवस्थित गर्न खोजेको छः

(१) के के कुरामा क्षति पुगेमा क्षतिपूर्ति पाउने भन्ने बिषय र

(२) कति क्षतिपूर्ति भराउने भन्ने बिषय।

पहिलो सवालका हकमा हेर्दा प्रस्तुत दफा ४१ को उपदफा (१) मा मुख्यतः तीनवटा कुरामा क्षति पुगेको अवस्थामा क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था गरेको पाइन्छ। जस्तोः

(१) जीउ ज्यानमा क्षति पुगेमा,

(२) सम्पत्तिमा क्षति पुगेमा र

(३) इज्जतमा क्षति पुगेमा।

दोस्रो सवालका हकमा हेर्दा प्रस्तुत दफा ४१ को उपदफा (१) मा क्षतिपूर्तिको निश्चित अंक नतोकेर मनासिव क्षतिपूर्ति भराईदिनु पर्नेछ भन्ने मात्र उल्लेख गरेको छ। यस अनुसार कुनै पीडितका हकमा कति क्षतिपूर्ति मनासिव हुने भन्ने निर्धारण गर्ने बिषय अदालतको स्वविवेकमा छोडिएको पाइन्छ। वास्तवमा क्षतिको प्रकृति र अवस्थाका सम्बन्धमा पहिले नै पुर्ण रूपमा सबै प्रकृतिका क्षतिको लागि क्षतिपूर्तिको अंक तोक्न सकिने बिषय पनि होइन। यसका कतिपय अवस्थामा कसूरदारको आर्थिक अवस्था समेतलाई पनि बिचार गर्न पर्ने अवस्था आउँछ। कसुरदारसगं कुनै सम्पत्ति नभएमा वा न्यून संपत्ति रहेछभने क्षतिपूर्ति कोषबाट भराउनुपर्ने हुन्छ। त्यसैले क्षतिपूर्तिको अंक न्यायिक स्वविवेकमा निर्धारण हुन सक्ने गरी व्यवस्था गरिएको र यसले गर्दा बढी व्यावहारिक दृष्टिकोण अपनाउन मद्दत भएको देखिन्छ।

तर त्यसै दफाको प्रतिबन्धात्मक वाक्यांश राखी न्यायिक विवेकमा निर्धारण हुने क्षतिपूर्तिसम्बन्धी व्यवस्थामा केहि सिमाहरू पनि राखिएको पाइन्छ। प्रस्तुत प्रतिबन्धात्मक वाक्यांश अनुसार कानूनतः कुनै कसूर बापत छुट्टै क्षतिपूर्तिको व्यवस्था भएको रहेछ भने सोही बमोजिम हुने व्यवस्था गरिएको छ। जस्तो कि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराईदिनु पर्ने व्यवस्था छ। न्यूनतम भन्दा कम गर्न नपाइने तर मनासिब अंक पीडितको पीडाको मूल्याङ्कनका आधारमा निर्धारण गर्नु पर्दछ। यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ मा ज्यान मरेको वा अंगभंग भएकोमा क्षतिपूर्ति वापत तेस्रो पक्षले बिमा नगराएको भए तेस्रो पक्षले पाउने दुर्घटना बिमाको रकम भराईदिनु पर्ने व्यवस्था छ। यसरी अन्य कानूनमा छुट्टै र स्पष्ट व्यवस्था भएकामो सोही बमोजिमको

क्षतिपूर्ति भराईदिनु पर्ने व्यवस्था प्रस्तुत दफा ४१ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा गरिएको छ।

## क्षतिपूर्ति निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू

फौजदारी (कसूर र सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ ले अपराध पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था गरेको छ। तर मनासिब क्षतिपूर्ति के कति हुन सक्छ भन्ने कुराको निष्कर्षमा पुग्न पनि सहज छैन। तथापि एउटा कुरा निश्चित रूपमा के भन्न सकिन्छ भने न्यायकर्ताले वारदात वा घटनाको गम्भीरताबाट पीडितलाई परेको चोट र क्षति सो घटनाका तथ्यहरूको आधारमा गम्भीरतापुर्वक गरेमा एउटा संभव नतिजा अवस्य निस्कन्छ। उदाहरणको लागि जबरजस्ती करणीजस्तो अमानवीय र अकल्पनीय यौन हिंसाबाट पीडित व्यक्तिलाई पर्न गएको चोटलाई अदालतले भराइदिने जतिसुकै ठूलो धनराशीले पनि पुर्ताल गर्न र पीडितको हृदयबाट विस्मृत पार्न सक्दैन। तथापि निजलाई वास्तविक न्यायको महसुस गर्ने अवसर दिने हो भने क्षतिपूर्ति मनासिब तोकिनु पर्दछ र सो रकम पर्याप्त हुनु पर्दछ जुन पीडितको मौलिक हक तथा मानव अधिकारको विषय समेत हो। नेपालको संविधानको धारा २१ (२) ले अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ भन्ने मौलिक हक प्रत्याभूत गरेको छ। त्यस्तै मुलुकी अपराध संहिता २०७४ को दफा ४८ ले अपराध पीडितलाई अन्तरिम क्षतिपूर्ति वा राहत रकम आवश्यक पर्ने भएमा तुरून्त उपलब्ध गराउनु पर्ने गरी अदालतले आदेश दिन सक्ने व्यवस्था गरेको पाइन्छ।

प्रस्तुत दफा ४१ को उपदफा (२) मा क्षतिपूर्ति निर्धारण गर्दा बिचार गर्नुपर्ने कुराहरूको सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ। यस अनुसार उपदफा १ बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरूलाई विचार गर्नु पर्नेछ भन्ने उल्लेख छः

(क) पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति,

(ख) पीडितको मृत्यु भईसकेको भए निजको हकवालालाई पर्न गएको क्षति,

(ग) कसूरदारको आर्थिक स्रोत र अवस्था,

(घ) पीडित तथा निजका आश्रित व्यक्तिलाई पुगेको क्षति,

(ङ) अदालतले उपयुक्त ठहराएको अन्य कुरा।

## क्षतिपूर्तिमा समावेश गर्नु पर्ने खर्च वा वस्तु

माथि प्रस्तुत दफा ४१ को उपदफा (१) र (२) मा क्षतिपूर्ति भराउँदा के कस्तो खर्च र वस्तु भराउने भन्ने कुराको व्यवस्था गरिएको पाइन्छ। जसअनुसार मुख्यतः उपचार खर्च र सद्गत खर्च एवं क्रिया खर्च भराईदिनु पर्दछ भन्ने व्यवस्था गरेको पाइन्छ। उपदफा (३) मा उल्लेख भए अनुसार क्षतिपूर्ति भराउँदा कसूरको

परिणाम स्वरूप पीडितलाई चोटपटक लागेमा वा अंगभंग भएको भए उपचार खर्च तथा पीडितको मृत्यु भएकोमा सद्गत खर्च एवं क्रिया खर्च समेत भराई दिनु पर्ने व्यवस्था भएको पाइन्छ। यसैगरी सम्पत्ति क्षति भएको अवस्थामा क्षतिपूर्ति भराउनु पर्दा त्यस्तो वस्तुको यथास्थितिमा नै फिर्ता गराईदिनु पर्ने व्यवस्था उपदफा (४) मा गरेको पाइन्छ।

### यथास्थितिमा बस्तु फिर्ता गर्न नसकिने भएमा

माथि उल्लिखित उपदफा (४) मा क्षति भएको सम्पत्तिको हकमा क्षतिपूर्ति भराउँदा त्यस्तो वस्तु नै यथास्थितिमा फिर्ता गराई दिनु पर्ने उल्लेख भएतापनि कतिपय अवस्थामा क्षति भएको सम्पत्ति यथास्थितिमा फिर्ता गर्न नसकिने अवस्था पर्न सक्दछ। जस्तो कुनै हिसाबले क्षति भएको सम्पत्तिको हकमा नासिएको, चोरी भएको, स्वरूप बिग्रिइ काम नलाग्ने अवस्थामा पुगेको इत्यादि जे पनि हुन सक्दछ। यस्तो स्थितिमा सम्पत्ति जस्ताको त्यस्तै यथास्थितिमा फिर्ता गर्न असम्भव हुन्छ। यसरी पीडितको सम्पत्ति विग्रिएर यथास्थितिमा फिर्ता गर्न नसक्ने अवस्था भएमा क्षतिपूर्ति कसरी भराउने भन्ने सम्बन्धमा उक्त दफा ४१ को उपदफा (५) मा यथास्थितिमा वस्तु फिर्ता गर्न नसक्ने अवस्था भएमा त्यस्तो वस्तुको कायम हुन सक्ने मुल्यका आधारमा क्षतिपूर्ति भराईदिनु पर्ने भन्ने व्यवस्था गरिएको पाइन्छ।

### क्षतिपूर्ति भराउने तरिका

प्रस्तुत दफा ४१ को उपदफा (६) मा क्षतिपूर्ति भराउने तरिकाका बारेमा व्यवस्था भएको पाइन्छ। सो उपदफामा उल्लेख भए अनुसार क्षतिपूर्ति भराउँदा नगद वा जिन्सी दुबै रूपमा भराउन सकिने व्यवस्था छ। कुनै पीडितका हकमा अदालतबाट क्षतिपूर्ति पाउनु पर्ने ठहर भईसकेको तर क्षतिपूर्ति भराउनु अघि निजको मृत्यु भईसकेको अवस्था पर्न सक्दछ। यस अवस्थामा क्षतिपूर्ति भराउनु पर्ने वा नपर्ने वा भराउनु पर्ने भए कसलाई भराउने भन्नेजस्ता प्रश्नहरू उठ्न सक्दछन्। प्रस्तुत दफा ४१ को उपदफा (७) मा यसै बिषयमा व्यवस्था गरिएको छ। उपदफा (७) मा उल्लेख भए अनुसार कसूरबाट पीडित व्यक्तिको क्षतिपूर्ति भराउनु अघि नै मृत्यु भईसकेको रहेछ भने उपदफा (१) बमोजिम क्षतिपूर्ति निजको आश्रित हकवालाई भराई दिनु पर्ने हुन्छ। यसरी क्षतिपूर्ति पाउनु पर्ने पीडितको मृत्यु भएकै कारणले मात्र कसूरदारले क्षतिपूर्ति भराउनु पर्ने दायित्वबाट उन्मुक्ति नपाउने स्थिति देखिएको छ।

### दफा ४२. क्षतिपूर्ति तत्काल बुझाउनु पर्नेः

(१) यस परिच्छेद बमोजिम भएको क्षतिपूर्ति कसूरदारले तत्काल बुझाउनु पर्नेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लखिएको भए तापनि त्यस्तो व्यक्तिले तत्काल क्षतिपूर्ति बुझाउन नसकी त्यस बापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्षभित्र  त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा क्षतिपूर्ति बुझाउने आदेश दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम क्षतिपूर्ति नबुझाएमा त्यस्तो कसूरदारको सम्पत्ति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराईदिनु पर्नेछ।

यस ऐनको दफा ४२ ले क्षतिपूर्ति भराउने समायवधिको बारेमा व्यवस्था गरेको छ। तोकिएको क्षतिपूर्ति कति समयावधिमा तिर्नु पर्ने हो भन्ने कुरा कानूनव्दारा नै निर्धारित गरिने बिषय हो। यस सम्बन्धमा बाह्य मुलुकको अनुभव हेर्दा अष्ट्रेलियन क्यापिटल टेरिटोरीको अपराध सजाय निर्धारण ऐन, २००५ को दफा १०९ मा क्षतिपूर्ति अदालतले तोकेको समायावधि भित्र तिर्नु पर्ने व्यवस्था छ। क्वीन्सल्याण्डको दण्ड तथा सजाय निर्धारण ऐन, १९९२ को दफा ३६(१) मा क्षतिपूर्ति तिर्नु पर्ने समायावधि अदालतको आदेशमा तोकिए बमोजिम हुनेछ भन्ने उल्लेख छ।

हाम्रो यस ऐनको दफा ४२ को उपदफा (१) मा उल्लेख भए अनुसार कसूरदारले तिर्नुपर्ने क्षतिपूर्ति रकम तत्काल बुझाउनु पर्ने व्यवस्था गरिएको पाइन्छ। यस दफामा प्रयुक्त तत्काल भन्ने शब्दावलीको प्रयोगबाट क्षतिपूर्तिको रकम फैसला हुँदासाथ बुझाउनु पर्ने देखिन्छ। तर यो व्यवस्थालाई फौजदारी कार्याविधि संहिताको २०७४ को कानूनी व्यवस्थाको सन्दर्भमा समेत हेर्नु पर्ने हुन्छ। सो संहिताको दफा १६५ मा फैसला बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने ठहरेको क्षतिपूर्ति रकम फैसला भएको ६ महिना भित्र बुझाउनु पर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त अवधी भित्र नबुझाएमा दश हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। प्रस्तुत फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वर्यान) ऐन, २०७४ को दफा ४ अनुसार यो ऐन मुलुकी अपराध संहिता र फौजदारी कार्यविधि संहिताको अधीनमा रहि कायान्वयर्न गर्नुपर्ने हुन्छ। तसर्थ प्रस्तुत फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४२ मा भएको क्षतिपूर्तिसम्बन्धी व्यवस्थालाई फौजदारी कार्याविधि कानून अनुकूल हुने गरी कार्यान्वयन गरिनु पर्दछ।

ऐनको दफा ४२ को उपदफा (२) मा क्षतिपूर्ति तत्काल बुझाउन नसकमो सो बुझाउनका लागि थप समयावधि पाउने व्यवस्था गरिएको छ। यदि क्षतिपूर्ति तत्काल बुझाउन नसकेमा सो का लागि दायित्ववाला अर्थात कसुरदाले उचित म्याद पाउने छ। तिर्नुपर्ने क्षतिपूर्ति रकम बढीमा तिन किस्तामा बुझाउन सकिने व्यवस्था समेत कानूनमा गरिएको छ। नेपालमा क्षतिपूर्ति किस्तामा बुझाउन सकिने कानूनी व्यवस्था नौलो हो। दफा ४२ को उपदफा (३) मा यदि थप दिईएको समयमा पनि क्षतिपूर्ति नबुझाएमा सम्पत्ति जायजात गरी भराई दिनु पर्ने व्यवस्था छ।

दफा ४३. प्रत्येक कसूरदारले क्षतिपूर्ति व्यहोर्नु पर्नेः कुनै कसूरमा एक भन्दा बढी कसूरदार भएमा क्षतिपूर्ति भराउन आदेश दिँदा प्रत्येक कसूरदारले कसूरको मात्रा अनुसार क्षतिपूर्ति व्यहोर्ने गरी आदेश दिनु पर्नेछ। ऐनको यस व्यवस्था अनुसार क्षतिपूर्ति भराउन आदेश गर्दा प्रत्येक कसूरदारले गरेको कसूरको मात्रा अनुसार क्षतिपूर्ति व्यहोर्ने गरी आदेश गर्नु पर्ने भनिएको छ। यो कानूनी व्यवस्थाले यदि अपराधमा बढी व्यक्तिहरूको

संलग्नता रहन्छ भने त्यसबाट सिर्जित दायित्व पनि प्रत्येकलाई रहने तर क्षतिपूर्ति भने निजको संलग्नताको मात्रा अनुसार नै हुन्छ। जसले जति गल्ति गर्दछ उसले त्यत्ति नै दायित्व बेहोर्नु पर्दछ भन्ने सिद्धान्तमा आधारित भइ यो व्यवस्था गरिएको हो।

**दफा ४४. सहमति बमोजिम हुनेः**

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरका सम्बन्धमा क्षतिपूर्ति लिने दिने सम्बन्धमा पीडित र कसूरदारले कुनै सहमति गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको सहमति मनासिब देखिए अदालतले त्यस्तो सहमति बमोजिमको क्षतिपूर्तिको आदेश गर्न सक्नेछ।

दफा ४४ को यस व्यवस्था अनुसार क्षतिपूर्ति रकम निर्धारण गर्ने पहिलो अधिकार पीडित र कसूरदार स्वयमं हुन् भन्ने मान्यतालाई अँगालिएको पाइन्छ। यस कानूनी व्यवस्थाले क्षतिपूर्तिको रकम लिने दिने सम्बन्धमा पीडित र कसूरदार आफैले सहमति गर्न सक्ने बाटो समेत खोलि दिएको छ। यो एक पीडक र पीडित संगै मलिर बस्नसक्ने पुनःस्थापकीय न्यायाको उद्धेश्य पनि हो। वास्तवमा क्षतिपूर्तिको सम्बन्धमा पीडित र कसूरदारले सहमत गर्न सक्ने कानूनी व्यवस्था कार्यान्वयनका दृष्टिले व्यवहारिक र सामाजिक न्यायको दृष्टिकोणबाट उचित पनि छ।

अरू मुलुकको उदाहरण हेर्दा अष्ट्रेलियन क्यापिटल टेरीटोरीको अपराध निर्धारण ऐन, २००५ को दफा १०८(१) मा पीडित र कसूरदार बिच कुनै सहमति नभएमा मात्र अदालतले क्षतिपूर्ति रकम तोकि दिनेछ भन्ने व्यवस्था भएको पाइन्छ। हाम्रो ऐनको दफा ४४ मा गरिएको यो व्यवस्था अनुसार सबैभन्दा पहिला पीडित र कसूरदार बिच छलफल हुनुपर्ने हो वा बाध्यात्मक रूपमा छलफलमा लगिने के हो सो अवस्था स्पष्ट रहेको भने देखिन आउँदैन। तसर्थ उनीहरू बिच सहमति नभएमा मात्र अदालतले तोकिदिने भन्ने स्पष्ट व्यवस्था भएको पाईदैन। तर दफा ४४ को उपदफा (२) मा सहमति मनासिब देखिए अदालतले त्यस्तो सहमति बमोजिमको क्षतिपूर्तिको आदेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएबाट सबैभन्दा अघि सहमतिका लागि अदालतले पहल गर्न सक्दछ। त्यसो भएको अवस्थामा सामान्यतया सहमति बमोजिम कै क्षतिपूर्ति तोकिने कानूनी मकसद रहेको देखिन्छ। यद्यपि सहमति मनासिब भए नभएको बिषयमा अदालतले विचार गर्न नसक्ने भन्ने हुँदैन। कहिलेकाहीं पीडित अनुचित दबाव वा प्रभाव पार्न सक्ने हुँदा अदालतले विचार पुर्याउनु पर्दछ। कतिपय अवस्थामा क्षतिपूर्तिको अंक घटी वा बढी भन्ने कुराले मात्र न्यायको अनुभुति दिलाउने नभई पीडित र कसूरदार बिचको सम्बन्ध, सौहार्द्रता, र सुझबुझ पनि महत्वपुर्ण हुन्छ। सामाजिक न्यायको दृष्टिले यो आवश्यक पनि छ।

**दफा ४५. क्षतिपूर्ति नतिरे कैद हुनेः**

(१) क्षतिपूर्ति तिर्नुपर्ने कसूरदारले क्षतिपूर्ति तिर्नुपर्ने अवधिभित्र क्षतिपूर्तिको रकम नबुझाएमा त्यस्तो कसूरदारको सम्पत्ति जायजात गरी पीडतलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(२) उपदफा १ बमोजिम जायजात गर्दा क्षतिपूर्ति रकम असुल नभएमा वा क्षतिपूर्ति तिर्नुपर्ने कसूरदारले क्षतिपूर्ति नतिरेमा निजलाई एक दिनको तिन सय रूपैयाको दरले क्षतिपूर्ति रकमलाई कैदमा परिणत गरी कैद गर्नु पर्नेछ।

(३) यस ऐन र अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा २ बमोजिम कैद गर्दा चार बर्ष भन्दा बढी कैद गुर्नु हुदैन।

फौजदारी अपराध संहिताले क्षतिपूर्तिलाई पनि एक प्रकारको सजायकै रूपमा मानेको देखिन्छ। प्रस्तुत फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वर्यान) ऐन, २०७४ को दफा १३ मा क्षतिपूर्तिलाई सजायको एउटा उद्धेश्यको रूपमा उल्लेख गरेको छ। त्यसैले यो ऐन अन्तर्गत क्षतिपूर्ति पीडितको राहतका लागि गरिएको व्यवस्था मात्र नभएर कसूरदार प्रतिवादीलाई एक प्रकारको सजायकै रूपमा गरिएको कानूनी व्यवस्था हो। ऐनको दफा ४५ मा अदालतबाट निर्धारित क्षतिपूर्ति नतिरेमा उत्पन्न हुन सक्ने परिणामको बारेमा उल्लेख गरिएको छ। त्यसअनुसार क्षतिपूर्ति तिर्नुपर्ने कसूरदारले तोकिदिएको अवधिभित्र क्षतिपूर्ति रकम बुझाउनु पर्दछ। यदि नबुझाएमा प्रथमतः निजको सम्पत्ति जायजात गरिन्छ। त्यसबाट पीडितलाई क्षतिपूर्ति भराई दिने काम हुन्छ। यदि त्यसरी संपत्ति जायजात गर्दा पनि असुल हुन नसकेमा वा कसूरदारले जानी जानी क्षतिपूर्ति तिरेन भने सो बापत कैद दण्ड गर्न सकिने व्यवस्था गरेको पाइन्छ।

अष्ट्रेलियाको क्वीन्सल्याण्डको दण्ड तथा सजाय निर्धारण ऐन, १९९२ को दफा ३६(२) मा हेर्दा अदालतको आदेश बमोजिमको क्षतिपूर्ति नतिरेमा कैद हुने व्यवस्था छ। त्यहाँ त्यस्तो कैदको कुरा क्षतिपूर्तिको आदेश गर्दाको बखत नै उल्लेख गरिने कानूनी व्यवस्था छ। हाम्रो फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४५ को उपदफा (२) मा पनि माथि उल्लेख भए बमोजिम क्षतिपूर्ति असुल हुन नसकेमा वा कसूरदारले सो रकम नतिरमो त्यस वापत कैद गर्नुपर्दा प्रतिदिन तीन सय रूपैयाँका दरले अधिकतम चार बर्ष भन्दा बढी कैद गर्न नहुने व्यवस्था छ। तर क्वीन्सल्याण्डको दण्ड तथा सजाय निर्धारण ऐन, १९९२ को दफा ३७ मा उल्लेख भए अनुसार भने क्षतिपूर्ति नतिरे वापत कैद गर्दा अधिकतम एक बर्ष भन्दा बढी गर्न नहुने व्यवस्था छ। यस मानेमा हाम्रो व्यवस्था धेरै नै कठोर दखिन आउँछ।

- **अपराध पीडित संरक्षण ऐन, २०७५**

यस ऐनले अपराध पीडितका धेरै हक अधिकारहरूको संरक्षण गर्नुका साथै तिनको प्रचलनका लागि पनि सहज कानूनी मार्ग प्रशस्त गरेको छ। यस ऐनको परिच्छेद १ को दफा २ (ज) (झ) र (ञ) मा पीडितको परभिाषा गरिएको छ, जुन माथि उल्लेख भैसकेको छ।

परिच्छेद २ मा फौजदारी न्यायिक प्रकृयामा पीडितका अधिकार र कर्तव्य अन्तर्गत दफा १८ मा क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकारको उल्लेख छ। यो संविधानको धारा २१ (१) ले उदघोष गरेको पीडितको मौलिक हक नै हो। त्यस्तै दफा १९ मा क्षतपूिर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकार बारे उल्लेख गरिएको छ जुन संविधानको धारा २१ (२) ले घोषणा गरेको छ। उक्त दफा १८ र १९ का कानूनी व्यवस्था निम्न बमोजिम छन्ः

**दफा १८. क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकारः**

(१) पीडितले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा क्षतिपूर्ति प्राप्त गर्न गर्नुपर्ने कारवाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम पीडितको तर्फबाट क्षतिपूर्तिसम्बन्धी कारबाही चलाउने अधिकार अभियोजन अधिकारीमा भएकोमा अभियोजन अधिकारीले पीडितको अनुरोधमा पीडितको तर्फबाट गर्नु पर्ने आवश्यक कारबाही गर्नु पर्नेछ।

**दफा १९. क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकारः**

(१) पीडितलाई पुगेको क्षति बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

(२) पीडितको समाजिक पुनःस्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कायक्रम सञ्चालन गर्न सक्नेछ।

दफा २२. अधिकारको सम्मान गर्नु पर्नेः कसूरको अनुसन्धान, अभियोजन, तहकिकात तथा न्याय निरूपणको प्रक्रियामा संलग्न हुने अधिकारीले यस ऐन तथा प्रचलित नेपाल कानून बमोजिम प्रदत्त पीडितका अधिकारको सम्मान गर्दै कार्यानन्वयनको लागि उचित ध्यान दिनु पर्नेछ।

ऐनको यस दफाको व्यवस्था अनुसार न्यायिक कार्य प्रकृयामा संलग्न सबै अधकारीले अन्य कुराहरूको अतिरिक्त पीडितलाई भराउनु पर्ने क्षतिपूर्तिको सम्बन्धमा पनि विशेष गम्भीरता देखाउनु आवश्यक हुन्छ। अब हिजोको परम्परागत न्यायिक प्रकृयामा जस्तो औपचारिकता निर्वाह गरेर मात्र पुग्दैन। यदि पीडितले भरी पाउने ठहर भएको क्षतिपूर्तिको बारेमा पीडितलाई कुनै चित्त बुझेन भने पीडित स्वयमले ऐनको दफा

१७ बमोजिम लिखित निवेदन दिन सक्ने र दफा २० बमोजिम स्वयम पीडितले नै निवेदन वा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ। यो व्यवस्थाको सम्बन्धमा न्यायिक अधिकारी र पीडित सजग र सचेत रहन आवश्यक छ। यसको परपिालना ठिक ढंगले हुन जरूरी छ। पीडितलाई कानूनले यस्ता अधिकारहरू दिएको छ भन्ने कुराको जानकारी पुलिस सरकारी वकिल र अदालतले अनिवार्य रूपमा गराउनु पर्दछ।

यस ऐनको परिच्छेद ३ मा पीडित प्रभाव प्रतिवेदन पेश गर्नुपर्ने कानूनी व्यवस्था छ। यो व्यवस्था पीडिको क्षतिपूर्तिसम्बन्धी अधिकारसंग सम्बन्धित छ। पीडित प्रभाव प्रतिवेदनलाई वस्तवमा अनिवार्य गरिनु उपयुक्त हुन्थ्यो। किनभने यसको आधारमा मात्र मनासिब क्षतिपूर्ति यकिन गर्न सजिलो हुने थियो। यस प्रतिवेदनमा पीडितले भरी पाउने क्षतिपूर्ति समेतको सन्दर्भ उल्लेख गर्नुपर्ने हुन्छ। जसले गर्दा सजाय निर्धारणका अतिरिक्त क्षतिपूर्ति निर्धारण गर्ने क्रममा समेत पीडित प्रभाव प्रतिवेदनलाई आधार लिनु आवश्यक हुन्छ। तर दफा २८ अनुसार पीडित प्रभाव प्रतिवेदन पेश नगरेकै आधारमा भने पीडितलाई कसुरबाट क्षति वा प्रभाव कम भएको अनुमान गर्न मिल्दैन।

**क्षतिपूर्तिसम्बन्धी विशेष व्यवस्था**

अपराध पीडित संरक्षण ऐन, २०७५ मा भएको सबैभन्दा महत्वपुर्ण कानूनी व्यवस्था परिच्छेद ४ को क्षतिपूर्तिसम्बन्धी व्यवस्था हो। यस परिच्छेदको दफा २९ देखि ४० सम्म अन्तरिम क्षतिपूर्ति भराउने लगायत क्षतिपूर्ति निर्धारणका आधार तथा भराउने कार्यविधि समेतको व्यवस्था स्पष्ट पारिएको छ।

ऐनको दफा २९ ले पीडितलाई तत्काल राहत स्वरूप अन्तरिम क्षतिपूर्ति भराइदिनुर्पे व्यवस्था गरेको छ भने दफा ३० ले कसूरदारबाटै क्षतिपूर्ति भराइ दिने कानूनी प्रबन्ध गरेको छ। सो क्षतिपूर्ति मनासिब माफिकको रकम हुनु पर्दछ। तर यदि कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसूर स्थापित भएको तर कसूरदार कायम हनु नसकेको अवस्थामा वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता लिएमा अदालतले क्षतिपूर्तिका लागि स्थापित कोषबाट क्षतिपूर्ति स्वरूप रकम पीडितलाई भराई दिनेगरी आदेश गर्न सक्नेछ। सो आदेश प्राप्त भएको पैंतीस दिनभित्र कोषबाट क्षतिपूर्ति बापतको रकम पीडितलाई उपलब्ध गराईने व्यवस्था छ।

ऐनको दफा ३१ ले क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिनुपर्ने महत्वपूर्ण १८ वटा आधारहरू तोकेको छ। न्यायकर्ताको लागि यो व्यवस्था अत्यन्त संवेदनशील भएर मनन गर्नुपर्ने महत्वपूर्ण विषय छ। सजाय ठहरको चरणमा न्यायाधीशले अनिवार्य रूपमा यस कानूनी व्यवस्थालाई समेत आत्मसात गर्नु पर्दछ। फैसला गर्दा मनासिब क्षतिपूर्ति निर्धारण गर्न न्यायकर्ताले देहायको कुनै पनि मापदण्डलाई आधार लिन सक्नेछन्:

(क) पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिब खर्च,

(ख) पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च,

(ग) पीडितले व्यहोर्नु परेको अप्रत्यासित[३५] यातायात खर्च,

(घ) पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च,

(ङ) कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति,

(च) पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति[३६],

(छ) क्षति पुगेका व्यक्तित सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,

(ज) कसूरको प्रत्यक्ष परिणाम स्वरूप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता,

(झ) पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर,

(ञ) पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति,

(ट) जबरजस्ती करणीको कसूरको हकमा सो कसूरबाट पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव,

(ठ) जबरजस्ती करणीका कारण पीडित गर्भवति भएकोमा प्रचलित कानून बमोजिम गर्भ पतन गर्न वा शिशु जन्माउन र शिशलुाई पालनपोषणको लागि लाग्ने खर्च,

(ड) कसूरका कारण गर्भ पतन भएकोमा औषधोपचार खर्च,

(ढ) विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरूद्ध हुन सक्ने थप कसूरबाट बच्ने असल नियतले परेको मनासिब खर्च[३७],

(ण) पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति,

(त) क्षतिको प्रकृति र पभ्राव अनसुारको अन्य उपयुक्त आधार,

(थ) विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसूरबाट प्रथमस्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च,

---

[३५] स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "अप्रत्यासित यातायात खर्च" भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरूप पीडितलाई पुगेको क्षति कम गर्नको लागि तत्काल आवश्यक परेको परामर्श वा औषधोपचार सेवा पीडितको बसोबास वा कार्यस्थल वा वारदात स्थलबाट दश किलोमिटरको दुरीमा उपलब्ध हनु नसकी पीडितले त्यस्तो सेवा प्राप्त गर्नको लागि दश किलोमिटरभन्दा बढी दुरी यात्रा गर्दा यातायातमा लागेको मनासिब खर्च सम्झनु पर्छ।

[३६] तर त्यस्तो आर्थिक क्षति बापत पीडितले प्रचलित कानून बमोजिमको बिमाबाट क्षतिपूर्ति प्राप्त गरेकोमा वा प्राप्त गर्ने भएकोमा यस खण्ड बमोजिम क्षतिपूर्ति दिइने छैन।

[३७] स्पष्टीकरण यस दफाको प्रयोजनको लागि "विशेष अवस्था" भन्नाले कसूर हुँदाका बखत पीडितको शारीररक वा मानसिक स्थिति वा पीडितको बसोबास स्थल, कार्यस्थल वा वारदातस्थलको विशेष अवस्थितिको अनुचित लाभ उठाई पीडितको विरूद्धमा गरिएको कसूरको प्रत्यक्ष परिणाम स्वरूप पीडितले असामान्य प्रभाव वा असर बेहोरेको वा व्यहोर्नु पर्ने अवस्था सम्झनुपर्छ।

(द) नाबालिग सन्तानले गमुाएको अविभावकको संरक्षकत्व।

**पीडित राहत कोषः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र अपराध पीडित संरक्षण ऐन, २०७५ ले अपराध पीडितलाई राहत र क्षतिपूर्ति भरिभराउको व्यवस्थापनका लागि पीडित राहत कोषको परकिल्पना गरेको छ। तर सो कोष स्थापना र सञ्चालनसम्बन्धी कानून निर्माण भएको छैन। कानून तर्जुमा भएपछि कुनै अपराधमा कसूरदारबाट भराइने दण्ड-जरिबानाको रकमबाट पीडितले क्षतिपूर्ति पाउने छन्। प्रश्तावित कानूनले अपराध पीडितका लागि अन्तरिम राहत, क्षतिपूर्ति तथा राहतको व्यवस्था गरेको छ। कानून तर्जुमा भएपछि अदालतबाट फैसला हुँदा कसूरदार ठहर भएको व्यक्तिले अदालतले तोके वमोजिमको क्षतिपूर्ति रकम कोषमा जम्मा गर्नुपर्ने छ। तर उजुरी झुट्टा ठहरेमा वा वारदात स्थापित नभएको अवस्थामा भने मुद्दा चल्दैको अवस्थामा पाएको अन्तरिम क्षतिपूर्ति फिर्ता गर्नुपर्ने छ। कसूरबाट पीडितलाई अपराधको अवस्था अनुसार राहत उपलब्ध गराउने रकमको हद निर्धारण गरिने छ।

**अन्तरिम राहतः**

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ ले अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने कानूनी व्यवस्था गरेको छ। यस अनुसार पीडितको उजुरीमा अनुसन्धान हुँदैको अवस्थामा पनि अन्तरिम राहतको माग गर्न सकिने छ। पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ। यसरी अदालतले आदेश दिएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ। उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहरिएमा त्यस्तो कसूरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ। सो आदेश पछि उसले रकम कोषमा जम्मा गर्नु पर्दछ। यदि जम्मा गरेन भने फैसला भएको ६० दिनभित्र निजको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ।

- **फौजदारी कसूर पीडित राहत कोष नियमावली, २०७७**

पीडित राहत कोष ऐनको व्यवस्था कार्यान्वयन गर्न नियमावली पनि जारी गरिएको छ। यसमा प्रश्ताव भए अनुसार पीडितलाई तत्काल उद्धार गर्नुपर्ने अवस्थामा यातायात खर्च, खाना खर्च र बास खर्चसमेत उपलब्ध गराइने छ। यस्तै यो व्यवस्थाले कानूनी रूप लिएपछि औषधि उपचार खर्च, मृत्यु हुने हकमा किरिया खर्च बापत दश हजार रूपैयाँ, कानूनी सहायता, मनोवैज्ञानिक उपचार र मनोपरामर्शका लागि पनि त्यति नै रकम पीडितले पाउने भएका छन्। सामाजिक पुनरुथापनाका लागि बीस हजार रूपैयाँ पाउने भनिएको छ।

अदालतबाट कसुरदार ठहर भएका व्यक्तिले ३५ दिनभित्रै कोषमा रकम जम्मा गर्नुपर्ने र पीडितको बैंक खातामा जम्मा गरिने प्रवन्धसमेत नियमावलीमा राखिएको छ। कुनै कसूरको परिणाम स्वरूप पीडितको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा अदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने छ।

पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति, पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति, कसूरदारको आर्थिक श्रोत र अवस्था, पीडित तथा निजमा आश्रित व्यक्तिको अवस्था सबै पक्षलाई मध्यनजर गर्दै अदालतले क्षतिपूर्तिको आदेश दिनसक्ने छ। कसूरको परिणाम स्वरूप पीडितलाई चोटपटक लागेको वा अङ्गभङ्ग भएको भए उपचार खर्च तथा पीडितको मृत्यु भएकोमा सद्गत खर्च र काजक्रिया खर्च समेत पीडितले पाउने छन्।

क्षतिपूर्ति भराउँदा नगद वा जिन्सी वा दुवै भराउन सकिनेछ। कसूरदारको सम्पत्ति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ। जायजात गर्दासमेत क्षतिपूर्ति रकम असूल नभएमा वा क्षतिपूर्ति नतिरेमा पीडकलाई एक दिनको तीन सय रूपैयाँको दरले क्षतिपूर्ति रकमलाई कैदमा परिणत गरी कैद गरिने छ।

**(१) मुलुकी अपराध संहिता, २०७४ः**

पीडितले क्षतिपूर्ति पाउनु पर्ने कुरा अन्तर्राष्ट्रिय मान्यताका हिसाबले धेरै पहिले देखि स्वीकार गरिएको अवधारणा भए पनि नेपालमा यससम्बन्धी विषयले पुरा मान्यता पाएको अवस्था थिएन। यद्यपि पछिल्लो समयमा बनेका केही विषयगत ऐनहरूमा र मुलुकी ऐनका केही महलहरूमा क्षतिपूर्तिको सिमित व्यवस्थाहरू रहेको पाइन्छ। तर आम रूपमा सबै फौजदारी अपराधको सम्बन्धमा लागू हुने गरी क्षतिपूर्तिको व्यवस्था गर्न खोजिएको यो पहिलो पल्ट नै हो। क्षतिपूर्ति पाउनु पीडितको प्राथमिक र मौलिक अधिकार नै हो। यसलाई अधिकारको रूपमा संयुक्त राष्ट्रसंघले मानव अधिकारसम्बन्धी दस्तावेजहरूमा समेत मान्यता प्रदान गरि सकेको अवस्था छ। मुलुकी अपराध संहिताले पहिलो पटक क्षतिपूर्तिलाई पनि सजायको एउटा प्रकारको रूपमा उल्लेख गरेको छ।[३८]

यस संहितामा जम्मा जम्मी २७ प्रकृतिका फौजदारी कसूरको व्यवस्था गरिएको छ। यी प्रत्येक कसूरबाट यदि कसैलाई हानी, नोक्सानी वा कसैको सम्पत्तिमा क्षति भएमा कसूरबाट त्यस्तो हानी नोक्सानी हुने व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ भनी प्रष्ट रूपमा उल्लेख भएको पाइन्छ। नेपालको संविधानको धारा २१ ले पीडितलाई क्षतिपूर्ति सहितको न्याय पाउने हक प्रदान गरेको र मुलुकी अपराध संहिताको दफा १२७ ले कसूरदारबाट क्षतिपूर्ति भराई दिने कानूनी व्यवस्था भएकोले जुनसुकै अपराधबाट पीडित व्यक्तिले

---

[३८] मुलुकी अपराध संहिता २०७४, दफा ४०(१)(ङ)।

पनि हानी, नोक्सानी भएको क्षतिको आधारमा क्षतिपूर्ति पाउने अधिकार हुने हुँदा पीडितलाई क्षति भराई दिनु पर्ने कुरा महत्वपूर्ण छ। त्यसैगरी कतिपय स्थितिमा मुद्दाको अन्तिम किनारा भएपछि मात्र पीडितले पूर्ण क्षतिपूर्ति पाउने अवस्था रहन्छ। तर घटित अपराधको कारणबाट पीडितलाई पर्न गएको तत्कालिन क्षति तुरून्त भराउने प्रबन्ध नगर्ने हो भने पीडित झन् झन् पिडामा बस्नु पर्ने अवस्था आउँदछ। यस तथ्यलाई हृदयंगम गरी मुलुकी अपराध संहिताको दफा ४८ मा निम्न बमोजिम अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने कानूनी व्यवस्था गरिएको पाइन्छः

**दफा ४८. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्नेः**

(१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम दिई अदालतले त्यस्तो कसूरको अभियोग लागेको व्यक्तिलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अभियोग लागेको व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा रकम पीडित वा निजको आश्रित व्यक्तिलाई तुरून्त उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम क्षतिपूर्ति वा रकम उपदफा (२) बमोजिम उपलब्ध गराउन नसकेमा पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसूर सजाय निर्धारण र कार्यान्वयनसम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिनेछ र त्यसरी उपलब्ध गराएको रकम त्यस्तो अभियोग लागेको व्यक्तिबाट असुल उपर गरी त्यस्तो कोषमा सोध भर्ना गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति वा राहत रकम तिरेको व्यक्तिले अदालतबाट फैसला हुँदा अभियोगबाट सफाई पाएमा त्यस्तो क्षतिपूर्ति वा राहत रकम पाउने व्यक्तिले त्यस्तो रकम त्यसरी सफाई पाएको पैतिस दिन भित्र निजलाई वा उपदफा (३) बमोजिमको पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो रकम फिर्ता नगरेमा अदालतले त्यसरी सफाई पाएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट त्यस्तो रकम भराई दिनु पर्नेछ।

संहिताको दफा ४८ मा भएको यस कानूनी व्यवस्थाको कार्यान्वयनका लागि पनि सरकारी वकिलको महत्वपूर्ण भूमिका रहन्छ। यदि सरकारी वकिलले पीडितलाई यस दफाको आधारमा अन्तरिम क्षतिपूर्तिका लागि अदालत समक्ष अनुरोध नगर्ने हो भने अदालत आफैले सक्रियता लिएर भराउने अभ्यास रहेको पाइदैन। पीडितलाई त कानूनमा भएको यो व्यवस्था थाहा हुने कुरै भएन। त्यसकारण सरकारी वकिलले अभियोगपत्रमा क्षतिपूर्ति मागदावी गर्दा नै उक्त दफा ४८ अनुसारको अन्तरिम क्षतिपूर्तिको माग समेत उल्लेख गर्नु आवश्यक छ।

# परिच्छेद ५
# क्षतिपूर्ति सम्बन्धमा न्यायिक दृष्टिकोण

## ५.१ क्षतिपूर्ति सम्बन्धमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण

न्याय सम्पादनका सिलसिलामा हेर्दा नेपालमा हालसम्म पीडितलाई क्षतिपूर्ति भाइदिनु पर्छ भन्नेमा अदालतको दृष्टिकोण अत्यन्त सकारात्मक भएतापनि भराई दिने क्षतिपूर्तिको रकम तोक्दा भने अदालतको दृष्टिकोण ज्यादै नै अनुदार रहेको देखिन्छ। यद्यपि पीडितलाई क्षतिपूर्ति किन आवश्यक छ भन्ने सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न मुद्धाहरूमा मनग्य व्याख्या गरेको छ। अदालतले सैद्धान्तिक रूपमा पीडितको पीडालाई अत्यन्त गम्भिरताकासाथ आत्मसात पनि गरेको छ। क्षतिपूर्तिको आवश्यकतालाई गहिराइसम्म पुगेर आत्मसात पनि गरेको छ। तर जहाँ र जब मनासिब क्षतिपूर्तिको रकम निर्धारण गर्नुपर्ने अवस्था आउँछ त्यहाँ र त्यतिखेर भने नराम्ररी चुकेको पाइन्छ। पीडितलाई उपलब्ध हुने क्षतिपूर्तिको रकम निर्धारण गर्दा पछिल्लो समयमा केही गम्भीरताकासाथ हेरिएको भएपनि लामो समयसम्म अदालतले फैसला गर्दा अत्यन्त न्यून मात्राको क्षतिपूर्ति तोक्ने गरेको छ। लगभग २०७० सालसम्मका फैसलाहरू हेर्दा क्षतिपूर्ति भनेको न्यायको पाटो नै होइन कि भनेजस्तो गरी केवल औपचारिकता पुरा गरेजस्तो मात्र देखिन्छ।

उक्त अवधिमा तल्लो तहका अदालतको त कुरै छाडौं सर्वोच्च अदालतले समेत निर्धारण गरेको पीडितको लागि क्षतिपूर्ति कुनै उत्साहजनक प्रतिफलको रूपमा देखिन आउँदैन। महिला र बालबालिका पीडित भएका अधिकांश मुद्धाहरूमा अदालतबाट निर्धारित सो रकम नाम मात्रको नै देखिन्छ। यसबाट न्यायको यो पाटो अझै पनि ओझेलमा नै परेको देखिन आउँछ। बरू पछिल्ला दिनहरूमा हेर्दा तल्ला तहका अदालतमा कार्यरत केही न्यायमूर्तिहरूले क्षतिपूर्ति भराउँदा मनासिब रकम भराउनु पर्छ भन्ने दृष्टिकोण राखेको विभिन्न फैसलाको अध्ययनबाट पुष्टि हुन आउँदछ।

अब नयाँ कानूनी प्रबन्ध लागू भइसकेको सन्दर्भमा न्यायकर्मीहरूले क्षतपूर्ति निर्धारण गर्दा अलि गम्भीरताकासाथ सोच्नु पर्ने बेला आएको छ। क्षतिपूर्ति भनेको न त न्यायाधीशको दयाको उपज हो न त पीडितलाई दिइने सान्त्वना। यो त पीडितको न्यायसम्बन्धी हक वा उसको अधिकारको विषय हो। कसैले गरेको नोक्सान पूर्ताल गर्ने मात्र नभई पीडित व्यक्तिको समाजमा पुनःस्थापना गर्न लाग्ने खर्चदेखि पीडितको आर्थिक हकको सुनिश्चितता गर्नु पनि हो ।

माथि विवेचना गरिएका कानूनहरूले यही सैद्धान्तिक आधारलाई आत्मसात गरेर क्षतिपूर्ति भराउँदा अपनाउनु पर्ने मापदण्ड निर्धारण गरेको पाइन्छ। तसर्थः क्षतिपूर्ति न्यायसँग मात्र सम्बन्धित विषय नभई नैतिकतासँग पनि जोडिने पक्ष हो । हाम्रो पूर्वीय सभ्यताले सधैं न्याय र नैतिकताको परस्पर सम्बन्धको वकालत गरेको छ। अदालतहरूले फैसला गर्दा यो सम्बन्धलाई पनि नबिर्सी कानूनमा लेखिएको भएर अथवा केही न केही त दिनै परेकाले मात्र अलिकति दिएजस्तो गर्न कदापि मिल्दैन। बरू साँच्चिकै पीडितको पीडाको गहिराइ

बुझेर सो अनुसार निजलाई आथिर्क तथा मानसिक राहत समेत हुने हिसाबले मनासिब क्षतिपूर्ति दिनुपर्छ भन्नेमा दुई मत हुन सक्दैन। केही फैसलाहरूमा उल्लेख भएका न्यायिक दृष्टिकोण निम्न बमोजिम प्रस्तुत गरिएको छः

**(क) राकेशकुमार सिंह वि. नेपाल सरकार, नेकाप २०६४, नि.नं. ७८१०**

- पीडितलाई क्षतिपूर्ति भराउन अदालत आफैले सक्रियता जनाउनु पर्ने।
- जबरजस्ती करणीको महलको १० नं. अनुसार पीडित जाहेरवालीलाई पुनरावेदकको सम्पत्तिबाट आधा अंश दिलाई दिन पीडित जाहेरवालीले दरखास्त दिएमा मात्र कारबाही अगाडि बढाउने गरी भएको ठहर पनि ऐनको मनशाय विपरित देखियो। तल्लो अदालतहरूले जबरजस्ती करणीको महलको १० नं. को सम्बन्धमा गरेको आदेश ऐनको व्यवस्था र उद्देश्य विपरित देखियो। यदि जबरजस्ती करणीको महलको १० नं. को कानुनी व्यवस्थाका सम्बन्धमा पुनरावेदन एवं जिल्ला अदालतले अर्थ गरे सरह गर्ने हो भने पीडित महिला वर्गले न्याय पाउन सक्दैनन्।
- पीडित महिलालाई आफू जाहेरवाली भएको मुद्दाको अन्तिम फैसला भएको थाहा हुँदैन। पीडित महिलालाई जबरजस्ती करणीको महलको १० नं. को व्यवस्था थाहा हुँदैन।
- पीडित महिलालाई अभियुक्तको सम्पत्ति कहाँ कति के के छन् थाहा हुने कुरो होइन। अन्तिम अदालतबाट पनि मुद्दा हारेपछि जबरजस्ती करणीको महलको कार्यान्वयन हुन नदिन अभियुक्तले आफ्नो नामको सम्पत्तिमा आफूले हक छाड्ने संभावना पनि बढी हुन्छ।
- जिल्ला अदालत र पुनरावेदन अदालत दुवैले जबरजस्ती करणीको महलको १० नं. र अंशवण्डाको महलको फरक छुट्टयाउन सकेको देखिएन। जबरजस्ती करणीको महलको १० नं. को व्यवस्था अन्तर्गत प्राप्त हुने अंश अंशियारको हैसियतले नैसर्गिक अधिकार स्वरुप अंशवण्डाको महल बमोजिम सम्पत्ती पाउने होइन।
- जबरजस्ती करणीबाट पीडित भएको कारण पीडितलाई मानवीय, मनोवैज्ञानिक, शारीरिक, पेशागत, चारित्रिक, बौद्धिक, सामाजिक, आर्थिक लगायत जीवनको विभिन्न पक्षमा परेका दुरगामी असरलाई ध्यानमा राखी क्षतीपूर्ति स्वरुप प्राप्त हुने सम्पत्ति हो ।

**(ख) पवन कुमार यादव वि. नेपाल सरकार, ने.का.प. २०६७, नि.नं. ८४९४**

- बालबालिकासम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जवरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित बालिकाको हकको संरक्षण हुनसक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरूद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जवरजस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्ने।

- बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छूट दिएकै आधारमा जवरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छूट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने।

**(ग) लोकबहादुर सार्कीसमेत वि. नेपाल सरकार, ने.का.प. २०७२, नि.नं. ९३४६**

- अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुऱ्याउनु वा पुनस्थापना गर्न सक्नुपर्छ। तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैंमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थ परक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुने।
- बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ का पक्ष राष्ट्रहरूलाई बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नुपर्ने तथा बाबुआमा, कानूनी संरक्षक वा अन्य व्यात्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकामाथि हुने सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, शोषण, यौन दुर्व्यवहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनु पर्ने गरी दायित्व तोकेको पाइन्छ। नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो दायित्वबाट विमुख हुन मिल्ने नदेखिने।
- अब उप्रान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी विगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिँदा नेपाल सरकारसमेतबाट सोसम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुनु जरूरी देखिने।
- अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई नेपालको अन्तरिम संविधानको धारा १२ अन्तर्गतको बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा राख्नुपर्ने हुन्छ। तसर्थ नेपालको सन्दर्भमा अपराध पीडितको क्षतिपूर्तिको हक उक्त धारा १२ अन्तर्गतको बाँच्न पाउने हक अन्तर्गत सम्बोधन गरिनु पर्ने विषय हो भन्ने प्रस्ट हुन आउने।
- पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले अपराधबाट भोग्नु परेको पीडाको प्रकृति वा पीडाको कठोरता वा क्रूरतालाई नै क्षतिपूर्ति मापनको आधार बनाइनु पर्ने।
- पीडकको आर्थिक हैसियत वा क्षमताले त्यस्तो क्षतिपूर्तिमा निर्णायक स्थान प्राप्त गर्ने वा निर्णयको आधार बन्ने अवस्था सिर्जना गरिनु नहुने। अन्यथा पीडक पहिचान हुन नसकेको, फरार रहेको, आर्थिक अवस्था

कमजोर रहेको वा कम उमेरको रहेको भन्ने जस्ता तर्कहरू अगाडि ल्याएर पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित वा सङ्कुचित हुन जाने।

- यस्तो अवस्था सिर्जना हुन गएमा पीडित बाँच्न पाउने हकबाट नै वञ्चित भई पीडितको न्यायमा पहुँचसमेत स्थापित हुन नसकी पीडितको बाँच्न पाउने मौलिक हक र आधारभूत मानव अधिकारले न्यायिक संरक्षणसमेत प्राप्त गर्न नसक्ने।
- पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने।
- क्षतिपूर्तिबापतको रकम राज्यले पीडकबाट असुल उपर गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था लागू गर्न सक्ने। पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट वञ्चित गर्ने गरी प्रणालीले पीडितलाई थप पीडा दिन नमिल्ने।
- पीडितले प्रतिवादीहरूबाट भराइ पाउने ठहर भएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरूबाट सरकारी बिगोसरह असुलउपर गर्नु, गराउनु एवम्अब उप्रान्त यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति रकम एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्काल उपलब्ध गराउन र सो रकम पीडकबाट असुल उपर गर्ने गराउने व्यवस्था मिलाउन यथाशीघ्र आवश्यक र उपयुक्त पूर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने।

**(घ) नेपाल सरकार वि. तेजबहादुर थारू, ने.का.प. २०७४, नि. नं. ९७४६**

- प्रतिवादीबाट पीडितलाई के कति क्षतिपूर्ति भराई दिने भन्ने कुरा अदालतको jurisdiction भए पनि अभियोगपत्रमा क्षतिपूर्तिसमेतको माग गर्ने legal duty वादी नेपाल सरकारको हो। एकातिर यसरी वादी नेपाल सरकारले क्षतिपूर्तिको माग गरेको देखिँदैन भने अर्कोतिर प्रतिवादीको बयान हेर्दा प्रतिवादीको आफ्नो कुनै जग्गा जमिन, आयस्रोत र घरबाससमेत केही नभई गाईवस्तु चराउनेसमेतको काम गरी विरेन्द्रनगर नगरपालिका वडा नं.४ स्थित अर्काको घरमा बसेको देखिन्छ। प्रतिवादीले आरोपित कसुर गरेको अवस्थामा जबरजस्ती करणीको महलको १०नं र १०(ग)नं. को कानूनी व्यवस्था बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराउनु पर्ने हो। तर कुनै प्रकारको सम्पत्ति र आयस्रोतसमेत नभएको प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिने गरी फैसला गर्दा त्यो औचित्यपूर्ण र कार्यान्वयनयोग्य नहुने।

**(ङ) राजेश भन्ने भगीरथ दाहाल वि. नेपाल सरकार, ने.का.प. २०७४, नि.नं. ९३४६**

- वारदातको समयमा कानून थिएन तर सर्वोच्च अदालतबाट क्षतिपूर्ति भराउनेगरी फैसला
- जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनपर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न नमिल्ने ।
- संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नु पर्ने।

**(च) नेपाल सरकार वि. शान्ति वि.क., ने.का.प. २०७४, नि. नं. ९८६८**

- न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ। जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो। जरिवाना राज्यको कोषमा जान्छ।
- अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो। क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो। क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने।

**(छ) नेपाल सरकार वि. जसमोहन भन्ने जसवन्त सिंह, ने.का.प. २०७५, नि.नं. १००१३**

- क्षतिपूर्तिको उद्देश्य पीडितको पुनर्स्थापना र परिपूरणसँग सम्बन्धित हुन्छ। प्रतिवादी विदेशी नागरिक भएकाले निजबाट क्षतिपूर्ति भराउन नसकिने हुँदा क्षतिपूर्ति भराउनु पर्दैन भनी अर्थ गर्न नमिल्ने।
- प्रतिवादी विदेशी नागरिक भएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा पीडितको अधिकारमा संकुचन आउने अवस्था रहन्छ। यसबाट पीडितले क्षतिपूर्ति नपाउने अवस्थाको सिर्जना हुन गई पीडितले न्यायप्राप्त गर्नबाट वञ्चित हुनुपर्ने अवस्था पैदा हुन जाने।
- फैसलाबाट भरी पाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्य नै परास्त हुन पुग्दछ। असक्षम तथा बालबालिकाहरूको अन्तिम संरक्षक राज्य नै हुन्छ भन्ने Parens patriae सिद्धान्तको परिप्रेक्ष्यमा यस्ता अपराध पीडितले प्राप्त गर्ने क्षतिपूर्ति रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले प्रत्याभूत गरेको हक अधिकारको प्रचलन हुन सक्ने।

**(छ) ताराबहादुर बस्नेत समेत वि. नेपाल सरकार, ने.का.प. २०७६, नि. नं. १००२५**

- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन।
- जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था गरेकोमा कसूर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडितमैत्री विधिशास्त्रीय मान्यता अनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत समाञ्जयस्यता नराख्ने हुँदा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने।

**(ज) 'घ" कुमारीको जाहेरीले नेपाल सरकार वि. सागर भट्टसमेत, ने.का.प. २०७६, नि.नं. १०४०८**

- पीडितमाथि परेको पीडामात्र नभई त्रास (shock) को कारणले परेको आघात (mental trauma) को असरसमेतलाई विचार गरी क्षतिपूर्ति निर्धारण गर्न उचित हुने।
- कति क्षतिपूर्ति उचित (reasonable) हुने भन्दा पनि कति क्षतिपूर्ति पर्याप्त हुने (adequate) भन्ने अवधारणाबाट क्षतिपूर्ति सुनिश्चित हुनु पर्ने
- पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्यायको हक अपराध पीडितको नैसर्गिक हकको रूपमा स्वीकार्नु पर्ने हुन्छ। यस हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु अदालतको दायित्व हो र अदालतको आदेशबमोजिम पीडितलाई न्याय प्रदान गर्नु राज्यको कर्तव्य पनि हो।
- राज्यले अपराधबाट पीडितलाई परेको व्यापक प्रभावको पहिचान गर्ने दायित्वको निर्वाह गर्दा पीडितलाई Healing process अर्थात् उपचारको प्रक्रियाको अनुभूति गराउनसमेत मद्दत पुग्दछ।
- प्रभावकारी अनुसन्धान गरी पीडित तथा प्रतिवादीहरूको आर्थिक विवरण संकलन गर्नुपर्ने दायित्व राज्यको हो। यद्यपि अनुसन्धानको क्रममा अभिलेखीकरण गर्न नसक्नु वा अनुसन्धानमा अकर्मण्यता हुनुको परिणाम स्वरूप क्षतिपूर्ति नपाउने स्थिति सिर्जना हुन दिनु हुँदैन। साथै राज्यको निष्क्रियतालाई कम क्षतिपूर्तिको आधार बन्न दिनु तर्कसङ्गतसमेत हुँदैन।
- पीडितलाई पुग्न गएको आर्थिक र गैर आर्थिक सबै किसिमका क्षति पूरण हुने गरी पीडितको उमेर, शिक्षा र जीविकोपार्जनको अवस्था हेरी निजलाई आत्मनिर्भर हुनका लागि सहज हुने गरी प्रतिवादीको आर्थिक अवस्था समेतलाई ध्यानमा राखी पीडितलाई प्रतिवादीबाट जनही दुई लाख पचास हजार साथै नेपाल सरकार पीडित राहत कोष भए सो बाट र सो नभए नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट पाँच लाख क्षतिपूर्ति भराई दिने।

**(झ) नेपाल सरकार वि दिपक गुरूङसमेत, २०७७, नि. नं. १०४४३**

- पीडित बालिकाले पचास हजार रूपैयाँ क्षतिपूर्ति पाउने ठहरेको सो क्षतिपूर्ति रकम भराई पाउँ भनी पीडितको तर्फबाट दरखास्त परेमा ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी दिपक गुरूङबाट (निजका नाउँमा कुनै सम्पत्ति नभए निजको अंश भागमा पर्न आउने सम्पत्तिबाट) तथा सो अवस्थासमेत नभए कानूनबमोजिम खडा भएको पीडित राहत कोषबाट र त्यस्तो कोष खडा नभएको भए नेपाल सरकारबाट पीडितलाई क्षतिपूर्ति भराई दिनु भनी तनहुँ जिल्ला अदालतमा लेखी पठाई दिनू।

# परिच्छेद ६
# तथ्याङ्कको विश्लेषण

## ६.१ जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यास

क्षतिपूर्तिका सम्बन्धमा जबरजस्ती करणी मुद्दामा भएको न्यायिक अभ्यासको अध्ययनका लागि जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट भएका फैसलाहरूको अध्ययन गरिएको छ। यस अन्तर्गत जिल्ला अदालतको सन्दर्भमा प्रत्येक प्रदेशबाट एक जिल्ला अदालत छनौट गरिएको छ। यसरी छनौट गरिएका मोरङ जिल्ला अदालत, धनुषा जिल्ला अदालत, काठमाडौं जिल्ला अदालत, कास्की जिल्ला अदालत, रूपन्देही जिल्ला अदालत, सुर्खेत जिल्ला अदालत र कैलाली जिल्ला अदालतबाट संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म उल्लिखित मुद्दाहरूमा सजाय ठहर भएका फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

त्यसैगरी उच्च अदालतबाट अध्ययनको लागि उच्च अदालत विराटनगर, उच्च अदालत जनकपुर, उच्च अदालत पाटन, उच्च अदालत पोखरा, उच्च अदालत तुलसीपुर, बुटवल इजलास, उच्च अदालत सुर्खेत र उच्च अदालत दिपायलबाट संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म उल्लिखित मुद्दाहरूमा सजाय ठहर भएका फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सन्दर्भमा अध्ययन गर्दा उल्लिखित सुरु जिल्ला अदालतहरूबाट सजाय ठहर भई उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगी अन्तिम किनारा लागेका मुद्दाहरूको अध्ययन गरिएको छ। यसरी छनौट गरिएका सुरु जिल्ला अदालतका मुद्दाहरु संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म रहेका छन्। अध्ययन गर्दा फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

### ६.१.१ जिल्ला अदालतबाट जबरजस्ती करणीसम्बन्धी मुद्दामा न्यायिक अभ्यास

छनौट गरिएका सात वटा जिल्ला अदालतबाट ७० वटा जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. ३**

**सात जिल्ला अदालतबाट छनौट भएका जबरजस्ती करणीसम्बन्धी मुद्दा संख्या**

| क्र.सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | मोरङ | ९ |
| २ | धनुषा | ५ |
| ३ | काठमाडौं | १० |
| ४ | कास्की | ८ |
| ५ | रूपन्देही | १५ |
| ६ | सुर्खेत | ११ |
| ७ | कैलाली | १२ |
| **जम्मा** | | **७०** |

### (क) अन्तरिम क्षतिपूर्तिसम्बन्धी अभ्यास

अध्ययनको लागि छनौट गरिएका ७० वटा जबरजस्ती करणी मुद्दामा अन्तरिम क्षतिपूर्तिसम्बन्धी कुनै अभ्यास भएको देखिएन। अध्ययन गरिएका ती मुद्दाहरूमा न त अन्तरिम क्षतिपूर्ति माग गरिएको छ न त अदालतबाट आवश्यकता महशुस गरी अन्तरिम क्षतिपूर्ति भराई दिएको पाइएको छ।

### (ख) जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको मागदावी र क्षतिपूर्ति

अध्ययन गरिएका जिल्ला अदालतको फैसलाको अभियोग खण्डमा अध्ययन गर्दा ७० मध्ये जम्मा १५ वटा (२१.४%) मुद्दामा क्षतिपूर्तिको मागदावी लिएको देखिएन। फैसलाको अभियोग खण्डमा मागदावी नलिइए पनि कसूर ठहर हुँदा क्षतिपूर्ति भराइएको पाइएको छ।

**चित्र नं. १**




फैसलाको अभियोग खण्डमा मागदावी लिइएका पचपन्न वटा मुद्दा मध्ये कसूर ठहर हुँदा त्रिचालिस वटा मुद्दामा क्षतिपूर्ति भराइएको पाइन्छ। यसमध्ये एक मुद्दामा जरिजाना बापतको रकमसमेत क्षतिपूर्तिको लागि मागदावी लिएको देखिन्छ। मागदावी लिएका मध्ये बाँकी बाह्र वटा मुद्दामा क्षतिपूर्ति भराइएको देखिदैन। देहायको तालिकाबाट समेत उल्लिखित तथ्याङ्कलाई स्पष्ट परिएको छ।

**तालिका नं. ४**
**जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको मागदावी र क्षतिपूर्ति**

| विषय | क्षतिपूर्ति भराइएको | क्षतिपूर्ति नभराइएको | जम्मा |
|---|---|---|---|
| **मागदावी लिइएको** | ४३ | १२ | **५५** |
| **मागदावी नलिइएको** | १५ | - | **१५** |
| **जम्मा** | **५८** | १२ | ७० |

### (ग) जबरजस्ती करणी मुद्दामा क्षतिपूर्ति भराइएको र नभराइएको अवस्था

अध्ययन गरिएको मुद्दा मध्ये प्रतिवादीलाई सजाय हुने गरी फैसला भएको अन्ठाउन्न वटा (८२.८६ प्रतिशत) जबरजस्ती करणी मुद्दामा पीडितलाई क्षतिपूर्ति भराएको पाइन्छ भने १७.१४ प्रतिशत मुद्दामा सजाय हुने गरी फैसला भएकोमा पीडितलाई क्षतिपूर्ति भराइएको छैन।

क्षतिपूर्ति भराउने गरी फैसला भएका अन्ठाउन्न वटा मुद्दामा त्यसरी क्षतिपूर्ति भराउँदा ८६.२१ प्रतिशत मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति भराइको देखिन्छ। यसमध्ये तीन वटा मुद्दामा जरिवान वापतको रकम क्षतिपूर्तिको रूपमा भराउने फैसलासमेत भएको देखिन्छ। त्यसैगरी ८.६३ प्रतिशत मुद्दामा पीडित राहत कोष तथा नेपाल सरकार मार्फत भराउने फैसला भएको देखिन्छ भने ३.४५ प्रतिशत मुद्दामा प्रतिवादीको सम्पत्तिबाट र सम्पत्ति नभए पीडित राहत कोषबाट भराउने गरी फैसला भएको पाइन्छ।

एक मुद्दामा प्रतिवादी कानूनको द्वन्द्वमा परेको बालक रहेकोमा पीडितले क्षतिपूर्ति पाउने भनी फैसला गरिए पनि कसबाट पाउने भनी स्पष्ट बोलिएको छैन। उक्त मुद्दामा सो बालकबाट क्षतिपूर्ति शुल्क भराउन उपयुक्त नहुने भनी फैसलामा बोलिएबाट क्षतिपूर्ति उक्त बालकबाट नभई नेपाल सरकार वा कोषबाट भराउने मनसाय रहेको देखिन्छ। यो फैसला सर्वोच्च अदातबाट कानूनको द्वन्द्वमा परेको बालकलाई क्षतिपूर्तिको दायित्वबाट उन्मुक्ति नदिने गरी नजिर प्रतिपादन हुनु पूर्व गरिको पाइन्छ। त्यसैगरी ८ वटा मुद्दामा कानूनको द्वन्द्वमा परेको बालकलाई क्षतिपूर्तिको दायित्व पर्ने गरी फैसला गरेको पाइन्छ भने एक मुद्दामा त्यस्तो बालकलाई आठ वर्ष बाल सुधार गृहमा पठाउने फैसला भएपनि क्षतिपूर्ति भराउने सन्दर्भमा बिज्याईकर्ता नाबालक भएकोले क्षतिपूर्तिको रकम भराउन मनासिव नदेखिएकोले स्थगन गरिएको पाइन्छ। त्यस्तै कानूनको द्वन्द्वमा परेको बालक रहेकोमा पीडितलाई त्यस्ता बालकको सम्पत्तिबाट क्षतिपूर्ति भराउने र यदि सम्पत्ति नभए पीडित राहत कोषबाट भराउने गरी फैसला भएकोसमेत पाइन्छ।

**चित्र नं. २**




त्यसैगरी अध्ययन गरिएका सत्तरी वटा मुद्दा मध्ये बाह्र वटा मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति भराइएको पाईंदैन। यस मध्ये चार वटा मुद्दामा क्षतिपूर्तिको मागदावी भएपनि क्षतिपूर्ति भराउनु नपर्नाको कुनै आधार र कारण उल्लेख गरिएको देखिदैन। यी चार मुद्दामा एक मुद्दा प्रतिवादीलाई बैवाहिक बलात्कार कसूरमा सजाय ठहर भएको पाइन्छ।

उल्लिखित बाह्र वटा (१७.१४ प्रतिशत) क्षतिपूर्ति नभराइएको मुद्दा मध्ये ४.२९ प्रतिशत मुद्दामा प्रतिवादी कानूनको द्वन्द्वमा परेको बालक रहेको हुँदा ती बालकको आय स्रोत नहुने भनी क्षतिपूर्तिको दायित्वबाट छुट दिएको पाइन्छ। त्यस्तै एक मुद्दामा "प्रतिवादी बालक रहेको र पीडितको सहमतिमा करणी गरेको भनी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको व्यहोरा समेतको आधारमा पीडितलाई प्रतिवादीबाट मनासिव क्षतिपूर्ति दिलाई पाउँ भन्ने सम्मको अभियोगमागदावी पुग्न सकिंदैन" भनी उल्लेख गरेकोसमेत पाइन्छ। कानूनको द्वन्द्वमा परेको बालकलाई क्षतिपूर्तिको दायित्वबाट उन्मुक्ति हुने नहुने सम्बन्धमा माथि नै बृहत चर्चा गरिएकोले यस खण्डमा चर्चा गरिएको छैन।

त्यसैगरी प्रतिवादीबाट क्षतिपूर्ति नभराउने गरी भएका फैसलामा पीडित, जाहेरवालाले अदालतमा प्रतिकूल बकपत्र गरेकोले पीडितलाई गल्तीको लाभ दिन नहुने भनी ४.२९ प्रतिशत मुद्दामा क्षतिपूर्ति नभराउने गरी फैसला भएको पाइन्छ। एक मुद्दामा प्रतिवादी विदेशी भएको अवस्थामा क्षतिपूर्ति कार्यन्वयनमा जटिलता हुने भएकोले क्षतिपूर्ति नभराउने गरी फैसला भएको पाइन्छ। प्रतिवादीको आर्थिक अवस्थालाई विचार गरी एक मुद्दामा क्षतिपूर्ति नभराई फैसला भएको देखिन्छ। यसको विस्तृत विवरण देहायको चित्रबाट प्रष्ट गरिएको छ।

चित्र नं. ३




हाडनातातर्फ जबरजस्ती करणी मुद्दामा फरक फरक दृष्टिकोण पाइएको छ। प्रतिवादीले हाडनातामा जबरजस्ती करणी गरेको नौ वटा मुद्दा मध्ये दुई वटा मुद्दामा क्षतिपूर्ति भराइएको पाईंदैन। यस मध्ये एक मुद्दामा हाडनातातर्फ कसूर भएकाले क्षतिपूर्ति भराउनु नपर्ने भनी फैसला भएको पाइन्छ भने अर्को मुद्दामा क्षतिपूर्ति नभराउनुपर्ने आधार र कारण उल्लेख नगरी क्षतिपूर्तिको मागदावी रहे पनि सजाय मात्रै ठहर गरिएको पाइन्छ। त्यस्तै प्रकृतिको अन्य सात वटा मुद्दा मध्ये एक मुद्दामा बाहेक अन्य छ वटा मुद्दामा आधार र कारण सहित क्षतिपूर्ति भराइएको पाइन्छ। यसरी क्षतिपूर्ति रकम भराउँदा प्रतिवादीको कुनै सम्पत्ति नदेखिएको र आर्थिक अवस्था कमजोर भएकोले तीस हजार रूपैंया पीडित राहत कोषबाट भराउने गरी फैसला भएको देखिन्छ भने प्रतिवादीबाट पचास हजार रूपैंयादेखि एक लाख पचास हजार रूपैंया क्षतिपूर्ति भराइएको पाइन्छ। त्यसैगरी यसै प्रकृतिको एक मुद्दामा जरिवाना बापतको सात लाख रूपैंया पीडित राहतकोषमा दाखिला गरेपछि सो रकम पीडितलाई क्षतिपूर्ति वापत भराई दिने गरी फैसला भएको देखिन्छ।

### (घ) जबरजस्ती करणी मुद्दामा भराइएको क्षतिपूर्ति र सजाय

अध्ययन गरिएका क्षतिपूर्ति भराइदिने गरी फैसला भएका ५८ वटा मुद्दा हेर्दा क्षतिपूर्ति निर्धारण गर्दा सजायको मात्रालाई खासै आधार लिएको दर्खिदैन। यस्ता मुद्दामा क्षतिपूर्तिको रकम दश हजार रूपैंयादेखि एक लाख पचास हजार रूपैंयासम्म भराइएको पाइन्छ। त्यसैगरी कानूनको विवादमा परेको बालक, जबरजस्ती करणी कसूरलाई बालयौन दुर्व्यवहारमा परिणत भएको अवस्था बाहेक पनि दश तथा बाह्र वर्ष कैदको सजाय ठहर

भएकोमा क्षतिपूर्ति बापत दश हजार रूपैंया भराउने आदेश गरिएको पाइन्छ। अध्ययनमा दश वर्ष माथि कैद सजाय भएको ४१ वटा मुद्दामा क्षतिपूर्ति रकम दश हजार रूपैंयादेखि सात लाख रूपैंयासम्म भराइएको दखिन्छ। त्यस्तै पाँच वर्ष माथि कैद सजाय भएको बाह्र वटा मुद्दामा क्षतिपूर्ति रकम दश हजार रूपैंयादेखि दुई लाख बीस हजार रूपैंयासम्म भराइएको गरिएको दखिन्छ। क्षतिपूर्ति स्थगन गरिएको एक मुद्दा बाहेक अन्य मुद्दाको विस्तृत विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका नं. ५**

**जबरजस्ती करणी मुद्दामा भराइएको क्षतिपूर्ति र सजाय**

| क्र.सं. | सजाय | अध्ययन गरिएको मुद्दा | क्षतिपूर्ति रकम |
|---|---|---|---|
| १. | १० वर्ष माथि कैद सजाय भएको | ४१ | दश हजार रूपैंयादेखि सात लाख रूपैंयासम्म |
| २. | ५ वर्षदेखि १० वर्षसम्म कैद सजाय भएको | १२ | दश हजार रूपैंयादेखि दुई लाख बीस हजार रूपैंयासम्म |
| ३. | ५ वर्ष मुनि सजाय भएको | ४ | दश हजार रूपैंयादेखि पचास हजार रूपैंयासम्म |
| ४. | फरक फरक अवधीको सजाय | १५ | पचास हजार रूपैंयासम्म |
| ५. | | २१ | पचास हजार रूपैंया माथि |

**(ङ) जबरजस्ती करणी मुद्दामा क्षतिपूर्ति भराउँदा लिइएको आधार र कारण**

अध्ययन गरिएका ५८ वाटा मुद्दा मध्ये ३१ वटा मुद्दामा फैसला गर्दा क्षतिपूर्ति बापतको रकम भराउनुपर्ने आधार र कारण उल्लेख गरिएको पाइएन। सजाय निर्णारण गर्दा आधार र कारण खुलाइएको पाइए पनि २८ वटा मुद्दामा प्रतिवादीबाट र एक मुद्दामा कोषबाट क्षतिपूर्ति बापत तोकिएको रकम भराउनु पर्नाको आधार र कारण भने उल्लेख गरिएको पाइएन। त्यसैगरी दुई वटा मुद्दामा कानूनको विवादमा रहेको बालकको सम्पत्तिबाट र सम्पत्ति नभए कोषबाट भराउने गरी फैसला भएकोमा एक मुद्दामा दश हजार रूपैंया भराउने भनी फैसलामा क्षतिपूर्ति निर्धारणको आधार र कारण खुलाइएको छैन।

देहायको चित्रबाट अध्ययन गरिएका मुद्दामा फैसला गर्दा क्षतिपूर्तिका आधार निर्धारण गरी क्षतिपूर्ति निर्धारण गरिएको र आधार उल्लेख नै नगरी निश्चित रकम क्षतिपूर्ति बापत भराइ पाउने भनी ठहर भएका तथ्याङ्कलाई चित्रित गर्दछ।

**चित्र नं. ४**




क्षतिपूर्ति भराइएको बाँकी ४७ प्रतिशत (२७ वटा) मुद्दामा सजाय निर्धारण पछि पीडितलाई क्षतिपूर्ति बापत उल्लेखित रकम भराउँदा आधार र कारण लिएको पाइन्छ। यसको विस्तृत विवरण देहायको चित्रबाट प्रष्ट गरिएको छ।

**चित्र नं. ५**

**क्षतिपूर्ति निर्धारणमा आधार र कारण लिइएको अवस्था**



उक्त अठ्ठाइस वटा मुद्दा मध्ये दश मुद्दामा प्रतिवादीको आर्थिक अवस्थालाई आधार लिई क्षतिपूर्ति रकम निर्धारण गरेको पाइन्छ। साथै, प्रतिवादीको आर्थिक हैसियत उल्लेख गर्दै प्रतिवादी घर बनाउने लेबरको रूपमा काम गर्ने व्यक्ति रहेको भनी पच्चीस हजार रूपैंया क्षतिपूर्ति रकम, आर्थिक अवस्था कमजोर, वृद्ध बिरामी हजुरबुबा तथा बुबा लगायत संरक्षणमा ३ जना बहिनीहरूसमेत रहेको भनी पच्चीस हजार रूपैंया क्षतिपूर्ति रकम भराइदिने भनी फैसलामा उल्लेख गरिएको देखिन्छ। प्रतिवादीको आर्थिक हैसियतको आधारमा प्रतिवादीबाट क्षतिपूर्ति भराउँदा पच्चीस हजार रूपैंयादेखि एक लाख पचास हजार रूपैंया क्षतिपूर्ति भराइएको देखिन्छ। यसरी क्षतिपूर्ति भराइएका प्रतिवादीलाई ७ वर्ष ३ महिना कैद सजायदेखि जन्मकैद र ७ लाख जरिवाना सम्मको सजाय भएको देखिन्छ। त्यस्तै एक मुद्दामा आर्थिक अवस्थालाई दृष्टिगत गरी क्षतिपूर्तिमा जरिवाना वापतको सात लाख रूपैंया रकम भराउने भनी उल्लेख गरेको पाइन्छ।

त्यसैगरी चार वटा मुद्दामा पीडित रहत कोष तथा नेपाल सरकारमार्फत क्षतिपूर्ति भराउँदा प्रतिवादीको नाममा जग्गा जमिन नभएको, बैंक खाता एवं शेयर कारोबार नभएको, प्रतिवादीको कुनै सम्पत्ति नदेखिएको, आर्थिक अवस्था कमजोर, ज्याला गरी गुजारा चलाउने, पारिवारिक अवस्था, आयस्रोत, घटना प्रकृति, प्रतिवादीको क्षतिपूर्ति तिर्ने हैसियत नदेखिएको जस्ता आधार र कारण लिइएको देखिन्छ। यसरी कोषबाट भराउँदा तीस हजार रूपैंयादेखि एक लाख रूपैंयासम्म भराइएको देखिन्छ। यसरी कोषबाट क्षतिपूर्ति भराइएका प्रतिवादीलाई १० वर्ष कैद र ३० हजार जरिवानाको सजायदेखि १८ वर्ष कैदसम्मको सजाय भएको देखिन्छ भने कानूनको द्वन्द्वमा परेको बालकलाई १ वर्ष बाल सुधार गृहमा राख्ने र क्षतिपूर्ति वापतको रकम नेपाल सरकारबाट भराउने भनी फैसला भएको देखिन्छ।

अध्ययन गरिएका मध्ये छ वटा मुद्दामा क्षतिपूर्ति निर्धाण गर्दा आर्थिक अवस्थाका साथै उमेर, निजको, चेतनाको स्तर, शैक्षिक स्तर, निजलाई भएको सजाय जस्ता आधार लिएको देखिन्छ। यस मध्ये जन्म कैद र पन्ध्र हजार रूपैंया जरिवाना भएको कसूरदारलाई सामान्य आर्थिक अवस्था तथा सामान्य चेतनाको स्तरको देखिएको भन्ने आधारमा पैंतीस हजार रूपैंया क्षतिपूर्ति भराउने गरी फैसला भएको देखिन्छ। शैक्षिक अवस्थालाई आधार लिई एक मुद्दामा १२ वर्षको कैद सजाय ठहर भएको कसूरदारलाई तीस हजार रूपैंया क्षतिपूर्ति भराउने गरी फैसला भएको देखिन्छ। अर्को मुद्दामा अशिक्षित भएको भन्ने सजायपूर्वको प्रतिवेदनको आधारमा ७ वर्ष कैद र २ लाख जरिवानाको सजाय भएको कसूरदारबाट बीस हजार रूपैंया क्षतिपूर्ति र जरिवाना वापतको रकम २ लाखसमेत भराइएको पाइन्छ। त्यसैगरी आर्थिक अवस्था, उमेर र निजलाई भएको सजायलाई आधार लिई ७ वर्ष कैद देखि जन्मकैदसम्म सजाय भएको कसूरदारलाई पचास हजारदेखि १ लाख रूपैंयासम्म क्षतिपूर्ति भराउने फैसला भएको देखिन्छ।

अध्ययन गरिएका मध्ये छ वटा मुद्दामा क्षतिपूर्ति निर्धाण गर्दा पीडितको शारीरिक तथा मानसिक क्षतिलाई आधार लिएको देखिन्छ। यस मध्ये एक मुद्दामा पीडितलाई पुग्न गएको क्षतिलाई आधार लिई जन्मकैदको सजाय ठहर भएको र अर्को मुद्दामा पटक पटक करणी गरेको, करणीको भिडियो बनाई अनुचित दबाद दिएको र मानसिक तनाब भएको आधार लिई बाह्र वर्ष कैदको सजाय ठहर भएको दुवै कसूरदारलाई छुट्टाछुट्टै एक लाख पचास हजार रूपैंया क्षतिपूर्ति भराइएको देखिन्छ। त्यसैगरी दश वर्ष कैद सजाय ठहर भएको कसूरदारलाई पीडितलाई पर्न गएको मानसिक र सामाजिक क्षतिलाई आधार लिई पचास हजार रूपैंया क्षतिपूर्ति भराइदिने गरी फैसला भएको देखिन्छ। अर्को मुद्दामा पीडितको शारीरिक तथा मानसिक क्षतिको स्पष्ट आंकलन गरी एकिन क्षतिपूर्ति माग भएको, बाबुको पेशा कृषि रहेको तथा जग्गा जमिन रहेको आधार लिई चालीस हजार रूपैंया क्षतिपूर्ति भराइएको फैसलामा भएको देखिन्छ। त्यसैगरी पीडितको शारीरिक तथा मानसिक अवस्था सामान्य र प्रतिवादीको आर्थिक अवस्था इंकित गर्दै तथा शारीरिक तथा मानसिक क्षतिलाई आधार लिई क्रमशः बाह्र वर्ष छ महिना बाल सुधार गृह पठाउने गरी सजाय निर्धारण भएको अवस्थामा र चौध वर्ष कैद सजाय निर्धारण भएको अवस्थामा प्रतिवदीहरूलाई पच्चीस हजार रूपैंया क्षतिपूर्ति भराइदिने गरी फैसला भएको देखिन्छ।

अन्य दुई मुद्दामा मध्ये एक मुद्दामा नाबालिका पीडित हाल आमाको संरक्षकत्वमा नभएको आधार लिई पच्चीस वर्ष कैद सजाय भएको कसूरदारबाट र अर्को मुद्दामा कसूरको प्रकृति तथा स्वेच्छाले पीडितले मादक पदार्थ खाई होस गुमाएको अवस्थालाई आधार लिएर सात वर्ष कैद सजाय ठहर भएको कसूरदारबाट एक-एक लाख क्षतिपूर्ति भराई दिएको देखिन्छ।

### (च) जबरजस्ती करणी मुद्दामा भराइएको क्षतिपूर्तिको स्रोत

अध्ययन गरिएका प्रतिवादी अथवा कोषबाट क्षतिपूर्ति भराउने गरी भएको फैसला भएका सत्ताई वटा मुद्दा मध्ये प्रतिवादीबाट भराइ दिने भनिएको मुद्दामा धेरै मुद्दामा प्रतिवादीको जेथा देखाई निवेदन दिएमा वा पीडितको दरखास्त पर्न आएमा केही दस्तुर नलिई पीडितलाई क्षतिपूर्ति भराइदिनु भनी तपसिल खण्डमा बोलिएको पाइन्छ।

कानूनको द्वन्द्वमा परेको बालकको हकमा सो बालकको हकको सम्पत्ति रोक्का राखी सोबाट, नगदै दिए सोही नगदबाट र सम्पत्ति नभए पीडित राहत कोषबाट भराइ दिनु भनी तपसिल खण्डमा उल्लेख गरिएको पाइन्छ।

कुनै मुद्दामा नगद धरौटीबाट क्षतिपूर्ति भराइ दिनु भनी लेखिएको पाइन्छ भने कुनैमा प्रतिवादीको भागको सम्पत्ति लिलाम गरी सो जरिवानाको हकमा जरिवाना पीडित राहतकोषमा दाखिला गरेपछि पीडितलाई भराई दिनु भनेको पाइन्छ।

एक मुद्दामा पीडितले पाउने क्षतिपूर्तिको रकम २ महिना भित्र अदालतमा धरौट राख्न लगाउने र दाखिल भएपछि जाहेरवालालाई सूचना दिई भराइदिनु भनेको पाइन्छ। साथै, सो अवधी भर दाखिला नभएमा क्षतिपूर्तिमा व्याज भराउने सिद्धान्त अनुरूप जाहेरी मितिबाट भरी हुँदासम्मको सयकडा दश प्रतिशतका हुन आउने व्याज प्रतिवादीको हक भएको जायजेथाबाट भराई दिनु र क्षतिपूर्ति प्रयोजनका लागि प्रतिवादीको सम्पत्ति तुरून्तै रोक्का गर्नु भनी आदेशसमेत पाइन्छ। यस मुद्दामा तहसिलदारलाई सक्रियातापूर्वक कारवाही गर्नु भनी निर्देशन प्रदान गरिएको देखिन्छ।

हाडनातामा जबरजस्ती करणीको कसूरदारलाई एक मुद्दामा प्रतिवादीको हकमा अंश हकबाट तथा अर्को मुद्दामा जरिवाना वापतको सात लाख रकम भराउँदा प्रतिवादीको सम्पत्ति लिलाम गरी भराउने भनी फैसलामा बोलिकएको पाइन्छ।

### ६.१.२ उच्च अदालतबाट जबरजस्ती करणी मुद्दामा न्यायिक अभ्यास

छनौट गरिएका सात वटा उच्च अदालतबाट ४१ वटा जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. ६**

**सात उच्च अदालतबाट छनौट भएका जबरजस्ती करणीसम्बन्धी मुद्दा संख्या**

| क्र. सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | उच्च अदालत विराटनगर | ५ |
| २ | उच्च अदालत जनकपुर | ५ |
| ३ | उच्च अदालत पाटन | ७ |
| ४ | उच्च अदालत पोखरा | ३ |
| ५ | उच्च अदालत तुलसीपुर, बुटवल इजलास | १० |
| ६ | उच्च अदालत सुर्खेत | ४ |
| ७ | उच्च अदालत दिपायल | ७ |
| जम्मा | | ४१ |

**(क) पुनरावेदनमा जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको मागदावी**

अध्ययन गरिएका एकचालिस वटा मुद्दा मध्ये सात वटा (१७.०७ प्रतिशत) मुद्दामा पुनरावेदन गर्दा पक्षहरूले क्षतिपूर्ति सम्बन्धमा जिकिर लिएको पाइन्छ। यस मध्ये एक मुद्दामा प्रतिवादीलाई क्षतिपूर्ति भराउने ठहर भएकोमा प्रतिवादीले पुनरावेदन गर्दा निजको आर्थिक अवस्थाको कमजोर भएको भनी क्षतिपूर्ति बापतको त्रिचालिस हजार रूपैंया रकम भराइनु नपर्ने जिकिर लिएको देखिन्छ। अन्य छ वटा मुद्दा मध्ये चार वटा मुद्दामा जिल्ला अदालतबाट फैसला हुँदा क्षतिपूर्ति नभराइएकोले पुनरावेदनमा क्षतिपूर्तिको मागदावी लिएको देखिन्छ। त्यसैगरी एक मुद्दामा जिल्ला अदालतबाट आर्थिक अवस्थाको कारण क्षतिपूर्ति नभराइएको अवस्थामासमेत पुनरावेदन अदालतमा क्षतिपूर्तिको मागदावी लिएको देखिन्छ। उक्त मुद्दामा पुनरावेदन मागदावी गर्दा "On the Prespective of Victim Justice and at cos principle" को आधारबाट र पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको कसूर ठहर भएको प्रतिवादीलाई क्षतिपूर्ति भराउन सजायमा केही जिकिर नलिई केवल क्षतिपूर्ति भराउनु पर्नेतर्फ नेपाल सरकारको पुनरावेदन मागदावी परेको देखिन्छ।

बाँकी ८२.९३ प्रतिशत मुद्दामा पुनरावेदन गर्दा सजायमा जिकिर लिएको देखिए पनि क्षतिपूर्ति सम्बन्धमा कुनै किसिमको जिकिर लिएको देखिदैन।

**चित्र नं. ६**



### (ख) जबरजस्ती करणी मुद्दामा जिल्ला र उच्चमा अदालतबाट भएको क्षतिपूर्तिसम्बन्धी फैसला

अध्ययन गरिएको एकचालिस वटा मुद्दा मध्ये बत्तीस वटा मुद्दामा क्षतिपूर्ति सम्बन्धमा उच्च अदालतबाट भएको फैसलामा कुनै परिवर्तन नभइ सुरु तहको निर्णयलाई सदर गरिएको देखिन्छ। यस मध्ये सुरु अदालतको निर्णय सदर भएको चार वटा मुद्दामा जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएको र सोही निर्णय पुनरावेदन तहबाट सदर भएको पाइन्छ।

एक मुद्दामा जिल्ला अदालतबाट क्षतिपूर्ति भराई फैसला भएकोमा पुनरवावेदन तहबाट निर्णय हुँदा क्षतिपूर्ति भराउनु नपर्ने भनी फैसला भएको देखिन्छ।

एकचालिस वटा मुद्दा मध्ये बाँकी आठ वटा मुद्दामा क्षतिपूर्तितर्फ अध्ययन गर्दा पुनरावेदन तहबाट फैसला हुँदा सुरु तहको निर्णयमा आंशिक उल्टी भई फैसला भएको देखिन्छ। यस मध्ये दुई वटा मुद्दामा क्षतिपूर्ति कोषबाट भराएको देखिन्छ। यसरी भराउँदा पुनरावेदन मागदावी बमोजिम आर्थिक अवस्था कमजोर भएको प्रतिवादीको हकमा एक मुद्दामा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट भराइएको देखिन्छ। त्यसैगरी अर्को मुद्दामा जरिवाना बापतको रकम क्षतिपूर्ति दिने भनी जिल्ला अदालतबाट फैसला भएकोमा उच्च अदालतबाट सो क्षतिपूर्ति रकम पीडित राहत कोषबाट भराइ दिने ठहर गरी फैसला भएको पाइन्छ। यी दुवै मुद्दामा कैद तथा जरिवाना सजायमा भने सुरु तहको निर्णयलाई नै सदर भएको पाइन्छ। त्यसैगरी एक मुद्दामा सुरु तहबाट पच्चीस हजार रुपैंया क्षतिपूर्ति भराएकोमा पुनरावेदन तहबाट फैसला हुँदा पाँच लाख रूपैंया पीडित राहत कोषबाट र सोही मुद्दामा अर्का प्रतिवादीबाट दुई लाख पचास हजार रुपैंया क्षतिपूर्ति भराइएको पाइन्छ।

त्यसैगरी प्रतिवादीको सजायमा नै उल्टी हुँदाको अवस्थामा निजबाट भराउने क्षतिपूर्तिमा समेत फरक पर्न गएको पाइन्छ। यस्तै किसिमको एक मुद्दामा उच्च अदालतबाट फैसला हुँदा एक प्रतिवादीलाई मतियारमा ठहर भएकोले सो अनुरुप सजाय र क्षतिपूर्ति घटी गरिएको पाइएको छ। त्यस्तै एक मुद्दामा सुरु अदालतबाट सफाई पाएका प्रतिवादीलाई पुनरावेदन तहबाट फैसला हुँदा कसूर ठहर भई पचास हजार रुपैंया क्षतिपूर्ती प्रतिवादीबाट नै भराउने गरी फैसला भएको देखिन्छ।

### (ग) जबरजस्ती करणी मुद्दामा क्षतिपूर्ति भराउँदा लिइएको आधार र कारण

एक मुद्दामा पीडितको सामाजिक, साँस्कृतिक तथा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव तथा मानसिक र मनोवैज्ञानिक क्षतिको आधार लिई एक लाख रुपैंया क्षतिपूर्ति महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट भराइएको देखिन्छ।

एक मुद्दामा कसूरको गम्भीरता र पीडितको मानसिक तथा शारीरिक पीडाको तुलनामा तोकिएको क्षतिपूर्ति न्यून भएको र प्रतिवादीको आर्थिक अवस्थाको आधारमा लिई प्रतिवादीबाट भराउने क्षतिपूर्ति पीडित राहत कोषबाट भराइएको देखिन्छ। यसै मुद्दामा कोषबाट रकम निकासा गराई फैसला प्राप्त भएको ३ महिना भित्र अदालतबाट कर्मचारी खटाई गोपनियता कायम गरी पीडितको वतनमा गई क्षतिपूर्ति रकम बुझाउनु, प्रतिवादीको आर्थिक अवस्था सुदृढ भएपछि निजबाट कोषको रमक जम्मा गर्ने प्रयोजनका लागि लगत राख्नु , प्रतिवादीले रकम बुझाउन नसके निजको जायजेथा खोजी, रोक्का राखी, नियमानुसार लिलाम गरी क्षतिपूर्तिको रकम बुझाउनु

· उल्लिखित कार्यहरूका लागि प्रतिवादीको निवेदन नपर्खी अड्डैको सक्रियतामा फैसला प्राप्त भएको ३ महिनाभित्र क्षतिपूर्ति भराउने कार्य सम्पन्न गर्नु भनी तपसिल खण्डमा उद्देख गरेको देखिन्छ।

दुई वटा मुद्दा मध्ये एकमा क्षतिपूर्तिको पुनरावेदन मागदावी रहेकोमा प्रतिवादी विदेशी नागरिक भएकोले क्षतिपूर्ति कार्यान्वयनमा जटिलता हुने भएकोले नभराइएको उल्लेख गरेको पाइन्छ भने अर्को मुद्दामा आर्थिक अवस्थाको मागदावी लिएकोमा सुरु अदालतको क्षतिपूर्ति भराउने फैसलालाई सदर गरेको पाइन्छ।

त्यसैगरी क्षतिपूर्तिको प्रभावकारी कार्यान्वयनको लागि फैसलामा "अदालतबाट तुरुन्त डोर खटाई प्रतिवादीले नगद दिन चाहेमा गोपनियता कायम गरी भराईदिने, नगद दिन नसकेको अवस्थामा १ वर्षभित्र प्रतिवादीको जायजेथाबाट असूल उपर गरी भराई दिने, नगद नदिएमा वा जायजेथाबाट असुल नभएमा प्रतिवादीलाई कानून बमोजिम दिनको ३ सय रुपैंयाका दरले बढीमा ४ वर्ष ननघाई कैदी पूर्जी दिने" भनी तपसिल खण्डमा उल्लेख गरेको पाइन्छ।

बैवाहिक बलात्कार कसूरसम्बन्धी एक मुद्दामा जिल्ला अदालतबाट फैसला हुँदा क्षतिपूर्ति नभराइएको र उच्च अदालतमा पनि क्षतिपूर्तिको मागदावी नरहेकोले क्षतिपूर्ति भराइएको देखिंदैन।

कानूनको द्वन्द्वमा परेको बालक रहेको मुद्दामा जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएकोमा उच्च अदालतबाट फैसला हुँदा सुरु अदालतको निर्णलाई सदर गरी फैसला भएको देखिन्छ। यसमा "प्रतिवादी बालकले आय आर्जन गर्ने गरेको भन्ने दावी तथा जिकीर वादीले गर्ने नसकेकोले क्षतिपूर्तितर्फ दावी नपुग्ने" भनी फैसलामा उल्लेख गरेको देखिन्छ।

एक मुद्दामा जिल्ला अदालतबाट फैसला हुँदा पीडित र जाहेरवालाले फरक बकपत्र गरेकै आधारमा क्षतिपूर्ति नभराई दिन न्यायको दृष्टिले मनासिव नदेखिइकोले पाँच लाख क्षतिपूर्ति भराइ दिने गरी फैसला भएकोमा उच्च अदालतबाट "प्रतिवादी दोषी ठहर हुने स्थितिमा पीडितले प्रतिवादीलाई निरन्तर निर्दोष देखाउन गरेको प्रयास न्यायको रोहबाट मनासिव नदेखिएकोले क्षतिपूर्ति नभराउने" भनद्द क्षतिपूर्ति भराइएको पाइदैन। त्यस्तै एक मुद्दामा जरिवाना बापत रकम क्षतिपूर्ति बापत भराउने भनी सुरु अदालतबाट भएको फैसलामा असुल

उपर गर्ने सम्पत्ति नै नभएको भनी बयानमा देखिएकोले उच्च अदालतबाट फैसला हुँदा क्षतिपूर्ति कोषबाट भराउने भनी फैसलामा भएको देखिन्छ।

### ४.१.३ सर्वोच्च अदलातबाट जबरजस्ती करणीसम्बन्धी मुद्दामा न्यायिक अभ्यास

सर्वोच्च अदलातबाट अन्तिम किनारा लागेका सत्र वटा जबरजस्ती करणीसम्बन्धी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. ७**

**सर्वोच्च अदलातबाट अन्तिम किनारा लागेका जबरजस्ती करणीसम्बन्धी मुद्दा संख्या**

| क्र. सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | मोरङ | २ |
| २ | धनुषा | ० |
| ३ | काठमाडौं | ९ |
| ४ | कास्की | १ |
| ५ | रुपन्देही | ० |
| ६ | सुर्खेत | ५ |
| ७ | कैलाली | ० |
| जम्मा | | १७ |

अध्ययन गरिएको सत्र वटा मुद्दा मध्ये तीन वटा मुद्दामा क्षतिपूर्ति भराउनु नपर्ने गरी फैसला भएको देखिन्छ। यस मध्ये एक मुद्दामा प्रतिवादीलाई कसूरबाट सफाई भएकोले क्षतिपूर्तितर्फ भराउनु नपर्ने देखिन्छ भने अन्य दुई मुद्दामा पीडित र जाहेरवालापक्षले प्रतिकूल बकपत्र गरेको र कानूनको द्वन्द्वमा रहेको बालकको मुद्दामा निजले आय आर्जन गर्ने गरेको भन्ने दावी तथा जिकीर वादीले गर्ने नसकेको भन्ने आधारलाई नै मानी क्षतिपूर्ति भराउने नपर्ने भनी फैसलाको अन्तिम किनारा लागेको देखिन्छ।

अध्ययन गरिएको मुद्दा मध्ये चार वटा मुद्दामा अनुमति नहुने निर्ण भई अन्तिम किनारा लगेको देखिन्छ। यसमा सबै मुद्दामा जिल्लाबाट भएको क्षतिपूर्ति भराउने फैसला नै सर्वोच्च अदालतसम्म पुग्दा सदर भए देखिएको छ। त्यसैगरी एक मुद्दामा सर्वोच्च अदालतबाट उच्च अदालतको फैसलालाई सदर गरी फैसला भएको देखिन्छ। यस मुद्दामा जिल्ला अदालतबाट ठहर भएको कैद सजायमा सर्वोच्च अदालतबाट आंशिक उल्टी भएपनि क्षतिपूर्तितर्फ भने जिल्ला अदालतको फैसला नै सदर भएको देखिन्छ। अन्य छ वटा मुद्दामा

जिल्लाबाट भएको क्षतिपूर्ति तथा कैद र जरिवाना सजायभएको फैसला नै सर्वोच्च अदालतसम्म पुग्दा सदर भए देखिएको छ।

क्षतिपूर्ति भराउँदाको स्रोत सम्बन्धमा अध्ययन गर्दा अन्तिम किनारा लागेका चौध वटा मुद्दा मध्ये तीन वटा मुद्दामा पीडित राहत कोष तथा नेपाल सरकारबाट पीडितले भराइ पाउने गरी फैसला भएको देखिन्छ भने बाँकी एघार वटा मुद्दामा प्रतिवदीबाट भराउने गरी फैसला भएको देखिन्छ।

यसरी क्षतिपूर्ति भराउँदा कसूरको प्रकृति, आर्थिक अवस्था र उमेरलाई आधार लिएको देखिन्छ। यसलाई देहायको स्तम्भ चित्रबाट स्पष्ट गरिएको छ।

**चित्र नं. ७**




## ६.२ कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यास

क्षतिपूर्तिका सम्बन्धमा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा भएको न्यायिक अभ्यासको अध्ययनका लागि जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट भएका फैसलाहरूको अध्ययन गरिएको छ। यस अन्तर्गत जिल्ला अदालतको सन्दर्भमा प्रत्येक प्रदेशबाट एक जिल्ला अदालत छनौट गरिएको छ। यसरी छनौट गरिएका मोरङ जिल्ला अदालत, धनुषा जिल्ला अदालत, काठमाडौं जिल्ला अदालत, कास्की जिल्ला अदालत, रूपन्देही जिल्ला अदालत, सुर्खेत जिल्ला अदालत र कैलाली जिल्ला अदालतबाट संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म उल्लिखित मुद्दाहरूमा सजाय ठहर भएका फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

त्यसैगरी उच्च अदालतबाट अध्ययनको लागि उच्च अदालत विराटनगर, उच्च अदालत जनकपुर, उच्च अदालत पाटन, उच्च अदालत पोखरा, उच्च अदालत तुलसीपुर, बुटवल इजलास, उच्च अदालत सुर्खेत र उच्च अदालत दिपायलबाट संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म उल्लिखित मुद्दाहरूमा सजाय ठहर भएका फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सन्दर्भमा अध्ययन गर्दा उल्लिखित सुरु जिल्ला अदालतहरूबाट सजाय ठहर भई उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगी अन्तिम किनारा लागेका मुद्दाहरूको अध्ययन गरिएको छ। यसरी छनौट गरिएका सुरु जिल्ला अदालतका मुद्दाहरु संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म रहेका छन्। अध्ययन गर्दा फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

### ६.२.१ जिल्ला अदालतबाट कर्तव्य ज्यानसम्बन्धी मुद्दामा न्यायिक अभ्यास

छनौट गरिएका सात वटा जिल्ला अदालतबाट सतसट्ठी (६७) वटा कर्तव्य ज्यान मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. ८**

**सात जिल्ला अदालतबाट छनौट भएका कर्तव्य ज्यानसम्बन्धी मुद्दा संख्या**

| क्र. सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १. | मोरङ | १५ |
| २. | धनुषा | ५ |
| ३. | काठमाडौं | १३ |
| ४. | कास्की | ७ |
| ५. | रूपन्देही | ९ |
| ६. | सुर्खेत | ६ |
| ७. | कैलाली | १२ |
| **जम्मा** | | **६७** |

### (क) अन्तरिम क्षतिपूर्तिसम्बन्धी अभ्यास

अध्ययनको लागि छनौट गरिएका सतसट्ठी (६७) वटा कर्तव्य ज्यान मुद्दामा अन्तरिम क्षतिपूर्तिसम्बन्धी कुनै अभ्यास भएको देखिएन।

**(ख) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्तिको मागदावी र क्षतिपूर्ति**

अध्ययन गरिएका जिल्ला अदालतको फैसलाको अभियोग खण्डमा लिइएको क्षतिपूर्तिसम्बन्धी मागदावीलाई हेर्दा सतसट्ठी वटा मुद्दा मध्ये सतचालिस वटा (७०.१५%) मुद्दामा क्षतिपूर्तिको मागदावी लिएको देखिन्छ। बाँकी मुद्दामा क्षतिपूर्तिको मागदावी लिएको देखिँदैन। यस तथ्याङ्कलाई देहायको स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ।

**चित्र नं. ८**




यसरी मागदावी लिइएको सतचालिस वटा मुद्दामा कसूरदारलाई सजाय ठहर हुँदा छब्बीस वटा (५५.३२ प्रतिशत) मुद्दामा क्षतिपूर्ति भराइएको देखिन्छ भने बाँकी (४४.६८%) मुद्दामा क्षतिपूर्ति भराइएको देखिंदैन। त्यसैगरी मागदावी नलिइएको बीस वटा मुद्दामा कसूरदारलाई सजाय ठहर हुँदा एघार वटा (५५ प्रतिशत) मुद्दामा मागदावी नलिएपनि पीडितलाई क्षतिपूर्ति भराइएको देखिन्छ भने बाँकी (४५ प्रतिशत) मुद्दामा मागदावी नलिएको र क्षतिपूर्ति पनि नभराइएको देखिन्छ। उल्लिखित तथ्याङ्कलाई देहायको तालिकाबाट स्पष्ट परिएको छ।

**तालिका नं. ९**

**कर्तव्य ज्यानसम्बन्धी मुद्दामा अभियोग मागदावी र क्षतिपूर्ति**

| विषय | क्षतिपूर्ति भराइएको | क्षतिपूर्ति नभराइएको | जम्मा |
|---|---|---|---|
| **मागदावी लिइएको** | २६ | २१ | ४७ |
| **मागदावी नलिइएको** | ११ | ९ | २० |
| **जम्मा** | **३७** | **३०** | **६७** |

**(ग) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्ति भराइएको र नभराइएको अवस्था**

अध्ययन गरिएको मुद्दा मध्ये सजाय ठहर भएका सैंतीस वटा (५५.२२ प्रतिशत) मुद्दामा पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराउने ठहर भई फैसला भएको पाइन्छ। यसरी प्रतिवादीबाट क्षतिपूर्ति भराउने भनी ठहर भएको मुद्दा मध्ये दुई वटा मुद्दामा प्रतिवादी कानूनको द्वन्द्वमा परेको बालक रहेको अवस्था छ। यी दुई मुद्दा मध्ये एक मुद्दामा कानूनको द्वन्द्वमा परेको बालकबाट नै क्षतिपूर्ति भराउने ठहर भएको देखिन्छ भने अर्को सोही प्रकृतिको अर्को मुद्दामा प्रतिवादीबाट पीडितलाई भराइदिने ठहरेको क्षतिपूर्ति रकम पीडित राहत कोषबाट उपलब्ध गराउनु भनी उल्लेख गरिएको पाइन्छ।

उक्त पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराएको मुद्दामा फैसला गर्दा "क्षतिपूर्ति उपलब्ध गराउने व्यक्ति नाबालक रहेका, निजको आर्थिक अवस्था कमजोर रहेको भन्ने निजको बयान समेतबाट खुलेको, निजले बसमा सहचालकको काम गरी जिविकोपार्जन गर्ने गरेको भन्ने खुलेको हुँदा यी नाबालकबाट पीडितले क्षतिपूर्ति प्राप्त गर्न सक्ने अवस्था देखिदैन। यस स्थितिमा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा भएको प्रस्तुत फैसला नै निरर्थक हुन जान्छ भने क्षतिपूर्ति सहितको न्याय प्राप्त गर्ने पीडितको संवैधानिक हकमा नै आधात पुग्न जान्छ। तसर्थ कसूरदारलाई कानून बमोजिमको सजायको साथै पीडितलाई क्षतिपूर्तिबाट सम्बोधन गरिनु अपरिहार्य र न्यायोचित हुन जान्छ। यस्तो अवस्थामा अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति वापत पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्ने सन्दर्भमा निर्मित अपराध पीडित संरक्षण ऐन, २०७५ ले व्यवस्था गरेको पीडित राहत कोषबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइनु सान्दर्भिक र उचित हुन जान्छ। तसर्थ कानूनको विवादमा परेका बालकबाट पीडितलाई भराइदिने ठहरेको क्षतिपूर्ति बापतको रकम पीडित राहत कोषबाट पीडित (जाहेरीवाला)लाई भराइदिने ठहर्छ" भनी बोलिएको देखिन्छ।

**चित्र नं. ९**




त्यसैगरी अध्ययन गरिएका सतसट्ठी वटा मुद्दा मध्ये तीस वटा (४४.७८ प्रतिशत) मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति भराइएको पाईंदैन। यस मध्ये २१ वटा मुद्दामा अभियोग खण्डमा क्षतिपूर्तीको मागदावी लिएतापनि सजाय ठहर भएको कसूरदारबाट पीडितलाई क्षतिपूर्ति भराइएको पाईदैन। यसरी क्षतिपूर्ति नभराइएको मुद्दा मध्ये छ वटा मुद्दामा क्षतिपूर्ति नभराउँदा आधार र कारण उल्लेख गरेको देखिन्छ। उल्लिखित छ वटा मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति नभराउनु पर्ने भनी ठहर गर्दा पीडितको पहिचान नखुलेको, मृतकको हकवाला स्वंय पीडक रहेको भन्ने जस्ता आधार र कारण उल्लेख गरी फैसला भएको देखिन्छ। यी मुद्दामा "मृतकको वतन नदेखिएको, पहिचान नभएको, हकवाला स्पष्ट नभएको र क्षतिपूर्ति प्राप्त गर्ने व्यक्तिको पहिचान नखुलेकोले क्षतिपूर्ति भराउनु नपर्ने", "प्रथम स्तरको पीडित प्रतिवादीको श्रीमति (मृतक) रहेको, मृतकको हकवाला स्वंय पीडक रहेको र मृतकको बालबच्चा र आश्रित परिवार नरहेकोले क्षतिपूर्ति भराउनु नपर्ने", "पीडितको हकवाला छन् भनी खुली आएको देखिंदैन, प्रतिवादीको जायजेथा वादीले देखाउन नसकेको, जायजेथा भए निजका सन्तति नै पीडितका हकवाला हुने हुँदा क्षतिपूर्तितर्फ बोल्नु नपरेको", "मृतक बाबु र प्रतिवादी छोरा नाताको एकासगोलको परिवार देखिएको र मृतकको पत्नीको मृत्यु भइसकेको नजिकको हकवाला प्रतिवादी भएकोले क्षतिपूर्ति भराउन नपर्ने" र "प्रतिवादी र पीडित एकै घरका सदस्य भएकोले मृतकका हकवालालाई क्षतिपूर्ति भराउनु पर्ने नदेखिएको" भनी फैसलामा उल्लेख गरेको पाइन्छ।

क्षतिपूर्ति नभराइएको बाँकी पन्ध्र वटा मुद्दामा क्षतिपूर्ति नभराउँदा आधार र कारण उल्लेख गरेको पाईदैन। यस मध्ये कसूरदार ठहरिएका प्रतिवादी पति रहेको ७ वटा मुद्दा रहेको छ भने प्रतिवादी छोरा रहेको २ वटा मुद्दा रहेको छ।

त्यसैगरी अभियोग मागदावी खण्डमा क्षतिपूर्तिको पनि मागदावी उल्लेख नभएको र सजाय ठहर हुँदा क्षतिपूर्ति पनि नभराइएको नौ वटा मुद्दा मध्ये दुई मुद्दामा क्षतिपूर्ति नभराइनुको आधार र कारण उल्लेख गरेको देखिन्छ। त्यस मध्ये एक मुद्दामा "मृतक र प्रतिवादी पति पत्नी रहेको देखिएकोले क्षतिपूर्ति भराउँदा कस्ला भराउने भन्ने देखिएकोले दावी नपुग्ने" भनी उल्लेख गरेको पाइन्छ भने अर्को मुद्दामा "आफैले श्रीमती मारेको र मृतकको नजिक सम्वन्धी नाता निज प्रतिवादी रहेको हुँदा क्षतिपूर्ति भराई रहन नपरेको" भनी उल्लेख गरेको देखिन्छ। यस मुद्दामा अभियोग खण्डमा क्षतिपूर्तिको लागि मागदावी लिए देखिदैन तर सजाय निर्धारण हुँदा बहस र सजायपूर्वको प्रतिवेदनमा क्षतिपूर्तिको मागदावी रहेको उल्लेख गर्दै क्षतिपूर्ति भराउनु नपर्ने आधार र कारण उल्लेख गरेको पाइन्छ।

यसरी प्रतिवादी र पीडित एकाघरका सदस्य वा पीडक नै पीडित रहेको अवस्थामा केही मुद्दामा आधार कारण खुलाइ क्षतिपूर्ति भराउने तथा केहीमा नभराउने अभ्यास देखिन्छ।

### (घ) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सजाय र क्षतिपूर्ति

अध्ययन गरिएका क्षतिपूर्ति भराइदिने गरी फैसला भएका सैंतीस वटा मुद्दा हेर्दा जबरजस्ती करणी मुद्दामा जस्तै कर्तव्य ज्यानसम्बन्धी मुद्दामा पनि क्षतिपूर्ति निर्धारण गर्दा सजायको मात्रालाई खासै आधार लिएको दर्खिदैन। जन्मकैद वा २५ वर्ष कैद सजाय वा ३६.५ वर्ष कैद सजाय भएको मुद्दामा क्षतिपूति रकम भराउँदा न्यूनतम १५ हजार रूपैंयादेखि नौ लाख रूपैंयासम्म भराइएको पाइएको छ। यसरी भराइएकोमा न्यूनतमदेखि अधिकतम क्षतिपूर्ति बापतको रकम भराउँदा आधार र कारण खुलाइएको देखिदैन।

त्यसैगरी १० वर्षदेखि माथि १७ वर्षसम्म कैद सजाय अथवा बाल सुधार गृह पठाउने गरी ठहर भएको १० वटा मुद्दामा पचास हजार रूपैंयादेखि नौ लाख रूपैंयासम्म क्षतिपूर्ति रकम भराइएको पाइन्छ। यसमा कानूनको द्वन्द्वमा परेको बालक रहेको मुद्दामा उक्त बालककलाई बाल सुधार गृह पठाइएको र क्षतिपूर्ति रकम पीडित राहतकोषबाट भराउने फैसला भएको देखिन्छ भने नौ लाख रूपैंया क्षतिपूर्ति रकम भराउने गरी फैसला भएकोमा उपचार खर्चसमेत विचार गरी भराइएको पाइन्छ।

६ वर्षदेखि ८ वर्षसम्म कैद सजाय भएको २ वटा मुद्दा मध्ये १ वटा मुद्दामा र ५० हजार रूपैंया र अर्को मुद्दामा २ लाख रूपैंया क्षतिपूर्ति रकम भराइएको पाइन्छ। यस मध्ये ५० हजार रूपैंया क्षतिपूर्ति भराइएको मुद्दामा प्रतिवादी जेष्ठ नागरिक भएकोले जन्म कैद सजाय भएकोमा ७५% कैद छुट गरी ६ वर्ष ३ महिना कैद सजाय ठहर भएको देखिन्छ।

**तालिका नं. १०**

**कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सजाय र क्षतिपूर्ति**

| क्र.सं. | सजाय | अध्ययन गरिएको मुद्दा | क्षतिपूर्ति रकम |
|---|---|---|---|
| १. | जन्मकैद वा २५ वर्ष कैद सजाय (३६.५ वर्ष कैद समेत) | जम्मा २५ वटा | |
| | | १ | रू १५ हजार |
| | | ७ | रू २५ हजारदेखि रू ५० हजारसम्म |
| | | १० | रू ५० हजारमाथि रू १ लाखसम्म |
| | | ५ | रू १ लाखमाथि रू ५ लाखसम्म |
| | | २ | रू ५ लाखमाथि रू ९ लाखसम्म |
| २. | १० वर्षदेखि १७ वर्षसम्म कैद सजाय भएको | जम्मा १० वटा | |
| | | ३ | रू ५० हजार |
| | | ६ | रू १ लाखदेखि रू ३ लाखसम्म |
| | | १ | रू ९ लाख |
| ३. | ६ वर्षदेखि ८ वर्षसम्म कैद सजाय भएको | जम्मा २ वटा | |
| | | १ | रू ५० हजार |
| | | १ | रू २ लाख |

**(ङ) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्ति भराउँदा लिइएको आधार र कारण**

अध्ययन गरिएको क्षतिपूर्ति भराइएको सैंतीस वटा मुद्दा मध्ये अठ्ठाइस वटा (७५.६८ प्रतिशत) मुद्दाका कसूरदारलाई सजाय निर्णारण गर्दा आधार र कारण खुलाइएको पाइए पनि क्षतिपूर्ति बापत तोकिएको रकम भराउनु पर्नाको आधार र कारण भने उल्लेख गरिएको पाइएन। बाँकी नौ वटा मुद्दामा सजाय निर्णारण गर्दा आधार र कारण खुलाइएको देखिन्छ।

देहायको चित्रबाट अध्ययन गरिएका मुद्दामा फैसला गर्दा क्षतिपूर्तिका आधार निर्धारण गरी क्षतिपूर्ति निर्धारण गरिएको र आधार उल्लेख नै नगरी निश्चित रकम क्षतिपूर्ति बापत भराइ पाउने भनी ठहर भएका तथ्याङ्कलाई चित्रित गर्दछ।

**चित्र नं. १०**




नौ वटा मुद्दामा सजाय निर्णारण गर्दा आधार र कारण खुलाउँदा आर्थिक अवस्था, उपचार खर्च, उमेर र कसूर गर्दाको परिस्थिति, पीडितलाई पर्न गएको क्षति लगायतका कुराहरूलाई आधार लिई क्षतिपूर्ति रकम निर्धारण गरिएको पाइन्छ। यसको विस्तृत विवरण देहायको चित्रबाट प्रष्ट गरिएको छ।

**चित्र नं. ११**



उल्लिखित नौ वटा मध्ये दुई वटा मुद्दामा प्रतिवादीको आर्थिक अवस्थालाई मात्र आधार लिई क्षतिपूर्ति रकम निर्धारण गरेको पाइन्छ। यसमध्ये एक मुद्दामा १६ वर्ष ८ महिना सजाय ठहर भई सुधार गृह पठाउने गरी भएको मुद्दाका प्रतिवादी कानूनको द्वन्द्वमा परेको बालक हुँदा निजको आर्थिक अवस्था कमजोर रहेको कुरा खुलेकोले निजबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने अवस्था नरहेकोले पीडित राहतकोषबाट भराइदिनु भनी १ लाख क्षतिपूति रकम निर्धारण गरिएको पाइन्छ। तस्तै एक मुद्दामा प्रतिवादीहरूको नाममा कुनै जग्गा जमिन र बैंक खाता नरहेकोले जनही ५० हजार गरी चार जना प्रतिवादीबाट जम्मा २ लाख रूपैंया भराउने गरी फैसला भएको देखिन्छ।

एक मुद्दामा प्रतिवादीको आर्थिक अवस्था र पीडितलाई पर्न गएको मानसिक कष्टको आधारमा क्षतिपूर्तिको रकम निर्धारण गरेको पाइन्छ भने दुई वटा मुद्दामा पीडितलाई पर्न गएको क्षतिलाई आधार लिई क्षतिपूर्ति निर्धारण गरिएको पाइन्छ। यस मध्ये एक मुद्दामा "क्षतिको यकिन भै नआएको र परिपूरण हुन सक्ने अवस्था नभएपनि हकवालालाई पर्न गएको क्षति विचार गरी" क्षतिपूर्ति रकम निर्धारण गरिएको छ। त्यसैगरी उपचार रकम विचार गरी क्षतिपूर्ति भराउँदा "जाहेरी र बयानमा उपचार खर्चको दावी तथा प्रमाण पेश गरे अनुसार भराइएको" भनी उल्लेख गरिएको पाइन्छ। एक मुद्दामा जन्मकैदको कसूरमा सजाय ठहर भएका कसूरदारबाट "तजविजी" उल्लेख गरी चालिस हजार रूपैंया क्षतिपूर्ति भराइएको देखिन्छ।

### (च) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा भराइएको क्षतिपूर्तिको स्रोत

अध्ययन गरिएका प्रतिवादी क्षतिपूर्ति भराउने गरी भएको फैसला भएका छत्तीस वटा मुद्दा मध्ये सबैजसो मुद्दा (पीडित राहत कोषबाट भराउने बाहेक) मा मुद्दा अन्तिम किनारा लागेपछि अथवा पुनरावेदनको अवस्था नाघेपछि ऐनका म्याद भित्र प्रतिवादीको जेथा देखाई क्षतिपूर्ति भराई पाउन निवेदन दिएपछि नियमानुसार भराई दिनु भन्ने किसिमको व्यहोरा तपसिल खण्डमा उल्लेख गरिएको देखिन्छ।

कानूनको द्वन्द्वमा परेको बालकबाट क्षतिपूर्ति भराउने ठहर भएपनि क्षतिपूर्ति बापतको रकम पीडित राहतकोषबाट भराइदिने गरी भएको फैसलामा पीडित राहतकोषबाट भराइदिनका लागि कोषको सचिवालयमा पत्राचार गरी सरकारी वकील कार्यालयमार्फत पीडित जाहेरवालालाई उपस्थित गराई तत्काल सो रकम भराई दिनु भनी बोलिएको पाइन्छ।

अध्यन गरिएका सैंतीस वटा मुद्दा मध्ये एक मुद्दामा पीडित मृतकको नजिकको हकवाला भएको पुष्टी गर्ने प्रमाण लिई निवेदन दिनुपर्ने व्यहोरासमेत रहेको पाइएको छ। तस्तै एक मुद्दामा प्रतिवादीको अंश हक हिस्साबाट क्षतिपूर्ति बापतको रकम भराई पाउने भनी उल्लेख भएको पाइन्छ। त्यस्तै मोटरसाइकल बरामद भएको अवस्था रहेको एक मुद्दामा "प्रतिवादीको सम्पत्ति रोक्का भई नआएपनि निजबाट बरामद भएको मोटरसाईकल जिन्सीमा आम्दानी बाँधिएकोमा कानूनको रित पुर्याई लिलाम गरी आएको रकम धरौटीमा

आम्दानी बाँधी मुद्दा अन्तिम भएपछि उक्त रकमबाटै मृतकका हकदारलाई क्षतिपूर्ति भराई बढी भए प्रतिवादीलाई फिर्ता दिनू र नपुग भए प्रतिवादीको अन्य जेथा देखाएमा सोबाटै भराईदिनु" भनी बोलिएको समेत देखिन्छ।

त्यस्तैगरी दुई वटा मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति रकम दाखिला गर्न समय तोकिएको पाइएको छ। जसमध्ये प्रतिवादीबाट तीन लाख क्षतिपूर्ति भराई पाउने ठहर भएको एक मुद्दामा क्षतिपूर्ति रकम दाखिल गर्न तीन महिना समय दिनु भनी फैसलामा बोलिएको पाइन्छ भने दुई लाख क्षतिपूर्ति भराई पाउने भनी ठहर भएको एक मुद्दामा "क्षतिपूर्ति वापतको रकम प्रतिवादीलाई ५ महिना भित्र यस अदालतमा दाखेल गर्न जानकारी दिनु। दाखेल भएमा सूचना दिई भराई दिनु सो अवधीमा दाखेल नभएमा क्षतिपूर्तिमा व्याज भराउने सिद्धान्त अनुसार वारदात मितिबाट भरी हुँदासम्मको सयकडा १० प्रतिशतका हुन आउने व्याज समेत निज प्रतिवादीको जायजेथाबाट भराई दिनु। रकम भुक्तान नगरेमा सो वापतमा समेत बिगो अंकको आधारमा कैद गरी असुल गर्ने तर्फ कारवाही चलाउनु" भनी फैसलामा उल्लेख भएको पाइन्छ।

### ६.२.२ उच्च अदालतबाट कर्तव्य ज्यानसम्बन्धधी मुद्दामा न्यायिक अभ्यास

छनौट गरिएका सात वटा उच्च अदालतबाट ३७ वटा जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. ११**

**सात उच्च अदालतबाट छनौट भएका कर्तव्य ज्यानसम्बन्धी मुद्दा संख्या**

| क्र. सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | उच्च अदालत विराटनगर | ६ |
| २ | उच्च अदालत जनकपुर | १ |
| ३ | उच्च अदालत पाटन | १० |
| ४ | उच्च अदालत पोखरा | ४ |
| ५ | उच्च अदालत तुलसीपुर, बुटवल इजलास | ५ |
| ६ | उच्च अदालत सुर्खेत | ३ |
| ७ | उच्च अदालत दिपायल | ८ |
| **जम्मा** | | **३७** |

### (क) पुनरावेदन गर्दा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्तिको मागदावी

अध्ययन गरिएका सैंतीस वटा मुद्दा मध्ये पाँच वटा (१३.५१ प्रतिशत) मुद्दामा पुनरावेदन गर्दा पक्षहरूले क्षतिपूर्ति सम्बन्धमा जिकिर लिएको पाइन्छ। यी मुद्दाहरू मध्ये चार वटा मुद्दामा सुरु अदालतबाट फैसला

गर्दा क्षतिपूर्तितर्फ मौन रहेको तथा एक मुद्दामा सुरु अदालतबाट फैसला हुँदा न्यून रुपले क्षतिपूर्ति भराएको जिकिर लिई पुनरावेदन गर्दा क्षतिपूर्तिको दावी लिएको पाइन्छ। यस तथ्याङ्कलाई देहायको चित्रबाट स्पष्ट गरिएको छ।

**चित्र नं. १२**




सुरु अदालत तथा पुनरावेदन जिकिर गर्दा पनि क्षतिपूर्तिको मागदावी नलिइएको सात वटा मुद्दा मध्ये चार वटा मुद्दामा सुरु अदालतमा क्षतिपूर्ति भराइएको र पुनरावेदन तहबाट पनि फैसला गर्दा सुरु अदालतको निर्णय सदर गरेको पाइन्छ भने अन्य तीन वटा मुद्दामा दुवै तहको अदालतबाट क्षतिपूर्ति भराइएको पाइदैन।

**(ख) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जिल्ला र उच्च अदालतबाट भएको क्षतिपूर्तिसम्बन्धी फैसला**

अध्ययन गरिएको सैंतीस वटा मुद्दा मध्ये चौबीस वटा (६४.८६ प्रतिशत) मुद्दामा क्षतिपूर्ति सम्बन्धमा उच्च अदालतबाट भएको फैसलामा जिल्ला अदालतबाट भराएको क्षतिपूर्तिमा कुनै परिवर्तन नगरी सुरु तहको निर्णयलाई सदर गरिएको देखिन्छ। यसका साथै, नौ वटा सुरु अदालतको निर्णय सदर भएको मुद्दामा जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएको र सोही निर्णय पुनरावेदन तहबाट सदर भएको देखिन्छ। यस मध्ये एक मुद्दामा हकवाला कोही नभएकोले क्षतिपूर्ति तर्फ दावी नपुग्ने भनी सुरु अदालतको निर्णय सदर गरेको पाइन्छ।

चौबीस वटा मुद्दा मध्ये कैद सजाय ठहर भएको मुद्दामा उच्च अदातलबाट फैसला हुँदा कैद सजायतर्फ उल्टी तथा आंशिक उल्टी भए पनि क्षतिपूर्तितर्फ भने सुरु अदालतको निर्णयलाई सदर गरेको पाइन्छ। यस्तै किसिमको एक मुद्दामा सुरु अदालतबाट फैसला हुँदा सजाय ठहर नभएको दुई जना प्रतिवादीलाई उच्च अदालतबाट फैसला हुँदा निजहरूको हकमा सजाय उल्टी भई जन्मकैद ठहर भएको तर क्षतिपूर्ति भने भराइएको पाइदैन।

अध्ययन गरिएका बाँकी मुद्दा मध्ये जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएको तर उच्च अदालतबाट फैसला हुँदा क्षतिपूर्ति भराइएको ३ वटा मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति भराउने गरी फैसला भएको देखिन्छ। उच्च अदालतबाट क्षतिपूर्ति भराउँदा पच्चीस हजार रुपैंयादेखि पाँच लाख रुपैंयासम्म क्षतिपूर्ति रकम भराइएको देखिन्छ। त्यस्तै उच्च अदालतबाट कानूनको द्वन्द्वमा रहेका बालकहरु भएको मुद्दामा जिल्ला अदलतबाट निजहरूबाट जनही बीस हजार रुपैंया भराइदिने गरी फैसला भएकोमा उच्च अदालतबाट निजहरूबाट जनही एक लाख रुपैंया क्षतिपूर्ति भराउने ठहर देखिन्छ। यस मुद्दामा उक्त बालकहरू अध्ययनरत रहेको र आर्थिक अवस्था समेत कमजोर रहेकोले गरी निजहरूबाठ भराउने भनिएको क्षतिपूर्ति रकम पीडित राहत कोषबाट भराइदिने गरी फैसला भएको देखिन्छ।

### (ग) कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्ति भराउँदा लिइएको आधार र कारण

अध्ययन गरिएको मुद्दा मध्ये सुरु अदालतको निर्णय सदर भनी उल्लेख गरिएको मुद्दामा क्षतिपूर्ति भराउने वा भराउनु नपर्ने विषयमा खासै बोलिएको देखिदैन। जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएको मुद्दामा उच्च अदालतबाट क्षतिपूर्ति भराएको अवस्थामा तीन वटा मुद्दामा क्षतिपूर्ति भराउने फैसला भएको देखिन्छ भने प्रतिवादीबाट भराउने उल्लेख गरिएको एक मुद्दामा क्षतिपूर्ति भराउने कुनै आधार र कारण उल्लेख गरिएको पाईदैन।

अध्ययन गरिएको एक मुद्दामा श्रीमतिलाई कर्तव्य गरी मारेकोमा जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएको तर उच्च अदालतबाट फैसला हुँदा प्रतिवादी ज्यामीको काम गर्ने र पीडितको छोराछोरीका पिता भएकोले पच्चीस हजार रुपैंया भराइएको देखिन्छ। त्यसैगरी अर्को एक मुद्दामा आर्थिक अवस्था कमजोर र अध्ययनरत बालबालिका भएकोले पीडित राहत कोषबाट क्षतिपूर्ति रकम भराउने फैसला भएको देखिन्छ।

क्षतिपूर्ति नभराउने आधार कारण उल्लेख गर्दै एक मुद्दामा "सबै भन्दा पीडित तथा नजिकको हकदार भनेको मृतक तथा प्रतिवादीको छोरा हो भन्नेमा विवाद देखिन आउदैन। मृतक र प्रतिवादीको छोरा सबै भन्दा पीडित व्यक्ति हुनुका साथै सबै भन्दा नजिकको हकदार समेत भएको हुँदा प्रतिवादीको सम्पत्तिबाट मृतककी आमा (जाहेरवाला) लाई क्षतिपूर्ति भराई दिदा प्रतिवादीका नजिकका हकदार छोरालाई असर पर्न जाने हुन्छ। मृतकको छोरा मृतककी आमा हुँदा हुँदै जाहेरवालीलाई पीडित भनी क्षतिपूर्ति भराई दिनु न्यायोचित नहुने भएकोले निज जाहेरवालीलाई क्षतिपूर्ति भराई दिनु परेन" भनी फैसला भएको देखिन्छ। त्यस्तै अर्को एक मुद्दामा हकवाला कोही नभएकोले क्षतिपूर्ति तर्फ दावी नपुग्ने भनी निर्णय भएको पाइन्छ।

### ६.२.३ सर्वोच्च अदलातबाट जबरजस्ती करणीसम्बन्धी मुद्दामा न्यायिक अभ्यास

सर्वोच्च अदलातबाट अन्तिम किनारा लागेका सात वटा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. १२**

**सर्वोच्च अदलातबाट अन्तिम किनारा लागेका कर्तव्य ज्यानसम्बन्धी मुद्दा संख्या**

| क. सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | मोरङ | ४ |
| २ | धनुषा | ० |
| ३ | काठमाडौं | ० |
| ४ | कास्की | १ |
| ५ | रुपन्देही | ० |
| ६ | सुर्खेत | ० |
| ७ | कैलाली | २ |
| **जम्मा** | | ७ |

अध्ययन गरिएको ७ वटा मुद्दा मध्ये तीन वटा मुद्दामा क्षतिपूर्ति भराउनु नपर्ने गरी फैसला भएको देखिन्छ। यी तीन वटै मुद्दाहरू सुरु अदालतबाट नै दावी नपुग्ने, भराउनु नपर्ने र नभराइएको भनी फैसला भएकोमा सोही निर्णयलाई सर्वोच्च अदालतसम्म पुग्दा सदर भएको पाइन्छ।

अध्ययन गरिएको मुद्दा मध्ये एक मुद्दामा अनुमति नहुने निर्णय भई अन्तिम किनारा लगेको र एकमा सुरु अदालतको निर्णय सदर भएको अवस्था देखिन्छ। त्यसैगरी एक मुद्दामा सर्वोच्च अदालतबाट उच्च अदालतको फैसलालाई सदर गरी फैसला भएको देखिन्छ। यस मुद्दामा जिल्ला अदालतबाट ठहर भएको कैद सजायमा सर्वोच्च अदालतबाट आंशिक उल्टी भएपनि क्षतिपूर्तितर्फ भने जिल्ला अदालतको दावी नपुग्ने भनी भएको फैसला नै सर्वोच्च अदालतबाट सदर भएको देखिन्छ। अन्य तीन वटा मुद्दामा क्षतिपूर्ति भराउने तर्फ अन्तिम किनारा लागेको मुद्दामा समेत सर्वोच्च अदालतबाट जिल्ला अदालतबाट ठहर भएको क्षतिपूर्तिसम्बन्धी निर्णलाई नै सदर गरेको पाइन्छ।

क्षतिपूर्ति भराउँदाको स्रोत सम्बन्धमा अध्ययन गर्दा अन्तिम किनारा लागेका सात वटा मुद्दा मध्ये तीन वटा मुद्दामा प्रतिवदीबाट भराउने गरी फैसला भएको देखिन्छ। यसरी क्षतिपूर्ति भराउँदा आर्थिक अवस्थालाई आधार लिएको देखिन्छ भने एक मुद्दामा हकवाला कोही नभएकोले क्षतिपूर्ति तर्फ दावी नपुग्ने भनी उल्लेख समेत गरेको पाइन्छ। क्षतिपूर्ति भराउँदा प्रतिवादीको अंश भागबाट भराईदिने भनी एक मुद्दामा उल्लेख गरेको पाइन्छ।

## ६.३ मानव बेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यास

क्षतिपूर्तिका सम्बन्धमा मानव बेचबिखनसम्बन्धी मुद्दामा भएको न्यायिक अभ्यासको अध्ययनका लागि जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट भएका फैसलाहरूको अध्ययन गरिएको छ। यस अन्तर्गत जिल्ला अदालतको सन्दर्भमा प्रत्येक प्रदेशबाट एक जिल्ला अदालत छनौट गरिएको छ। यसरी छनौट गरिएका मोरङ जिल्ला अदालत, धनुषा जिल्ला अदालत, काठमाडौं जिल्ला अदालत, कास्की जिल्ला अदालत, रूपन्देही जिल्ला अदालत, सुर्खेत जिल्ला अदालत र कैलाली जिल्ला अदालतबाट संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म उल्लिखित मुद्दाहरूमा सजाय ठहर भएका फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

त्यसैगरी उच्च अदालतबाट अध्ययनको उच्च अदालत विराटनगर, उच्च अदालत जनकपुर, उच्च अदालत पाटन, उच्च अदालत पोखरा, उच्च अदालत तुलसीपुर, बुटवल इजलास, उच्च अदालत सुर्खेत र उच्च अदालत दिपायलबाट संहिता लागू भए पश्चात् अर्थात् वि.सं. २०७५ भाद्र १ गतेदेखि वि. सं. २०७९ असार मसान्तसम्म उल्लिखित मुद्दाहरूमा सजाय ठहर भएका फैसलाहरूमा क्षतिपूर्ति सम्बन्धमा विभिन्न कोणबाट अध्ययन गरिएको छ।

सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सन्दर्भमा अध्ययनको लागि निर्धारण गरिएको समय सीमामा सर्वोच्च अदालत पुगेका मुद्दाहरूमा अनुमतिको लागि निस्सा पाएको तर फैसला नभइसकोले यससम्बन्धी अध्ययन गरिएको छैन।

### ६.३.१ जिल्ला अदालतबाट मानव बेचबिखनसम्बन्धी मुद्दामा न्यायिक अभ्यास

छनौट गरिएका सात वटा जिल्ला अदालतबाट ३५ वटा मानव बेचबिखन मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. १३**

**सात जिल्ला अदालतबाट छनौट भएका मानव बेचबिखनसम्बन्धी मुद्दा संख्या**

| क्र. सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | मोरङ | ४ |
| २ | धनुषा | ३ |
| ३ | काठमाडौं | ६ |
| ४ | कास्की | १ |
| ५ | रूपन्देही | ११ |
| ६ | सुर्खेत | २ |
| ७ | कैलाली | ८ |
| **जम्मा** | | **३५** |

### (क) अन्तरिम क्षतिपूर्तिसम्बन्धी अभ्यास

अध्ययनको लागि छनौट गरिएका ३५ वटा मानव बेचबिखन मुद्दामा अन्तरिम क्षतिपूर्तिसम्बन्धी कुनै अभ्यास भएको देखिएन। अध्ययन गरिएका ती मुद्दाहरूमा न त अन्तरिम क्षतिपूर्ति माग गरिएको छ न त अदालतबाट आवश्यकता महशुस गरी अन्तरिम क्षतिपूर्ति भराई दिएको पाइएको छ।

### (ख) मानव बेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्तिको मागदावी

अध्ययन गरिएका जिल्ला अदालतको फैसलाको अभियोग खण्डमा लिइएको क्षतिपूर्तिसम्बन्धी मागदावीलाई हेर्दा पैंतीस वटा मुद्दा मध्ये तीस वटा (८५.७१ प्रतिशत) मुद्दामा क्षतिपूर्तिको मागदावी लिएको देखिन्छ। बाँकी मुद्दामा क्षतिपूर्तिको मागदावी लिएको देखिदैन। यस तथ्याङ्कलाई देहायको स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ।

**चित्र नं. १३**




यसरी मागदावी लिइएको तीस वटा मुद्दामा कसूरदारलाई सजाय ठहर हुँदा एक्काइस वटा (६५.७१ प्रतिशत) मुद्दामा क्षतिपूर्ति भराइएको देखिन्छ भने बाँकी (३४.२९%) मुद्दामा क्षतिपूर्ति भराइएको देखिंदैन। त्यसैगरी मागदावी नलिइएको पाँच वटा मुद्दामा कसूरदारलाई सजाय ठहर हुँदा दुई वटा (४० प्रतिशत) मुद्दामा मागदावी नलिएपनि पीडितलाई क्षतिपूर्ति भराइएको देखिन्छ भने बाँकी (६० प्रतिशत) मुद्दामा मागदावी नलिएको र क्षतिपूर्ति पनि नभराइएको पाइन्छ। उल्लिखित तथ्याङ्कलाई देहायको तालिकाबाट स्पष्ट परिएको छ।

**तालिका नं. १४**

**मानव बेचविखनसम्बन्धी मुद्दामा अभियोग मागदावी र क्षतिपूर्ति**

| विषय | क्षतिपूर्ति भराइएको | क्षतिपूर्ति नभराइएको | जम्मा |
|---|---|---|---|
| **मागदावी लिइएको** | २१ | ९ | **३०** |
| **मागदावी नलिइएको** | २ | ३ | **५** |
| **जम्मा** | **२३** | **१२** | **३५** |

### (ग) मानव बेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्ति भराइएको र नभराइएको अवस्था

अध्ययन गरिएको सजाय ठहर भएका पैंतीस वटा मुद्दा मध्ये तेइस वटा (६५.७१ प्रतिशत) मुद्दामा पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराउने ठहर भई फैसला भएको पाइन्छ। यस मध्ये एक्काइस वटा मुद्दामा प्रतिवादीबाट क्षतिपूर्ति भराउने ठहर भई फैसला भएको पाइन्छ। प्रतिवादीबाट भराउने भनी ठहर भएको एक्काइस वटा मुद्दा मध्ये एक मुद्दामा क्षतिपूर्ति रकम कानून बमोजिम जरिवानाको आधा भराइएको पाइन्छ। त्यसैगरी एक मुद्दामा प्रतिवादी भारतीय नागरिक रहेकोमा समेत क्षतिपूर्ति प्रतिवादीबाट भराइ दिने गरी फैसला भएको पाइन्छ तर उक्त फैसला कार्यान्वयनको सन्दर्भमा फैसलामा केही बोलिएको पाईंदैन।

एक मुद्दामा दुई जना प्रतिवादीलाई सजाय ठहर भएको अवस्थामा एक प्रतिवादीको आर्थिक र पारिवारिक अवस्था र कसूरको मात्रा, कसूरको परिणाम स्वरूप गर्भवती भई बच्चाको पालनपोषण गर्नु परेकोले क्षतिपूर्ति रकम पीडित राहत कोषबाट भराउने गरी फैसला भएको पाइएको छ भने त्यही मुद्दाका कसूरदार ठहरिएका अर्का प्रतिवादीको सन्दर्भमा निजबाट नै क्षतिपूर्ति रकम भराउने भनी फैसला भएको देखिन्छ। त्यस्तै अर्को एक मुद्दामा प्रतिवादीको सम्पत्तिबाट र सम्पत्ति नभए कोषबाट क्षतिपूर्ति भराउने ठहर भएको पाइएको छ।

क्षतिपूर्ति नभराइएको बाह्र वटा मुद्दा मध्ये तीन वटा मुद्दामा जरिवाना नभएकोले क्षतिपूर्ति भराउनु नपर्ने भनी फैसलामा बोलिएको पाइन्छ। यसैमा एक मुद्दामा जरिवाना हुने अभियोग दावी नभएकोले क्षतिपूर्ति भराउनु नपर्ने, जरिवाना समेत नभएको स्थितिमा मनासिव क्षतिपूर्ति भराउने तर्फ वादी दावी नपुग्ने भन्ने व्यहोरा उल्लेख गरिएको देखिन्छ।

अर्को एक मुद्दामा "पीडित जाहेरवालीले जाहेरी र प्रमाणित बयान विपरित द्विविधाजनक बकपत्र गरेकी हुँदा क्षतिपूर्ति भराउन आवश्यक नहुने" भनी फैसलामा उल्लेख गरेको पाइन्छ।

मानव बेचबिखन मुद्दामा जरिवाना सजाय ठहर भएको र नभएको फरक फरक अवस्थमा समेत क्षतिपूर्ति भराउने नभराउने विषयमा फरक फरक अभ्यास रहेको पाइएको छ। एकातर्फ क्षतिपूर्ति नभराइएको बाह्र वटा मुद्दा मध्ये आठ वटा मुद्दा अध्ययन गर्दा उक्त मुद्दामा क्षतिपूर्ति नभराउनुको आधार र कारण उल्लेख नगरिएतापनि प्रतिवादीलाई भएको सजायतर्फ विचार गर्दा सबै मुद्दामा कैद सजाय ठहर भएको तर जरिवाना ठहर नभएको पाइएको छ। मानव बेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्ति भराउँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) को कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकम नघट्नेगरी क्षतिपूर्ति भराउने प्रावधान अनुरूप जरिवाना सजाय नभएको अवस्थामा क्षतिपूर्ति भराइएको पाईंदैन।

अर्कोतर्फ कैद सजाय मात्रै भएको १९ वटा मुद्दालाई अध्ययन गर्दा सो मध्ये ११ वटा मुद्दामा क्षतिपूर्ति रकम भराइएको पाइएन भने बाँकी मुद्दामा क्षतिपूर्ति भराइएको देखिन्छ। यसरी क्षतिपूर्ति भराउँदा पीडितको क्षतिपूर्ति पाउने संवैधानिक अधिकारको सुनिश्चितता गरेको देखिन्छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को उपदफा (१क) को वाक्यांश मिति २०८० चैत ३० गतेको संशोधनबाट "प्रचलित कानून बमोजिम स्थापित पीडित राहत कोषबाट" भन्ने शब्द थपिई "...... जुनसुकै कुरा लेखिएता भएपनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा प्रचलित कानून बमोजिम स्थापित पीडित राहत कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ।[३९]

**चित्र नं. १४**




**(घ) मानव बेचबिखनसम्बन्धी मुद्दामा सजाय र क्षतिपूर्ति**

अध्ययन गरिएका क्षतिपूर्ति भराइदिने गरी फैसला भएका तेइस वटा मुद्दा हेर्दा अध्ययन गरिएका अन्य दुई प्रकारका मुद्दामा जस्तै (जबरजस्ती करणी मुद्दा र कर्तव्य ज्यानसम्बन्धी मुद्दा) यसमा पनि क्षतिपूर्ति निर्धारण

---

[३९] सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० बाट संशोधन गरिएको।

गर्दा सजायको मात्रालाई खासै आधार लिएको दर्खिंदैन। मानव बेचबिखन मुद्दामा एक भन्दा बढी प्रतिवादी रहेकोमा सजाय र क्षतिपूर्ति रकम समेत जनही ठहर भएको पाइन्छ। एक भन्दा बढी पीडित रहेको अवस्थमा क्षतिपूर्ति बावतको रकम दामासाहीमा भराइएको पाइन्छ।

अध्ययन गरिएका मुद्दा मध्ये १० वर्ष कैद सजाय देखि २० वर्षसम्म कैद सजाय र ५० हजार रूपैंयादेखि २ लाख जरिवानासम्मको सजाय ठहर भएको कसूरदारबाट क्षतिपूर्ति वापत पच्चीस हजार रूपैंया दुई जना पीडितलाई दामाशाहीले भराउने गरी फैसला भएको देखिन्छ भने दुई जना प्रतिवादीबाट जनही तीन लाख (जम्मा छ लाख) रूपैंया भराउने गरी फैसला भएको देखिन्छ। यसरी जनही तीन लाख भराउने गरी भएको फैसलामा मानव बेचबिखनसम्बन्धी मुद्दामा १० वर्ष कैद सजाय र ५० हजार जरिवाना र जबर्जस्ती करणी मुद्दामा १३ वर्ष कैद सजाय भएको अवस्था छ।

त्यसैगरी ७ वर्ष कैद सजाय भएको मुद्दामा ३० हजारदेखि ५० हजारसम्म रूपैंयासम्म क्षतिपूर्ति भराइएको पाइन्छ भने १ वर्ष कैद सजाय देखि २ वर्षसम्म कैद सजाय र कुनै मुद्दामा जरिवाना समेत भएकोमा दामासाहीले जनही २ हजार रूपैंयादेखि ८० हजार रूपैंयासम्म क्षतिपूर्ति भराएको पाइन्छ।

१९ वटा मुद्दामा कैद सजाय मात्रै भएकोमा क्षतिपूर्तितर्फ अध्ययन गर्दा ११ वटा मुद्दामा क्षतिपूर्ति भराइएको पाइएन भने अन्य बाँकी आठ वटा मुद्दामा क्षतिपूर्ति भराइएको देखिन्छ। यस विषयलाई यस अघिको बुंदामा छलफल गरिसकेकोले यसलाई पुनावृत्ति गरिएको छैन।

**तालिका नं. १५**

**मानव बेचबिखनसम्बन्धी मुद्दामा सजाय र क्षतिपूर्ति**

| क्र.सं. | सजाय | अध्ययन गरिएको मुद्दा | क्षतिपूर्ति रकम |
|---|---|---|---|
| १. | १० वर्ष कैद सजाय देखि २० वर्षसम्म कैद सजाय र ५० हजार रूपैंयादेखि २ लाख जरिवानासम्मको सजाय) | जम्मा १५ वटा | |
| | | ८ | रू २५ हजारदेखि ५० हजारसम्म |
| | | ६ | रू १ लाखदेखि रू २ लाखसम्म |
| | | १ | रू ६ लाख |
| २. | ७ वर्ष कैद सजाय | जम्मा ३ वटा | रू ३० हजारदेखि ५० हजारसम्म |
| ३. | १ वर्ष कैद सजाय देखि २ वर्षसम्म कैद सजाय र (कुनैमा जरिवाना समेत) | जम्मा ५ वटा | |
| | | १ | जनही रू २ हजार (दामासाहीले) |
| | | १ | जनही रू १० हजार (दामासाहीले) |

| क्र.सं. | सजाय | अध्ययन गरिएको मुद्दा | क्षतिपूर्ति रकम |
|---|---|---|---|
| | | २ | रू २५ हजार |
| | | १ | रू ८० हजार |

**(ङ) मानव बेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्ति भराउँदा लिइएको आधार र कारण**

अध्ययन गरिएको क्षतिपूर्ति भराइएको तेइस वटा मुद्दा मध्ये १३ वटा(५६.५२ प्रतिशत) मुद्दाका कसूरदारलाई सजाय निर्णारण गर्दा आधार र कारण खुलाइएको पाइए पनि क्षतिपूर्ति बापत तोकिएको रकम भराउनु पर्नाको आधार र कारण भने उल्लेख गरिएको पाइएन। बाँकी दश वटा मुद्दामा सजाय निर्णारण गर्दा आधार र कारण खुलाइएको देखिन्छ।

देहायको चित्रबाट अध्ययन गरिएका मुद्दामा फैसला गर्दा क्षतिपूर्तिका आधार निर्धारण गरी क्षतिपूर्ति निर्धारण गरिएको र आधार उल्लेख नै नगरी निश्चित रकम क्षतिपूर्ति बापत भराइ पाउने भनी ठहर भएका तथ्याङ्कलाई चित्रित गर्दछ।

**चित्र नं. १५**




दश वटा मुद्दामा सजाय निर्णारण गर्दा आधार र कारण खुलाउँदा पीडितलाई पर्न गएको शारीरिक र मानसिक पीडा, आर्थिक हैसियत तथा कानूनी व्यवस्थालाई क्षतिपूर्ति रकम निर्धारणको आधार दिएको देखिन्छ। यसको विस्तृत विवरण देहायको चित्रबाट प्रष्ट गरिएको छ।

**चित्र नं. १६**




उल्लिखित दश वटा मध्ये छ वटा मुद्दामा क्षतिपूर्ति निर्धारण गर्दा प्रतिवादीलाई कसूरको कारण पर्न गएको प्रभावलाई बढी भार दिएको पाइन्छ। यस अन्तर्गत प्रतिवादीलाई पुगेको शारीरिक र मानसिक पीडा तथा क्षतिलाई आधार लिएको देखिन्छ। यसरी क्षतिपूर्ति निर्धारण गर्दा पच्चीस हजार रूपैंयादेखि असी हजार रूपैंयासम्म क्षतिपूर्ति भराएको देखिन्छ।

त्यसैगरी मनासिव क्षतिपूर्ति भराउने मागदावी रहेको एक मुद्दामा पीडितलाई पर्न गएको पीडा सँगै प्रतिवादीको आर्थिक हैसियत आधार लिई पच्चीस हजार रूपैंया क्षतिपूर्ति रकम निर्धारण गरिएको पाइन्छ। अध्ययन गरिएको मध्ये आर्थिक हैसियतलाई आधार लिई कसूरदरबाट क्षतिपूर्ति भराउने गरी दुई वटा मुद्दा फैसला भएको देखिन्छ। यस मध्ये जनही तीन लाख क्षतिपूर्ति भराउने फैसला भएको एक मुद्दाका दुई जना प्रतिवादी मध्ये एक प्रतिवादीबाट भराउने रकम आर्थिक र पारिवारिक अवस्था र कसूरको मात्रा, कसूरको परिणाम स्वरूप गर्भवती भई बच्चाको पालनपोषण गर्नु परेको लगायत आधार लिई कोषबाट भराउने फैसला भएको पाइन्छ चने सोही मुद्दामा अर्को प्रतिवादीबाट नै तीन लाख भराउने गरी फेसला भएको देखिन्छ। यसबाट आर्थिक अवस्था क्षतिपूर्ति निर्धारणको मात्र नभई स्रोत निर्धारणमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। एक मुद्दामा कैदको साथै जरिवाना सजाय भएको मुद्दामा कानून बमोजिम जरिवानाको आधा बराबरको क्षतिपूर्ति भराउने सक्ने व्यवस्था अनुरूप दुई लाख जरिवाना सजाय भएकोमा एक लाख रूपैंया क्षतिपूर्ति निर्धारण गरेको देखिन्छ।

**(च) मानव बेचबिखनसम्बन्धी मुद्दामा भराइएको क्षतिपूर्तिको स्रोत**

अध्ययन गरिएका प्रतिवादी क्षतिपूर्ति भराउने गरी भएको फैसला भएका तेइस वटा मुद्दा मध्ये प्रतिवादीबाट क्षतिपूर्ति भराउँदा "यसै सरहदको जेथा देखाई मुद्दाको अन्तिम किनारा लागेपछि भराइदिनु" भनी उल्लेख गरेको पाइन्छ। साथै, कुनै मुद्दामा प्रकारको दस्तुर नलिई नियमानुसार भराई दिनु समेत उल्लेख गरेको देखिन्छ।

एक मुद्दामा प्रतिवादीको हकको सम्पत्ति रोक्का राखी सोबाट, नगदै दिए सोही नगदबाट र सम्पत्ति नभए कोषबाट भराई दिनु भनी तपसिल खण्डमा उल्लेख गरेको देखिन्छ। अर्को एक मुद्दामा "प्रतिवादीलाई प्रस्तुत फैसला प्राप्त मितिले २ महिना भित्र दाखेल गर्न जानकारी दिनु। सो अवधिमा रकम दाखेल नगरेमा क्षतिपूर्ति सम्वन्धि सिद्धान्त अनुसार प्रतिवादीबाट जाहेरी मितिबाट सयकडा १० प्रतिशत व्याज समेत जोडी अदालतकै तर्फबाट भराउने काम गर्नु। सो प्रयोजनको लागि तहसिल शाखालाई लगत दिनु। प्रतिवादीको नामको सम्पत्तिको विवरण सम्वन्धित मालपोत कार्यालयबाट झिकाई क्षतिपूर्ति प्रयोजनको लागि रोक्का गर्नु। प्रतिवादीले रकम दाखेल गरेमा फुकुवा गर्नु। दाखेल नगरेमा थप कैद गर्नु" भनी क्षतिपूर्ति रकम प्रभावकारी कार्यान्वयनतर्फ विचार गरिएको देखिन्छ।

त्यसैगरी एक मुद्दामा धरौटी रकम क्षतिपूर्ति तथा पीडित राहतकोषको रकम भुक्तान गरेपछि नियमानुसार फर्ता गरिदिनु भनी उल्लेख गरिएको समेत देखिएको छ।

**६.३.२ उच्च अदालतबाट मानव बेचबिखनसम्बन्धी मुद्दामा न्यायिक अभ्यास**

छनौट गरिएका सात वटा उच्च अदालतबाट २२ वटा मानबेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्तिसम्बन्धी अभ्यासका सम्बन्धमा देहायका विषयमा अध्ययन गरिएको छ।

**तालिका नं. १६**

**सात उच्च अदालतबाट छनौट भएका मानव बेचबिखनसम्बन्धी मुद्दा संख्या**

| क्र.सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| १ | उच्च अदालत विराटनगर | ४ |
| २ | उच्च अदालत जनकपुर | १ |
| ३ | उच्च अदालत पाटन | २ |
| ४ | उच्च अदालत पोखरा | ० |

| क्र.सं. | अदालत | छनौटमा परेका मुद्दाको संख्या |
|---|---|---|
| ५ | उच्च अदालत तुलसीपुर, बुटवल इजलास | ८ |
| ६ | उच्च अदालत सुर्खेत | ० |
| ७ | उच्च अदालत दिपायल | ७ |
| जम्मा | | २२ |

**(क) पुनरावेदन गर्दा मानव बेचबिखनसम्बन्धी मुद्दामा क्षतिपूर्तिको मागदावी**

अध्ययन गरिएका बाइस वटा मुद्दा मध्ये छ वटा (२७.२७ प्रतिशत) मुद्दामा पुनरावेदन गर्दा पक्षहरूले क्षतिपूर्ति सम्बन्धमा जिकिर लिएको पाइन्छ। यसरी जिकिर लिंदा मनासिव क्षतिपूर्ति दिलाई पाउँ, क्षतिपूर्ति नपाउने गरी फैसला भएको क्षतिपूर्ति भराइ पाउँ भन्ने व्यहोराको मागदावी रहेको देखिन्छ। अध्ययन गरिएका बाँकी ७२.७२ प्रतिशत मुद्दामा क्षतिपूर्तिको पुनरावेदन जिकिर लिएको पाइदैन। यस तथ्याङ्कलाई देहायको चित्रबाट स्पष्ट गर्न खोजिएको छ।

**चित्र नं.१७**



### (ख) मानव बेचबिखनसम्बन्धी मुद्दामा जिल्ला र उच्च अदालतबाट भएको क्षतिपूर्तिसम्बन्धी फैसला

अध्ययन गरिएको बाइस वटा मुद्दा मध्ये सबै मुद्दामा क्षतिपूर्ति सम्बन्धमा उच्च अदालतबाट भएको फैसलामा कुनै परिवर्तन नभइ सुरु तहको निर्णयलाई सदर गरिएको देखिन्छ। यस मध्ये सुरु अदालतको निर्णय सदर भएको एघार वटा मुद्दामा जिल्ला अदालतबाट क्षतिपूर्ति नभराइएको र सोही निर्णय पुनरावेदन तहबाट सदर भएको पाइन्छ।

यसका साथै, सुरु अदालतको निर्णयमा केही आंशिक उल्टी भएको सात वटा मुद्दा अध्ययन गर्दा उच्च अदालतबाट क्षतिपूर्तितर्फ गरेको सुरु तहको निर्णयलाई सदर नै गरेको पाइन्छ।

एक मुद्दामा जिल्ला अदालतबाट प्रतिवदीले सफाइ पाएको मुद्दामा उच्च अदालतबाट फैसला हुँदा कैद सजाय ठहर भएपनि जरिवानाको सजाय नभएकोले क्षतिपूर्तिको दावी नपुग्ने भनी उल्लेख गरेको पाइन्छ।

अध्ययन गरिएको एक मुद्दामा प्रतिवादीले नगद दिन चाहेमा पीडितको वतन गई रकम बुझाउनु र नगद दिन नसके १ वर्षभित्र जायजेथाबाट असुर उपर गरी पीडितलाई क्षतिपूर्ति बुझाई दिनु भनी तपसिल खण्डमा उल्लेख गरिएको पाइन्छ।

### (ग) मानव बेचबिखन मुद्दामा क्षतिपूर्ति भराउँदा लिइएको आधार र कारण

अध्ययन गरिएको मुद्दा मध्ये एक मुद्दामा सुरु अदालतको निर्णय सदर गर्दा फैसलामा प्रतिवादीबाट क्षतिपूर्ति भराउँदा शारीरिक र मानसिक पीडाको आधारमा भराइएको भनी उल्लेख गरिएको पाइन्छ। अन्य मुद्दाहरूमा क्षतिपूर्तिको मागदावी नपुग्ने भनी कानूनी व्यवस्था अनुरुप "जरिवानाको ५० % बराबरको रकम नघटाई क्षतिपूर्ति दिइनु पर्ने कानूनी व्यवस्था रहेकोले सजायमा जरिवाना नभएकोले क्षतिपूर्ति नभराइएको" भनी उल्लेख गरिएको पाइन्छ।

# परिच्छेद ७
# निष्कर्ष र सुझाव

## ७.१ निष्कर्ष

पीडितमुखी न्यायका दुईवटा महत्वपूर्ण पक्ष रहेका छन्। कसूरदारलाई कसूरको मात्रा अनुसार सजाय र पीडितलाई पीडाको मात्रा अनुसार क्षतिपूर्ति। विगतमा कसूरदारलाई सजाय गरेपछि न्यायको मकसद पुरा भएको मानिन्थ्यो। तर पीडित न्यायशास्त्रले संगसंगै अपराधको परिणामस्वरुप पडितले भोग्नुपर्ने पीडाबाट भएको क्षति पुरताल गरेपछि मात्र न्याय ले पूर्णता प्राप्त गर्दछ भन्ने मान्यता राख्दछ। अपराध पीडितले क्षतिपूर्ति सहितको न्याय पाउने हकलाई सम्मानपूर्वक बाँच्न पाउने हकको अभिन्न अंगको रूपमा हेरिनु पर्दछ। मनासिब मात्र होइन पर्याप्त क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो। त्यसैले क्षतिपूर्ति पर्याप्त मात्रामा तोकी सो तोकिएको क्षतिपूर्ति कार्यान्वयन गर्न प्रभावकारी, व्यवहारिक र न्याय उन्मुख कानूनी व्यवस्थाका साथै अदालतको सक्रियता ज्यादै महत्वपूर्ण रहेको हुन्छ। यसका साथै पीडितलाई पर्याप्त र उचित क्षतिपूर्ति सहितको न्याय प्रदान गर्नु अदालतको दायित्व र राज्यको कर्तव्य हो। यस अध्ययनबाट क्षतिपूर्ति निर्धारण गर्दा के कसरी गरिएको रहेछ भन्ने जानकारी लिनुका साथै पर्याप्त र मनासिब क्षति निर्धारण गर्ने वस्तुनिष्ठ आधारहरू कसरी प्रयोग गर्ने भन्ने कुराको समेत वस्तुनिष्ठ आधारहरुको ज्ञान हासिल हुनेछ। जसले गर्दा गरी न्यायिक संवेदनशीलता र विवेकसम्मत सोचबाट क्षतिपूर्ति निर्धारण गरिनु पर्ने तथ्यलाई केन्द्र विन्दूमा राखेर न्याय संपादन गर्न उत्प्रेरणा मिल्ने विश्वास गर्न सकिन्छ। यस अध्ययनबाट प्राप्त निष्कर्षलाई देहायको बुँदामा प्रश्तुत गरिएको छः

### (क) कानूनी व्यवस्था

- क्षतिपूर्ति सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्थाहरू पर्याप्त नै छन्। तर सबै कानूनी व्यवस्थाहरू व्यवहारिक र न्याय उन्मुख छैनन्। उदाहरणको लागि अपराध पीडितहरू मुद्धा दायर भैसकेपछि बढीमा एकपटक मात्र साक्षी बकपत्रको लागि अदालतमा उपस्थित हुन सक्ने र त्यसपछि न्यायिक प्रकृयाबाट टाढा रहने हुँदा उनीहरूलाई अदालतले फैसला गर्दा के कस्तो न्याय प्रदान गरेको छ भन्ने कुराको सूचना नै पुगेको हुँदैन। यस्तोमा १ बर्ष भित्रमा पनि भराई पाउने व्यक्ति उपस्थित भएन भने त्यसपछि कुनै कारवाही गरिने छैन भन्ने कानुनी व्यवस्था लागू गर्दा पीडित अन्यायमा पर्न जाने हुन्छ। त्यसकारण क्षतिपूर्ति भराउने दायित्व पुरै अदालतलाई नै तोकिनु वान्छनीय हुन्छ।
- त्यस्तै क्षतिपूर्ति भरिभराउको प्रकृया कानूनमा उल्लेख भएतापनि पीडित केन्द्रित न्यायको दृष्टिकोणबाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १६८ मा उल्लिखित प्रकृया त्यति प्रभावकारी हुन सक्ने देखिदैन। त्यसकारण फैसला गर्ने अदालतबाट ठहर अनुसार फैसलाको तपसिल खण्डमा नै

क्षतिपूर्ति के कति र के कसरी भराई दिने हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गर्नु बान्छनीय हुन्छ।

- केही कानूनी व्यवस्थाहरू पीडित मैत्री रहे पनि सोको प्रभावकारी कार्यान्वयन भने गरिएको देखिदैन। उदाहरणार्थः पीडित प्रभाव प्रतिवेदन पेश गर्नु पर्ने कुराको औपचारिकतामा मात्र सिमित छ।

## (ख) अभियोग मागदावी तथा पुनरावेदन जिकिर

- क्षतिपूर्तिको लागि अभियोग मागदावी लिंदा वस्तुनिष्ठ आधारमा मागदावी लिएको देखिंदैन। सरकारी वकीलले मागदावी लिंदा केवल कानूनी व्यवस्था मात्र उल्लेख गरी मागदावी लिएको देखिन्छ। प्रतिवादीको आर्थिक अवस्था र पीडितको क्षति मूल्याङ्कन गरी क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट दावी नलिने अभ्यास देखिन्छ। उच्च अदालतमा पुनरावेदन गर्दा कैद गर्नुपर्ने आधार र कारणसहित सजायको पुनरावेदन जिकिर लिएको पाइए पनि क्षतिपूर्तितर्फ कानूनी आधार मात्रै खुलाइएको देखिन्छ। क्षतिपूर्ति किन आवश्यक छ भन्ने आधार खुलाइको पाइन्न।
- हाल कानूनी व्यवस्था अनुरुप प्रथम, द्वितीय र पारिवारिक पीडित भनी व्यापक परिभाषा गरिएको भएपनि मागदावी गर्दा सो खुलाई मागदावी आउने गरेको देखिदैन। साथै, अभियोगपत्रसँगै अभियुक्तको सम्पत्ति विवरण खुलाउने, रोक्का राख्ने र पीडित प्रभाव प्रतिवेदन पेश गर्नु पर्ने जस्ता पीडित मैत्री व्यवस्थाहरू कार्यान्वयनमा ल्याउनु पर्दछ। तसर्थ उल्लिखित विषयहरूसमेत खुलाई मागदावी आउने गरेमा मागदावी प्रभावकारी भई सजाय निर्धारण गर्दा सही तरिकाबाट क्षतिपूर्तिको निर्धारण हुने र पीडितले पनि उचित क्षतिपूर्ति पाउने छन्।

## (ग) अन्तरिम क्षतिपूर्ति

- यस सम्बन्धमा अदालती अभ्यास सक्रिय रुपमा भएको पाइदैन। अध्ययन गरिएका कुनै पनि मुद्दामा अन्तरिम क्षतिपूर्तिको दावी लिएको देखिंदैन र सो सम्बन्धमा अदालतबाट समेत आवश्यकता महशुस गरी अन्तरिम क्षतिपूर्ति भराउने आदेश भएको पाइदैन। यसतर्फ अभियोजनकर्ता तथा अदालत नै बढी संवेशनशील हुनु आवश्यक छ।

## (घ) क्षतिपूर्तिको भराउँदाको अभ्यास

- क्षतिपूर्ति भराउँदा प्रतिवादीबाट नै भराउने अभ्यास रहेको देखिन्छ। कानूनको द्वन्द्वमा परेका बालबालिका भएको मुद्दामा निजबाट भराउने, नभराउने तथा क्षतिपूर्ति कोषबाट भराउने तीनै प्रकारका अभ्यास देखिन्छ। आर्थिक अवस्था कमजोर भएको अवस्थालाई इंगित गरी मुद्दाका प्रतिवादीबाट नभई कोषबाट भराइएको अभ्याससमेत पाइन्छ। केही मुद्दामा आर्थिक अवस्था कमजोर रहेकोले बालबालिकालाई क्षतिपूर्तिको दायित्वबाट वञ्चित गरिएकोमा उच्च अदालतबाट कोषबाट क्षतिपूर्ति

भराउने गरी आदेश भएको देखिन्छ। तर यो अभ्यास ज्यादै न्यून रुपमा रहेको छ। सर्वोच्च अदालतबाट नाबालकलाई क्षतिपूर्तिको दायित्व बहन गराउने भनी आएको व्याख्या पश्चात नाबालक भएको मुद्दामा निजबाट नै क्षतिपूर्ति भराइएको देखिन्छ।

- कर्तव्य ज्यानसम्बन्धी मुद्दामा एका सगोलका परिवारको सदस्य नै पीडक र पीडित भएको अवस्थामा पीडितलाई क्षतिपूर्ति भराउने र नभराउने दुवै अभ्यास रहेको देखिन्छ। विदेशी व्यक्ति कसूरदार भई सजाय ठहर भएको अवस्थामा निजबाट क्षतिपूर्ति भराउँदा कार्यान्वयनमा जटिलता आउने भनी क्षतिपूर्ति नभराइएको पाइन्छ। मानव बेचबिखन मुद्दामा सजाय गर्दा जरिवाना ठहर नभएकोमा कानूनी व्यवस्था अनुरुप क्षतिपूर्ति नभराइएको अभ्यास देखिन्छ। त्यसैगरी वयस्क संलग्न मुद्दामा आर्थिक अवस्था कमजोर भएकोले पीडितलाई क्षतिपूर्तिबाट बञ्चित गरिएको अभ्याससमेत देखिन्छ। पीडित राहत कोषको क्षतिपूर्ति भराउने क्षमताको कारण सबै अवस्थामा प्रतिवादीबाट नभराउँदा क्षतिपूर्ति कोषबाट भराउन नसकिने भन्ने हुँदैन। पीडितलाई क्षतिपूर्तिबाट वञ्चित गरिएका यस्ता अभ्यासले पीडितको संवैधानिक हकमा आघात पर्ने हुनाले यस प्रकारको अभ्यासप्रति संवेदनशील हुनु आवश्यक देखिन्छ।
- क्षतिपूर्तिको लागि अंक निर्धारण तथा क्षतिपूर्ति भराउँदा आधार र कारण सहित भराउने अभ्यास कमै देखिन्छ। ठहर भएको कैद तथा जरिवाना सजायको मात्रा तथा क्षतिपूर्तिको मात्रामा कुनै तादम्यता मिलेको देखिदैन। क्षतिपूर्ति रकमसमेत दश हजार, पन्ध्र हजार, पच्चीस हजार र त्यो रकम पनि दुई जना पीडित भएकोले दामासाहीमा भराइएको पाइन्छ। यसरी भराउँदा प्रतिवादीको सम्पत्तिको कुनै मूल्याङ्कन गरिएको देखिदैन।त्यसैगरी धेरैजसो मुद्दामा प्रतिवादीको आर्थिक हैसियतको मूल्याङ्कन बिना नै पचास हजार रुपैयादेखि एक लाख रुपैंयासम्म भराइएको पाइन्छ। आजको समयमा यसरी भराइएको क्षतिपूर्ति रकम ज्यादै न्यून रहेको देखिन्छ।
- त्यस्तै सजाय निर्धारण गर्दा आधार र कारण सहित कसूरदारलाई हुने कैद तथा जरिवाना निर्धारण गरिएतापनि क्षतिपूर्ति निर्धारण गर्दा आधार र कारण लिने गरेको अभ्यास कमै मात्रामा रहेको छ। केही मुद्दाहरूमा आधार र कारण खुलाइए पनि वस्तुनिष्ठ आधार रहेको देखिदैन। क्षतिपूर्ति भराउने आधार र कारण लिदा पीडितलाई पर्न गएको क्षति, पीडितलाई परेको मानसिक तथा शारीरिक क्षति, आर्थिक अवस्था कमजोर रहेको जस्ता व्यहोरा मात्र उल्लेख गरी क्षतिपूर्ति रकम भराइएको अवस्थामा कसूरबाट पीडितलाई पर्न गएको वास्तविक क्षतिको मूल्याङ्कन हुन नसकी भराइएको क्षतिपूर्ति रकम पनि उचित र मनासिव नहुन सक्छ। त्यसैले क्षतिपूर्ति निर्धारणका लागि प्रमाणहरु आवश्यक पर्ने अवस्थामा प्रमाणहरु बुझ्ने कार्य गर्नु पर्ने, क्षतिपूर्ति निर्धारणको लागि अनिवार्य रुपमा पीडित प्रभाव प्रतिवेदन पेश गराई सोको समेत आधार लिई क्षतिपूर्ति निर्धारण गर्नुपर्ने देखिन्छ।
- पीडितले विपरित बकपत्र गरेको अवस्थामा क्षतिपूर्ति नभराउने अभ्यास रहेको देखिन्छ।

- क्षतिपूर्ति भराउँदा जरिवाना रकमबाट भराइदिने भनी ज्यादै न्यून अभ्यास भएको पाइन्छ। तर यसरी फैसला गरिएको मुद्दामा भने तपसिल खण्डमा यसमा सोको कार्यान्वयनको बारे स्पष्ट लेखिएको पाइदैन।
- प्रतिवादी विदेशी व्यक्ति रहेछ र कसूरदार भई सजाय ठहर भएको अवस्थामा निजबाट क्षतिपूर्ति भराउने फैसला हुँदा सोको कार्यान्वयनमा जटिलता आउने भनी क्षतिपूर्ति नभराइएको पाइन्छ भने कुनै मुद्दामा यसतर्फ प्रवेश नै नगरी क्षतिपूर्ति भराइएको अभ्यास पनि देखिन्छ। यस सन्दर्भमा क्षतिपूर्ति भराउन जटिलता नहुने गरी सोको कार्यान्वयन प्रक्रियासमेत तपसिल खण्डमा उल्लेख गर्नुपर्ने देखिन्छ।
- केही मुद्दामा क्षतिपूर्ति भराउने सम्बन्धमा अदालतको सक्रियता देखिन्छ। फैसलाको तपसील खण्डमा नै अदालतबाट डोर खटाई निश्चित समयावधिभित्र पीडितको गोपनीयता कायम राखी क्षतिपूर्ति भराइदिनु भन्ने व्यहोराको फैसलासमेत भएको देखिन्छ। यस्ता अभ्यासले पीडित मैत्री न्यायको प्रभावकारी कार्यान्वयन भएको देखिन्छ।
- क्षतिपूर्ति भराउँदा प्रायजसो मुद्दामा अन्तिम भएपछि भन्ने व्यहोरा खुलाएको पाइन्छ। साथै, पीडितबाट जेथा देखाइ क्षतिपूर्तिको लागि निवेदन परेपछि भन्ने व्यहोरासमेत धेरैजसो मुद्दामा पाइन्छ। यस्ता कार्यविधिको अभ्यासबाट पीडितले क्षतिपूर्तिको लागि आफैं अग्रसर नभई प्राप्त हुन नसक्ने अवस्थाको विद्यमानता देखिन्छ, जुन पीडित मैत्री भएको देखिंदैन। साथै, मुद्दाको अन्तिम किनारा लाग्न बढी समय लाग्ने गरेको कारणबाट पीडितको क्षतिपूर्तिको हक प्रभावित भएको समेत देखिन्छ। अन्तरिम क्षतिपूर्ति नै नदिएकोमा अन्नति भएपछि भन्नाले कहिलेसम्म क्षतिपूर्ति कुरेर बस्ने भन्ने जटिलता देखिन्छ। तसर्थ अन्तरिम राहतका लागि मुद्दा जुन चरणमा पुगेको भएपनि अदालतले बोलिदिनु पर्दछ।
- क्षतिपूर्ति कार्यान्वयनमा दस्तुर नलाग्ने व्यहोरा ज्यादै न्यून मुद्दामा बोलिएको पाइन्छ। यस विषयलाई फैसलाको तपसिल खण्डमा उल्लेख गरेमा सबै पीडितलाई सहज जानकारी हुने हुँदा यसतर्फ विचार गरिनु पर्ने देखिन्छ।
- पीडितलाई मुद्दाको अनुसन्धान तथा कारवाहीसम्बन्धी जानकारी पाउने संवैधानिक हक भएकोले फैसलाको प्रतिलिपि सहित जानकारी पीडितलाई दिनु भनी फैसलाको तपसिल खण्डमा लेख्ने अभ्यास गरिनुपर्दछ। यस्तो अभ्यास खासै भएको पाइदैन।
- पुनरावेदन तह (उच्च अदालत तथा सर्वोच्च अदालत) बाट भएका फैसलाहरू हेर्दा प्रायजसो मुद्दामा सुरु तहले भराएको क्षतिपूर्तिको निर्णयलाई नै सदर गरिएको पाइन्छ। कैद तथा जरिवाना ठहर भएका मुद्दामा आंशिक वा पूरै उल्टी भएको अवस्थामा (सफाई पाउने अवस्था बाहेक) क्षतिपूर्ति रकममा कुनै परिवर्तन हुने गरी फैसल गरिएको पाइदैन।
- क्षतिपूर्तिको मागदावी नभएको अवस्थामा पनि अदालतबाट क्षतिपूर्ति भराउने ठहर भएको देखिदा अदालत यसतर्फ केही संवेदनशील भएको महशुस हुन्छ। तर अति न्यून रकम भराएकोमा माथिल्लो

अदालतले पुनरावेदन पत्रमा सरकारी पक्षले क्षतिपुर्ति माग नगरेपनि मनासिव र पर्याप्त क्षतिपूर्ति निर्धारण गर्नु वाञ्छनीय हुने देखिन्छ।

**(ङ) क्षतिपूर्ति निर्धारण गर्दा अपनाउन सकिने पीडित मैत्री प्रगतिशील व्यवस्थाहरू**

- क्षतिपूर्ति भराउँदा अपनाउन सकिने अन्य कानूनी व्वस्थाहरु जस्तैः किस्तामा क्षतिपूर्ति बुझाउने व्यवस्थाको कार्यान्वयन, क्षतिपूर्ति भराउने सम्बन्धी फैसलाको तपसिल खण्डमा विस्तृत प्रक्रियाको उल्लेखन, पीडितलाई मुद्दाको कारवाहीको जानकारी लगायत कुराहरूमा विचार गर्न सकिएमा पीडितले समयमा नै क्षतिपूर्ति प्राप्त गर्ने सक्ने अवस्थाको सृजना हुने विश्वास गर्न सकिन्छ।

## ७.२ सुझाव

यस अध्ययनबाट प्रभावकारी रुपमा क्षतिपूर्ति भराउनका क्षतिपूर्ति निर्धारण र कार्यान्वयनका सम्बन्धमा मार्ग निर्देशिका तर्जुमा गरी जारी गर्नुपर्ने देखिन्छ। यसका साथै कैही सुझावहरू देहायका बुँदामा प्रस्तुत गरिएको छः

- क्षतिपूर्ति निर्धारणमा आधारहरु खोलिनु पर्ने र कसूर ठहर तथा सजाय निर्धारण जस्तै महत्व प्रदान गर्नु पर्ने।
- सजाय निर्धारणको बहसका क्रममा क्षतिपूर्तिका विषयमा पनि बहस प्रस्तुत गर्न लगाउने।
- क्षतिपूर्ति निर्धारणका लागि प्रमाणहरु आवश्यक पर्ने अवस्थामा प्रमाणहरु बुझ्ने कार्य गर्नु पर्ने।
- क्षतिपूर्ति नाम मात्रको हुने गरेकाले कानूनमा भएको व्यवस्था अनुसार पर्याप्त, मानासिब हुनु पर्ने।
- क्षतिपूर्ति निर्धारणमा न्यायाधीशले सम्बद्ध कानूनका व्यवस्थामा गहरिएर हेर्नु पर्ने।
- कसूरदारको सम्पत्ति पहिचान गरी समयमै रोक्का राख्नुपर्ने। (मुलुकी फौजदारी कार्यविधि संहिता नियमावलीको नियम ९२)।
- धरौट रकममा क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिनुपर्ने।
- क्षतिपूर्ति कार्यान्वययनमा सक्रियता अपनाइनु पर्ने।
- क्षतिपूर्ति शुल्कसम्बन्धी कानूनी व्यवस्थाको प्रयोग गर्ने।

# सन्दर्भ सामग्री


❖ **संविधान**

- नेपालको संविधान (२०७२)

❖ **ऐन/नियम**

- अपराध पीडित संरक्षण ऐन, २०७५
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- बालबालिकासम्बन्धी ऐन, २०४८
- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी ऐन, २०२०
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- यातना र क्षतिपूर्तिसम्बन्धी ऐन, २०५३
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- फौजदारी कसूर पीडित राहत कोष नियमावली, २०७७

❖ **लेख/प्रतिवेदन/अन्य सन्दर्भ सामग्री**

- Shankar Kumar Shrestha, *A Step towards Victim Justice system Nepalese Perspective*, Pairavi Prakashan, 2001.
- ईश्वर पराजुली, *फौजदारी मुद्दामा क्षतिपूर्ति र पीडित राहतकोष सम्बन्धी व्यवस्था,* देवानी तथा फौजदारी संहिता स्रोत सामग्री २०७५, भाग २, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, २०७५।
- टेकनारायण कुँवर, *अपराध पीडित व्यक्तिको क्षतिपूर्तिसम्बन्धी अधिकार र कानूनी व्यवस्थाको प्रचलन,* भर्डिक्ट, रजत अङ्क, २०७९, पृ १०।
- टेकनारायण कुँवर, *अपराध पीडितलाई क्षतिपूर्ति भराउने कानूनी व्यवस्था र कार्यान्वयन पक्षमा देखिएका समस्या एवम् समाधानका उपायहरु,* प्रतिपादन, वर्ष ७, अंक १, २०७७।
- टेकनारायण कुँवर, *यौन अपराधका पीडितलाई क्षतपूर्तिः अदालतको दृष्टिकोणमा आमूल परिवर्तनको खाँचो,* कानून, संयुक्ताङ्क, २०७९, पृ ४९।
- टेकनारायण कुँवर, *यौन हिंसा पीडितसँग गरिने सोधपुछ प्रक्रिया र संवेदनशीलता,* अभियोजन जर्नल, वर्ष २, अंक १, २०७६, पृष्ठ १३।
- डा. बलरामप्रसाद राउत, *नेपालमा अपराध पीडितको अधिकारको कार्यान्वयन संवैधानिक र कानूनी प्रावधानको मूल्याङ्कन,* राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, २०७९।

- महान्यायाधिवक्ताको कार्यालय, *मानव मर्यादा संरक्षणसम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण,* २०७५।
- रेवतीराज त्रिपाठी र रमादेवी पराजुली, *अपराध पीडित तथा साक्षीको सहायता र संरक्षणको वर्तमान अवस्था र सुधारका क्षेत्रहरु,* नेपालको अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३, सम्मेलन विशेषाङ्क, पृ ६५।
- श्रीकृष्ण मुल्मी, *साक्षी संरक्षणको सन्दर्भमा सर्वोच्च अदालतले गरेको आदेश कार्यान्वयनको प्रयास,* लैंगिक न्यायसम्बन्धी फैसला कार्यन्वयनको निगरानी, न्याय तथा अधिकार संस्था-नेपाल, २०७४, पृ. ७।
- सरकारी वकील कार्यालय अनुगमनको एकीकृत प्रतिवेदन, पृ १३।

❖ **बेवसाइट**

- महिला विकास मञ्च, साभार <http://fwld.org/wpcontent/uploads/2019/04/Compensation-study.pdf २८ सेप्टेम्बर २०२०>.
- *A Critical Study On Victim Compensation Under Various Laws Of India,* Legal Service India, E-Journal,https://www.legalserviceindia.com/legal/article-6103-a-critical-study-on-victim-compensation-under-various-laws-of-india.html
- Detailed *Analysis of Victim Compensation in India,* Law Insider, https://www.lawinsider.in/columns/detailed-analysis-of-victim-compensation-in-india.
- *An* Analysis *of Victim Compensation Schemes in India, IAS Score, https://iasscore.in/current-affairs/mains/an-analysis-of-victim-compensation-schemes-in-india.*

प्रकाशन संख्या: १२५


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैजु, काठमाण्डौ

फोन: ९७७-१-४०२७४४९/४५०२७४५१ फ्याक्स नं. : ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email: info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन: ९७७-१-५५३७५१६/५५४९०५७